सर्वाधिक बिक्री हुने
# साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका




● वर्ष १५ ● अंक ३५ ● काठमाडौं, शुक्रबार, माघ १, २०६६ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, Jan 15, 2010 ● पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु. १०/-



तस्बिर : नवराज थापा/ महेश प्रधान



# M जेनेरेसन

साप्ताहिकको यो अंकमा इन्फोटेक विशेष सामग्री समावेश छ ।

● विदुर खतिवडा

म्याडीसँग थुप्रै सपना छन्, किशोरवयको उत्तरार्द्धमा रहेका यी युवा हरेक दिनको प्रारम्भमा आफूलाई कसरी अपडेट राख्ने र नयाँ सपना देख्ने भन्नेतर्फ एकाग्र हुन्छन् । उमेर १९, बीएसडब्लुको पहिलो वर्षको अध्ययन र आधा दर्जन कोर साथीहरूको ग्रुप । बिन्डे अर्थात् विनोदले राखिदिएको उनको पछिल्लो तीनवर्षको म्याडी परिचयको कथा लामै छ । अहिलेलाई उनको वास्तविक नाम माधव अर्याल भनेर बुझ्े पुग्छ । मुभीमा खास लगाव राख्ने म्याडी रणवीर कपुरलाई आदर्श मान्छन् । त्यही भएर होला, अहिलेसम्म उनको तीन जनासँग डिप लभ परिसक्यो, अनि ती तीनै जनासँग ब्रेक अप पनि ! खेस्रा पनि म्याडीकै ग्रुपकी सदस्य हुन् । श्रेया खरेल उनको वास्तविक नाम हो, तर हाफडोजन ग्रुप (आधा दर्जन साथी) ले उनलाई खेस्रा नामले नै बोलाउँछ ।

हाफडोजन ग्रुपको परिचय अहिलेलाई यति नै । कुरा गरौं मोबाइलको । उनीहरू सबैसँग मोबाइल छ, त्यो पनि लेटेस्ट भर्सनका । एकले अर्कोलाई यति धेरै मिस गर्छन्, उनीहरूको कलहिस्ट्रीमा गएर हेर्‍यो भने मिस कलमा म्याडी, बिन्डे, खेस्रा नाम नै बढी देखिन्छन् । यसबाट थाहा हुन्छ, उनीहरू प्रविधिलाई आत्मसात् गर्ने अहिलेको पुस्ताका प्रतिनिधि पात्र हुन् । 'कलेजमा छुट्टिन नपाई साथीहरूलाई यति धेरै मिस गरिन्छ, मिस कल नहानी चित्तै बुझ्दैन,' खेस्राले साप्ताहिकसँगको कुराकानीमा भनिन्- 'सधैं ब्यालेन्स नहुने पीडा त छँदैछ, तँलाई म सम्झिरहेको छु है भन्ने जानकारी दिन पनि मिसकल त हान्नैपर्छ ।'

अब मनीको कुरा आयो, 'मनीको सर्टेज यति हुन्छ कि, सधैं पकेट सुख्खा नै हुन्छ ।' बिन्डे भन्छन्, तर आफ्नो इच्छा पूरा गर्न मनी म्यानेज भैहाल्छ । एमटिभी हेरेर हुर्किएको हाफडोजन ग्रुपलाई मनी कसरी म्यानेज हुन्छ भन्ने राम्रोसँग थाहा छ । उनीहरू विशेष अवसर (दसैं-तिहार) मा जम्मा गरेको रकम, खाजा खान र यात्राको लागि लिएको डेली पकेट मनी सेभ गरेर राखेको पैसा आफ्नो वा साथीको समस्या हल गर्न प्रयोग गर्छन्, तर ठूलो रकमचाहिँ घरबाटै लिने हो नि, म्याडीले भने– 'मैले मामुलाई त्याग गर्दा-गर्दा गरेपछि एनसेरिजको सेट किनेरै छोडें ।'

अघि नै कुरा भयो, एमटिभीको, पाश्चात्य शैलीको म्युजिकको लहर फैलाउन एमटिभीको ठूलै योगदान छ, त्यसकारण हाफडोजनका सबै सदस्यले म्युजिकमा लगाव बढाउन एमटिभी नै सम्झिए । म्युजिक त ज्यान हो नि, हाफडोजनका म्युजिक लिडर सन्डे (सन्देश) बोले, इन्टरनेटमा लिरिक्स सर्च हान्यो, अनि इङ्लिस म्युजिकमा रमायो । उनीहरू केही वर्षअघि आएको आइपडका पनि पारखी हुन् । अहिले त मोबाइल सेटको म्युजिक एक्सप्रेस नै ठीक छ, खेस्राले भनिन्, मन परेका गीत इन्स्टल गर्‍यो, अनि कानमा एयरफोन ठोसेर हिँड्यो, यसमा जति आनन्द अन्यत्र सायदै होला ।

'म्युजिक एक्सप्रेसभन्दा अघि एमपीथ्री र एमपिफोर पनि चलाइयो, बिन्डे भन्छन्, 'अब ती आउट डेटेड' यो ग्रुपमा नबोली बसिरहेका पोपोले पहिलो पटक मुख फोरे । उनले भने- 'मोबाइल म्युजिकभन्दा अगाडि एमटिभीकै कुरा गरौं है !' 'यसले भन्न लागेको कुरा म भनूँ ?' खेस्राले फेरि उनको मुखमा बुझो लगाउँदै भनिन्- 'पोपोले एमटिभीको पोपो नामकै भिजेबाट प्रभावित भएर आफ्नो नाम

बाँकी पृष्ठ ७ मा



मध्यपृष्ठमा
साप्ताहिक
## सुष्मा कार्की



## ● क्यासेट ●

### कुन्नी किन हो



गायक भीष्म अर्यालको पहिलो एल्बम 'कुन्नी किन हो' श्रोतामाभ आएको छ। लोक तथा दोहोरी गीतको यो एल्बमलाई अरुणिमा म्युजिक प्रा.लि.ले बजारमा ल्याएको हो। तीनवटा गीत समावेश गरिएको एल्बममा भीष्म अर्याल, राजु परियार, देवी घर्ती, खुमन अधिकारी तथा विष्णु माझीको पनि स्वर सुन्न पाइन्छ।

### द लाइफ



गायिका अनिला राईका आधुनिक गीतहरूको संग्रह 'द लाइफ' बजारमा आएको छ। बेलायतमा बसोबास गरिरहेकी गायिका राईको यो संग्रहका सबै गीतमा शान्तिराम राईले संगीत दिएका छन्। एउटा युगल गीतमा दीपक लिम्बुको समेत स्वर समेटिएको यो संग्रहका गीतहरू प्रतिमा श्रेष्ठ, तुलसी बस्नेत, नरेश भट्टराई तथा संगीतकार राईले रचना गरेका हुन्।

### सँगालेर आएँ



गीतकार जयराम क्षितिजका आधुनिक गीतहरूको नयाँ संग्रह 'सँगालेर आएँ' श्रोतामाभ आएको छ। मधुकर लोहनीका एकल स्वरहरू समावेश गरिएको यो संग्रहका गीतहरू शरण छिनामले संगीतबद्ध गरेका हुन्। सातवटा गीत तथा एउटा ट्र्याक समावेश गरिएको यो संग्रहको एउटा गीतमा गायिका लासिमित राईको पनि स्वर सुन्न सकिन्छ।

## ● रंगमञ्च ●

### नागदहमा सडक नाटक

ललितपुरस्थित ऐतिहासिक नागदहको अस्तित्व जोगाउने उद्देश्यले गत शनिबार नागदह परिसरमै एउटा सडक नाटक मञ्चन गरिएको छ। खैजडीको तालसँगै बालन श्लोकमा नागदहको बयान गर्दै सडक नाटक प्रारम्भ भएको थियो। नागदहको अस्तित्व संकटमा परेको सन्देश दिन मञ्चन गरिएको उक्त नाटकमा धापाखेल गाविसमा रहेका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सन्दर्भ जोडिएको नागदह किनारमै मञ्चन गरिएको थियो। मञ्जुश्रीले जमिन काटेर काठमाडौं उपत्यकाको पानी बाहिर निकाल्ने क्रममा नागदह तथा टौदहमा मात्र पानी रहेको प्रसंग समेटिएको उक्त नाटकलाई यात्रा समूहको सहयोगमा डबली थिएटरले मञ्चन गरेको हो। 'पानी सुकेर नागदहको अस्तित्व संकटमा पर्दैछ...नारायण हरिहर...' नाटकमा सूत्रधार बनेका नाट्यकर्मी राजन खतिवडाले खैजडी ठोक्दै उपस्थित दर्शकलाई सचेत गराउने क्रममा नाटकको सम्वाद बोले– 'लुगाफाटो धोएर, फोहोर मैला फ्याँकेर, रुखबिरुवा काटेर नागदहलाई खतरामा नपारौं...हरिहरि।' मन्दिर नै मन्दिरले घेरिएको, दैनिक रूपमा घुम्न आउने आन्तरिक पर्यटकको संख्या धेरै भएको तथा साइबेरियाबाट समेत चराहरू विचरण गर्न आउने नागदहको संरक्षण गरी त्यहाँको पानीलाई सिँचाइमा प्रयोग गराउन सहयोग पुऱ्याउनु नाटकको अर्को उद्देश्य थियो।

## ● ग्यालरी ●

### पनौतीमा तस्बिर प्रदर्शनी

१२ वर्षमा एकपटक लाग्ने राजधानीनजिकैको पनौतीमा आज शुक्रबारदेखि मकर मेला- २०६६ प्रारम्भ हुँदैछ। मेलाको पहिलो दिन नै मेला परिसरमा 'मकर मेला-६६' शीर्षकको तस्बिर प्रदर्शनी पनि आयोजना गरिँदैछ। प्रदर्शनीमा फोटोग्राफर प्रशान्त सिंहले खिचेका तस्बिरहरू राखिनेछ। बिहान १० बजे उद्घाटन हुने उक्त प्रदर्शनीमा पनौतीका ऐतिहासिक तथा पर्यटकीय महत्त्व भल्किने तस्बिरहरू समावेश गरिनेछन्। 'तस्बिरमा पनौतीका प्रायः सबै धरोहरलाई समेट्ने प्रयास गरिएको छ, फोटोग्राफर श्रेष्ठका अनुसार यो प्रदर्शनी फागुन २ गतेसम्म चल्नेछ।

### मनोविज्ञान चित्रकला

राजधानीमा यो साता मानसिक मनोविज्ञानमा आधारित चित्रकलाको प्रदर्शनी आयोजना गरिएको छ। अन्वेषण मनोविज्ञान नेपाल तथा रोकक्याट् क्लब अफ चारुमतीको संयुक्त आयोजनामा अघिल्लो शनिबारदेखि नेपाल ललितकला संघको ग्यालरीमा यो प्रदर्शनी प्रारम्भ भएको हो। प्रदर्शनीमा अन्वेषण मनोविज्ञानको पहलमा राजधानीका विभिन्न क्याम्पस तथा संघसंस्थाका ५५ जना कलाकारले बनाएका ६१ वटा चित्रकला समावेश गरिएका छन्। प्रदर्शनीमा राखिएका चित्र ६ वर्षे बालबालिकादेखि ६५ वर्षसम्मका चित्रकारले तयार पारेका हुन्।

## ● लाइभ ●

### जोसको कन्सर्ट

भोलि शनिबार पोखराको प्रदर्शनी केन्द्रमा जोस कन्सर्ट आयोजना गरिँदैछ। कन्सर्टमा सुगम पोखरेल, रेश्मा सुनुवार, नेत्र गुरुङ, रजनी राई, आयुश श्रेष्ठ, शोभित बस्याल आदि गायक-गायिकाका अतिरिक्त सांगीतिक समूह तन्त्रको पनि सहभागिता रहनेछ। दिउँसो १२:३० बजेदेखि प्रारम्भ हुने यो कन्सर्टको एनटिभी टुले प्रत्यक्ष प्रसारण गर्ने कन्सर्टका सञ्चालक दिनेश डिसीले बताए।

### गौरादहमा सांगीतिक कार्यक्रम

भोलि शनिबार झापाको गौरादहमा बृहत् सांगीतिक कार्यक्रम हुँदैछ। नेपालका चर्चित कलाकारहरूको सहभागिता रहने उक्त कार्यक्रम गौरादहस्थित गौरादह बहुमुखी क्याम्पसको प्रांगणमा हुनेछ। कार्यक्रममा रोज मोक्तान, मिलन लामा, कोमल वली, राधिका हमाललगायत दुई दर्जन गायक-गायिकाले गीत-संगीत प्रस्तुत गर्नेछन्। उक्त कार्यक्रममा जिरे खुर्सानी तथा मेरी बास्सैका कलाकार सीताराम कट्टेल, केदार घिमिरे, कुञ्जना घिमिरे, गोपाल नेपाल फिस्टे, शिवहरि पौडेल, किरण केसी आदिले दर्शकलाई प्रसहनमार्फत हँसाउने जिम्मा लिएका छन्। नेपाल रेडक्रस सोसाइटी उपशाखा गौरादहको भवन निर्माणको सहयोगार्थ आयोजना गर्न लागिएको यो रमाइलो कार्यक्रम दिउँसो १ बजेपछि प्रारम्भ हुनेछ।

### जारी छ सांगीतिक यात्रा

गत शुक्रबार पश्चिम नेपालको डडेल्धुराबाट प्रारम्भ भएको देशव्यापी सांगीतिक कार्यक्रम 'विविधताको उत्सव : एक सांगीतिक यात्रा' पूर्वको लाहान पुगेको छ। विभिन्न सांगीतिक समूहको सहभागिता रहेको यो कार्यक्रम भोलि शनिबार लाहान बजारमा सम्पन्न हुँदैछ। लिड इन्टरनेसनलले आयोजना गरेको यो कार्यक्रममा सांगीतिक समूह कुटुम्बका संगीतकर्मीले गीत-संगीत प्रस्तुत गरिरहेका छन्। यसबाहेक कार्यक्रममा मिथिला नाट्य परिषद् तथा स्थानीय कलाकारहरूको सहभागिता छ। संगीतको माध्यमबाट नेपालीहरूबीच भावनात्मक एकता गाँस्ने उद्देश्यले आयोजना गर्न लागिएको यो कार्यक्रम आगामी मंगलबार फिदिममा प्रस्तुत हुनेछ भने आगामी फागुन ७ तथा ८ गते राजधानीमा आयोजना गरिने कार्यक्रमसँगै यो यात्रा टुंगिनेछ।

### दुबईमा ल्होसार

तामाङ समाज दुबईको आयोजनामा आज शुक्रबार बरदुबईस्थित अस्टोरिया होटलमा ल्होछार सांस्कृतिक कार्यक्रम २०१० को आयोजना हुँदैछ। कार्यक्रममा अविनाश घिसिङ, चन्द्रकुमार दोङ, योगिता मोक्तान, शशिकला मोक्तान आदि गायक-गायिकाले गीत-संगीत प्रस्तुत गर्नेछन्। यो कार्यक्रम स्थानीय समयअनुसार दिउँसो ३:३० बजे प्रारम्भ हुनेछ।

### कतारमा प्रिमियर शो

बिदेसिएका नेपालीहरूको कथा-व्यथामा आधारित नयाँ नेपाली चलचित्र 'परदेशको जिन्दगी' को आज शुक्रबार कतारमा प्रिमियर सो हुँदैछ। कतारस्थित मुन्ताजा प्लाजासँगै रहेको होटल भेनिसमा चलचित्रको प्रिमियर शोसँगै नियमित प्रदर्शनी प्रारम्भ गर्न लागिएको हो। यो चलचित्रमा विनोद लामा, अमित बराइली, रामचन्द्र ढकाल, कोपिला राई, बिन्दु बिक, पार्वती लोहनी, बाबुराम परियार, भीमसेन सुनार आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। चलचित्रको अधिकांश छायांकन कतारमै गरिएको हो।

### खोटाङमा युवा महोत्सव

'प्रतिभाले अब फुल्न-फुल्न पाउनुपर्छ, युवा जागे, उठे मात्र नयाँ नेपाल बन्छ' भन्ने मूल नाराका साथ गत बुधबारदेखि प्रथम खोटाङ युवा महोत्सव प्रारम्भ भएको छ। माघ ३ गतेसम्म चल्ने महोत्सवमा युवा प्रतिभाहरूको खोजी गरिनेछ। जिल्लाका कुनाकाप्चामा रहेका युवा प्रतिभाहरूको पहिचान गर्दै अवसरबाट वञ्चित युवाहरूलाई अवसर प्रदान गर्ने अभिप्रायले खेलकुद, गीतसंगीतर साहित्यसम्बन्धी यो महोत्सवको आयोजित गरिएको कार्यक्रम संयोजक नूरकाजी सैंजुले बताए। महोत्सवका क्रममा महिला/पुरुष भलिबल, सितेरिय कराँते, तेक्वान्दो, म्याराथुन, धनुषवाण, चेस, नृत्य, गायन, साहित्यलगायत २७ विधामा प्रतियोगिता भैरहेको छ। महोत्सवमा सोलुखुम्बु, ओखलढुङ्गा, संखुवासभा, भोजपुर, उदयपुर आदि जिल्लाका हजारौं युवा प्रतिभा देखाउन खोटाङ पुगेका छन्।

## ● पुस्तक ●

### मुद्रा चिकित्सा

ओशोद्वारा काठमाडौंले प्रकाशित गरेको 'मुद्रा चिकित्सा' का लेखक ओशो सिद्धार्थ तथा डा. रमेश पुरी हुन्। पुस्तकमा औंलालाई विभिन्न मुद्रामा प्रयोग गरेर पनि विभिन्न रोगको उपचार गर्न सकिन्छ भन्ने कुरा प्रस्तुत गरिएको छ। यो पुस्तकमा मुद्रा चिकित्साका केही उदाहरणसमेत प्रस्तुत गरिएको छ। १ सय ६० पृष्ठको यो पुस्तकको मूल्य १ सय ६० रुपैयाँ छ।

### त्रिशूलीका किनारबाट


कवि श्याम रिमालका फुटकर कविताको संग्रह 'त्रिशूलीका किनार' बाट त्रिशूली प्रवाह साप्ताहिकले प्रकाशित गरेको हो। ६० वटा कविताको यो संग्रहमा कविले मानविय जनजीवनका महत्वपूर्ण पाटोहरू केलाएका छन्। संग्रहको मूल्य २ सय ५० रुपैयाँ छ।

### अक्षर, खुर्पा र खुकुरीहरु

कवि मणिराज सिंहका ५७ वटा फुटकर कविताको संग्रहलाई ज्योति साहित्य प्रतिष्ठान काठमाडौंले प्रकाशित गरेको हो। गद्य कविताहरूको यो संग्रहमा लेखकले सामाजिक परम्पराहरूविरुद्ध गरेका छन्। यो पुस्तकको मूल्य १ सय रुपैयाँ छ।


### नेपाली संगीतको एक शतक

भावक अभियान नेपालले प्रकाशित गरेको 'नेपाली संगीतको एक शतक' प्रकाश सायमिले लेखेका हुन्। प्रस्तुत पुस्तकमा नेपाली संगीतको एक दशकका रूपमा विक्रम संवत् १९६५ देखि २०६५ सम्मको कालखण्डलाई समेटिएको छ। उक्त अवधिमा नेपाली संगीतको आरोह अवरोह केलाइएको यो पुस्तकको मूल्य २ सय ५० रुपैयाँ छ।



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

मान-सम्मान पाइनेछ। महत्त्वपूर्ण काममा सफलता प्राप्त हुनेछ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। सानै प्रयासले पनि सोचेको क्षेत्रमा प्रवेश गर्ने अवसर मिल्नेछ। पराक्रमको गति तीव्र हुनुका साथै धन आर्जन पनि हुनसक्छ। सजिलै अरूको मन जित्न सकिनेछ। यात्रा रमाइलो हुनेछ।

### मिथुन

स्वास्थ्य कमजोर हुनसक्छ। काममा अवरोध आउनुका साथै चिन्ता बढ्नेछ। कुरा काट्नेहरू सक्रिय छन्। समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कन सक्छ। बुधवार र बिहीवार पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। मित्रहरूबाट राम्रो सहयोग हुनेछ।

### सिंह

काममा सफलता मिल्ने तथा धन आर्जन हुने योग छ। अधुरा काम पूरा हुनुका साथै नयाँ काम पनि पाइनेछ। पहिलो भेटमै अरूको मन जित्न सफल हुनुहोला। अध्ययनमा सफलता मिल्नेछ। बुधवार र बिहीबार स्वास्थ्य गडबड हुने, काममा अवरोध आउने तथा बिनाकारण विवाद बढ्ने योग छ।

### तुला

घरेलु समस्याले सताउनुका साथै मन पनि चञ्चल हुनेछ। कामको बीचमा अवरोधको सामना गर्नुपर्ला। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउनेछन्। सानो काममा पनि धेरै परिश्रम गर्नुपर्ला। अध्ययनमा सफलता मिल्नेछ। प्रेम गर्नेहरूका लागि समय प्रतिकूल रहनेछ।

### धनु

व्यवसाय बढ्नेछ भने काममा सफलता पाइने योग छ। अरूको विश्वास जित्न सकिनेछ। धन आर्जन पनि हुनसक्छ सोमबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा शरीरमा चोटपटक लाग्नसक्ने देखिन्छ। विश्वास गरेकाहरूले धोका दिनेछन्।

### कुम्भ

खर्च एवं विवाद बढ्नेछ। कुरा काट्नेहरू सक्रिय हुनेछन्। काममा अवरोध आउन सक्छ। मन अशान्त हुनेछ। झुटा आरोप पनि लाग्नेछ। समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कन सक्छ। सोमबारदेखि मान-सम्मान मिल्नेछ भने काममा सुधार आउनेछ। यात्रा रमाइलो हुनेछ।

### वृष

नैराश्यता एवं उदासीनता बढ्नेछ। कुरा काट्नेहरू सक्रिय हुनेछन्। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउन सक्छन्। विश्वास गरेकाहरूले धोका दिनेछन्।सोमबारदेखि समय राम्रो हुँदै जानेछ। पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूबाट सहयोग प्राप्त हुनेछ।

### कर्कट

काम गर्ने उत्साह बढ्नेछ। पहिलो भेटमै प्रभावित भै सहयोग गर्ने तत्परता देखाउनेहरू धेरै हुनेछन्। सानै प्रयासले पनि ठूलो काममा सफलता पाइनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। सोमबारदेखि स्वस्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ। पढाइ-लेखाइमा प्राप्त हुने सफलता भने कायमै रहनेछ।

### कन्या

गलत विचार बढ्नेछ भने काममा अवरोध आउनेछ। मनमा अनेक प्रकारका कुराले डेरा जमाउनेछ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। लेनदेनमा विवाद उत्पन्न हुन सक्छ। सोमबारदेखि काममा सफलता प्राप्त हुने एवं धन आर्जन गर्ने अवसर जुट्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुनेछन्। बोलीको प्रभाव बढ्नेछ।

### वृश्चिक

पराक्रम बढ्नेछ। अधुरा काम पूरा हुनुका साथै नयाँ काम पाइने सम्भावना पनि छ। मन प्रसन्न रहनेछ। आफन्तहरूबाट सहयोग पाइनेछ। अध्ययनमा प्राप्त हुने सफलता कायमै रहनेछ। रमाइलो यात्रा गर्ने अवसर जुट्नेछ। सोमबारदेखि मन अशान्त हुनेछ भने गलत विचार पनि बढ्नेछ। आम्दानीको तीव्रता भने कायमै रहनेछ।

### मकर

मान-सम्मान मिल्नेछ। भोजभतेरमा संलग्न हुने अवसर जुट्नेछ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। महत्त्वपूर्ण जिम्मेवारी पाइने योग छ। सानै प्रयासले पनि ठूलो काममा सफलता पाउनुहुनेछ। भाग्यको भरोसा गरे धोका हुनसक्छ। घरेलु कार्यमा खासै सफलता मिल्ने देखिँदैन। खर्च बढ्ने क्रम यथावत् भएकाले सजग रहनुहोला

### मीन

धन आर्जन गर्ने अवसर मिल्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूले सहयोग गर्नेछन्। अध्ययनमा सफलता प्राप्त हुनेछ। भेटघाटमा रमाउने अवसर जुट्नेछ। भोजभतेर एवं सभासम्मेलनमा तपाईंको प्रशंसा हुनेछ। विवाद एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने योग छ।

## यो साताको पञ्चाङ्ग

**माघ १ गते : मकर संक्रान्ति, सूर्य उत्तरायण हुने, रिडी, बुटवल, पनौती, देवघाटलगायत प्रमुख ठाउँहरूमा मकर मेला प्रारम्भ, आर्यघाटमा माधव नारायण मेला, थारु जातिको माघी पर्व, २ गते : सोनाम ल्होसार, ३ गते : विश्व धर्म दिवस, ६ गते : श्रीपञ्चमी, सरस्वती पूजा, रतिकाम पूजा।**

# यस्तो छ १६ औं क्यान इन्फोटेक



**विदुर खतिवडा/शिव मुखिया**

सूचना तथा सञ्चार प्रविधि क्षेत्रसँग सम्बन्धित बृहत् महोत्सव 'क्यान इन्फोटेक-२०१०' गत बुधबारदेखि प्रदर्शनी मार्गस्थित भृकुटी मण्डपमा प्रारम्भ भएको छ। कम्प्युटर एसोसिएसन अफ नेपाल (क्यान) को आयोजनामा राजधानीमा आयोजना हुने सबैभन्दा ठूलो एवं लामो यो महोत्सव आगामी सोमबारसम्म चल्नेछ।

सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा विकास भएका नौला प्रविधि तथा विभिन्न प्रविधिका पछिल्ला संस्करण यो मेलाका आकर्षण हुन्। बुधबार प्रधानमन्त्री माधवकुमार नेपालले एक कार्यक्रमका बीच डिजिटल प्रविधिको माध्यमबाट महोत्सवको उद्घाटन गरेका थिए। १६ औं संस्करणको क्यान इन्फोटेकमा सूचना, सञ्चार तथा मनोरञ्जन प्रविधिको क्षेत्रका बारेमा उपभोक्ताले प्रत्यक्ष लाभ उठाउने क्यानले बताएको छ।

'यसपटकको मेलामा विभिन्न कम्पनीले उपभोक्तालाई लक्षित गरेर छुटका प्रसस्त कार्यक्रम ल्याएका छन्, त्यसकारण मेला अवलोकनकर्ताले पर्याप्त फाइदा लिन सक्नेछन्' क्यानका अध्यक्ष सुरेश कुमार कर्णले भने- ६ दिने यो मेलामा विभिन्न कम्पनीका प्रतिनिधि, व्यवसायी र उपभोक्ताले एकै थलोमा रहेर छलफल तथा ज्ञान आदान-प्रदान गर्ने अवसर पनि पाउँछन्।

क्यानले इन्फोटेकलाई 'आइस' टेक्नोलोजी बृहत् महोत्सव नाम दिएको छ, 'इन्फरमेसन, कम्युनिकेसन र इन्टरटेनमेन्ट अर्थात् आइस' क्यानका महासचिव विनोद ढकालले भने- यी तीनवटै विधामा विकास भएका पछिल्ला संस्करणका उपकरण नै मेलाका आकर्षण हुन्।

क्यान इन्फोटेक अवलोकन गर्न ५० रुपैयाँ टिकटदर तोकिएको छ तर विद्यार्थीले आफ्नो परिचयपत्र देखाएर ३० रुपैयाँमा टिकट लिन सक्नेछन्। क्यानले हिंजो बिहीबार र आगामी सोमबारलाई बिजनेस डे बताएको छ। क्यानका अनुसार व्यवसायीहरूलाई लक्षित गरेर राखिएको बिजनेस डेमा काठमाडौं र काठमाडौं बाहिरका सूचना प्रविधि व्यवसायीहरूले कम्पनी तथा अधिकृत विक्रेताहरूसँग उपकरणको बारेमा पर्याप्त जानकारी लिनेछन्। क्यानले बिजनेस डेका दिन टिकट दर १ सय ५० रुपैयाँ हुनेछ।

**बाँकी पृष्ठ २१ मा**




## छोरीलाई पनि स्कुल पठाऔं ।






# नेपाललाई चन्द्रबाबु नायडु चाहिएको छ

**विद्यार्थी कालमा कम्प्युटर सञ्जाल, जागिरमा कठोर आदेशको पालन। २५ वर्षको उमेरमै सुरेश कर्णले सिकेको यी दुई मन्त्रले उनी आफ्नो क्षेत्रमा सफल छन्। २४ वर्षको उमेरमा भारतको मद्रासबाट इन्फरमेसन टेक्नोलोजीमा स्नातक गरेका सुरेशले २५ वर्षको उमेरमा प्रहरी निरीक्षकका रूपमा सुरक्षा निकायमा प्रवेश गरे। आईटी अध्ययन गरुन्जेल कम्प्युटर सञ्जालमा रुमलिएका कर्ण प्रहरी सेवामा प्रवेश गर्दा कठोर नियममा बाँधिएका थिए। पाँचवर्षे अध्ययन र चारवर्षे कडा नियममा काम गरेपछि उनलाई जीवनमा केही गर्न सकिन्छ भन्ने विश्वास पलायो। यही विश्वासका आधारमा प्रहरीको जागिर छाडेर कर्ण बैङ्किङ क्षेत्रमा प्रवेश गरे। नेपाल एसबीआईबैंक, बैंक अफ काठमाडौं हुँदै उनी अहिले कुमारी बैंकको आईटी प्रमुख छन्। कर्णले एक वर्ष यता क्यानको अध्यक्षता समेत गरिरहेका छन्। कम उमेरमै अध्यक्षता सम्हालेर त्यहाँको अव्यवस्थित कार्यशैलीलाई व्यवस्थित बनाएपछि उनको लोकप्रियता पनि बढेको छ।**



सुरेश कर्ण, अध्यक्ष, कम्प्युटर एसोसिएसन अफ नेपाल

**पहिले आईटी मात्र भनिन्थ्यो, अहिले आईसीटी भन्न थालियो, यो इन्फरमेसन टेक्नोलोजीमा नयाँ शब्द कहिलेसम्म थपिँदै जान्छ ?**

पहिले कम्प्युटरले डाटा राख्ने काम मात्र गर्थ्यो। अहिले यो विस्तार हुँदै सबैजसो प्रविधिका लागि अनिवार्य बन्दै गएको छ। हिजो इन्फरमेसनका रूपमा काम गर्ने भएकाले यसलाई आईटी भनिएको थियो, अहिले कम्युनिकेसन यसको अनिवार्य सर्त हुन थाल्यो। आई र टीका बीचमा कम्युनिकेसन पनि हुन थालेपछि यसको नाम आईसीटी भएको हो। अहिले मनोरञ्जनमा पनि आईटी अनिवार्य बन्न थालेको छ। फलस्वरूप यहाँ अझै एउटा आई थप्नुपर्ने आवश्यकता छ। आईटीको विस्तार कसरी भैरहेको छ, थपिएका शब्दले त्यसको संकेत दिन्छ।

**नेपालमा क्यानले गर्दै आएको इन्फो–टेकमा लाखौं मानिसको जमघट हुन्छ, यति ठूलो संख्यामा मानिस जम्मा हुनुको पछाडि के कारण हुन सक्छ, यसको जस क्यानले मात्र लिन मिल्छ ?**

प्रवर्द्धक र उपभोक्तालाई मिलाउने पुलका रूपमा काम गर्नु र यसमा लाखौं व्यक्तिको सहभागिता हुनुले यसको जस क्यानले लिनु स्वाभाविक हो। यद्यपि लाखौं मानिस यो मेलामा आउनुका पछि क्यानको मात्र योगदान छ भन्न मिल्दैन। संसारले कति प्रगति गर्‍यो, यो जान्न नसक्दा आफू पछाडि परिने हो कि भन्ने पीरले मानिसहरू मेलामा भेला हुने गरेका छन्। अर्को कुरा नेपाली परिवारका कोही न कोही विदेशमा छन्, उनीहरूले घरमा कम्प्युटर जोड्न, त्यसका प्रविधि बुझ्न परिवारलाई सल्लाह दिने गरेका छन्। त्यसका लागि यो मेला विशेष अवसर बन्ने गरेको छ। प्रत्येक वर्ष हजारौं युवा कलेजका उच्च तहमा भर्ना हुने गरेका छन्। यो पुस्ता इन्फरमेसन टेक्नोलोजीमा गहिरो रुचि राख्छ। यसबाहेक फेसबुकजस्ता सोसियल नेटवर्कका कारण पनि यसको चर्चा हुन्छ। यी सबै कारणले मानिस जम्मा हुने गरेका छन्। यो सबैको जस क्यानले लिन मिल्दैन।

**वर्षको एकपटक क्यानको चर्चा यसरी चल्छ, मानौं नेपालको गैरराजनैतिक क्षेत्रमा योभन्दा अर्को ठूलो कुरा अरू छैन ?**

तपाईंले भनेजस्तो क्यानले राजनीतिक घटना जत्तिकै महत्व पाउने गरेको छ। यो खुसीको कुरा हो। बुझ्नुपर्ने कुरा के हो भने जहाँ आर्थिक कारोबार हुन्छ, त्यसले पब्लिसिटी पाउँछ। क्यानले इन्फरमेसन टेक्नोलोजीको प्रचार एवं प्रवर्द्धनको काम उपत्यकाबाहिर पनि गर्छ, तालिम आदिको व्यवस्था पनि गर्छ, तर त्यसको चर्चा हुँदैन। मेलामा भने विश्वस्तरीय ब्रान्डको सहभागिता, उनीहरूले गर्ने खर्च, क्यानले पाउने राजस्व र खर्च, विभिन्न सञ्चारमाध्यमको सहभागिता आदि कारणले यसको चर्चा भएको हो। नेपालमा इन्फरमेसन टेक्नोलोजीको विकास एवं प्रवर्द्धन गर्ने एउटा मात्र निकाय भएकाले पनि यसको चर्चा ठूलो भएको हो।

**१५ वर्षदेखि यो मेला सञ्चालन भैरहेको छ, तर नेपालमा जुन गतिमा कम्प्युटर प्रविधिको विकास हुनुपर्ने हो, त्यो देखिँदैन। यसले मेला आयोजना गरेर पैसा कमाउनु मात्र क्यानको उद्देश्य देखियो नि ?**

यो मेलाको उद्देश्य क्यानको प्रशासनिक खर्च उठाउनु पनि हो। यसो भन्दैमा क्यानले नेपालको आईटीको क्षेत्रमा केही गरेको छैन भन्न मिल्दैन। वर्षभरि हामी कुनै न कुनै काम गरिरहेका हुन्छौं। आज आईटीका क्षेत्रमा जति काम भएको छ, त्यसमा निजी क्षेत्रको योगदान छ। क्यान निजी क्षेत्रकै संस्था हो। बरु सरकारले भने आईटी सेक्टरमा खासै ध्यान दिएको छैन। विज्ञान प्रविधि मन्त्रालयभन्दा गृह, अर्थ, ऊर्जा, सूचना तथा सञ्चार मन्त्रालय प्राथमिकतामा पर्नुबाट पनि सरकारले आईटी क्षेत्रलाई कसरी हेरेको छ प्रस्ट हुन्छ।

**संसारका कुनै पनि सरकारले देशको सुरक्षा, अर्थ व्यवस्थाभन्दा आईटीलाई महत्त्व दिँदैन। नेपालमा पनि यो नियम लागू हुँदैन र ?**

हामीले सबै काम सरकारले गर्नुपर्‍यो भनेकै छैन। सरकारले आईटी सेक्टरलाई सजिलो गरी काम गर्न सक्ने नीति बनाइदिए पुग्छ। देशमा शुद्ध राजनैतिक वातावरण, पूर्वाधारको विकास र विद्युतीकरण आईटी विकासका लागि महत्त्वपूर्ण कुरा हुन्। नेपाली इन्जिनियर धेरै क्षमतावान् छ, उनीहरूलाई काम दिन सकिएको छैन। यसबाट पनि सरकार यो क्षेत्रका बारेमा सोच्दैन भन्ने प्रस्ट छ।

**आईटीलाई माथि ल्याउन एउटा मन्त्री नै राम्रो भए पनि भैहाल्छ भन्ने धारणा आएको छ, तपाईंको विचारमा विज्ञान तथा प्रविधि मन्त्री कस्तो हुनुपर्छ ?**

भारतको हैदरावाद आज इन्फरमेसन टेक्नोलोजीको विश्वप्रसिद्ध सहर मानिन्छ। त्यहाँ लाखौं इन्जिनियरले रोजगार पाएका छन्। यसको जस त्यहाँका पूर्व मुख्यमन्त्री चन्द्रबाबु नायडुलाई जान्छ। उनी ल्यापटप बोकेर विश्वचर्चित कम्पनी माइक्रोसप्ट, आईबीएममा गएर आफ्नो राज्यमा ब्रान्च खोल्न आग्रह गर्थे। ती कम्पनीको आग्रहबमोजिम उनले विश्वप्रसिद्ध आईटी पार्क बनाए। उनी ती कम्पनीलाई भेट्नुअघि गम्भीर गृहकार्य गर्थे। त्यसका लागि उनले चर्चित इन्जिनियरलाई गुरु बनाएका थिए। आखिर उनको मेहनतले सफलता पाएरै छाड्यो। नेपालमा भने आईटी नबुझ्ने मन्त्री बढी भए। गणेश शाहजस्ता केही गर्न खोज्ने मन्त्रीहरू लामो समय मन्त्रालयमा बस्न पाएनन्। विज्ञान तथा प्रविधि मन्त्रालयमा आईटी बुझेको र केही गरेर देखाउने चन्द्रबाबु नायडुजस्तो मन्त्री चाहिएको छ।

**नेपालमा पनि ठूलो तामझामका साथ बनेपा आईटी पार्क बनेको थियो, तत्कालै हैदरवादजस्तै आईटी सेन्टर बन्छ भनेर दाबी गरिन्थ्यो, तर ती सबै गफमै सीमित भए, करोडौंको लगानी खेर गयो। गर्न नखोजिएको त होइन नि ?**

गर्न नखोजिएको होइन, तर गलत समयमा आईटी पार्क बन्यो। २६ करोड लगानी गरिएको बनेपा आईटी पार्क त्यसबेला बन्यो, जब माओवादी द्वन्द्व उत्कर्षमा थियो। संसारभर गलत सन्देश गयो। केही आउन लागेका कम्पनीलाई बन्द र हड्तालले हैरान बनायो। विदेशी इन्जिनियरहरूलाई सहयोगी वातावरण दिन सकिएन। अहिले पनि त्यो स्थितिमा सुधार आएको छैन।

बाँकी पृष्ठ ७ मा

६ महिना मै +2
तथा Math/Science/Test नदिईकनै S.L.C. पास !!
(Nios Delhi Board)
Arts Commerce Science
अन्तिम भर्ना !!
American/Nios (+2)
कक्षा ८, ९ फेल भए पनि SLC दिन पाईने, +2, 'A'Level फेल भएता पनि ६ महिनामै +2 पास गर्न सकिने, कुनै ५ विषय मात्र पास गरे पुग्ने, TU, KU तथा विश्व भरी मान्यता प्राप्त, जागीरे तथा गृहणीले घरमै पढेर पनि परीक्षा दिन सकिने, नेपाली तथा अंग्रेजीमा परीक्षा दिन पाईने ।
४/४ महिना मै IA/ICom Pass!! (TU)
SLC पास गरी विविध कारणले College पढ्न नपाएका तथा धेरै चोटी Back लागी असफल भएकाहरुका लागी IA/ICom पास गर्ने सुवर्ण अवसर !!
अंग्रेजी, Japanese, फ्रेन्च, जर्मन, Spanish कोरियन, हिब्रु भाषाहरु साथै Tution for SLC, +2, CBSE, 'A' Level, IA, ICom,BA, BBS, BBA, TOEFL, IELTS & All Computer Courses.
ओरियन एकेडेमी
सामाखुशीपुल: 4388400
9851021071
चावाहिल:2290690
नयाँ बानेश्वर:2160822
पोखरा:9846147694
डिप्लोम्याटिक एकेडेमी
कुमारीपाटी: 5549139, 9851021665

"Freedom for Learning"
के तपाई Math, Science /Test नदिई S.L.C. तथा ८ महिना मा +2 पास गर्न चाहानु हुन्छ ?
यदि चाहनु हुन्छ भने NIOS Board मा Sept. 2010 को लागि भर्ना खुल्यो !
विदेश पढ्न जान सजिलो ।
NIOS का बिशेषताहरु:
→5 Subjects पढे पुग्ने ।
→Class 10 मा Math, Science तथा Test दिनु नपर्ने ।
→नेपाल तथा World wide मान्यता ।
→नेपालीमा पनि Exam दिन पाइने ।
→SLC पास गरेको १ वर्ष Gap भए सिधै +2 पढ्न पाईने ।
→Nepal Goverment, HSEB र TU द्वारा Equivalent
→6/6 महिनामा Exam दिन पाईने । →नेपालीबाट पनि Exam दिन पाईने ।
Tuition Classes are also available for April 2010 of Eng., Eco., B/s, A/c.
WISDOM EDUCATION FOUNDATION
4238086/2340337 Bagbazar (एसिया पब्लिकेशनको अगाडि)

RJ VJ MC
उदघोषण तालिम
पुर्णरुपले practical र स्टुडियो केन्द्रित रेडियो, टेलिभिजन, प्राविधिक तथा पत्रकारीता तालिम
रेडियो कर्मीदारा संचालित उदघोषण तालिम केन्द्र
ख्याती प्राप्त संचारकर्मी दिनेश डि.सी.का साथमा
रुपेश श्रेष्ठ, मृदुला खनाल, मुनाल शिशिर
सन्तोष खनाल, केशबजङ्ग पाण्डे, नबिन लुँइटेल
अमित अधिकारी, हिरामणि तिमल्सिना
Winter Camp Special Discount
BIKALPA THE OPTION
फोन: ०१-२२९०१६८, ०१-४२४१७०९
बगबजार, काठमाडौं (श्रेष्ठ टेलरिङ्गको दाहिनेपट्टि)
विकल्प FM TIME मा कार्यक्रम चलाउने १००% ग्यारेण्टी

Welcome to Learn (free books/cassettes N practice time)
Language English [2&3 months package special/speaking classes]
Audio/Visual (in British/American tone) Lab
IELTS/TOEFL/VISA/Jop Interview pre.
Japanese/Chinese/French/Spanish/German/Korean/Nepali.....
Tuation All in One Master's, Bachelor's, School's N +2 Sub: Acc/Finance/Mgmt/English&More
+2 Acc.@650/-Course Complete
&Children package/ English b4 & after S.L.C.
Computer Basic- Advanced Wel-managed lang. & compt. lab.
Account/Office/Graphic/Webpage/Photoshop/Hardware/Nep.typing & others
कमजोर र नजान्नेहरुका लागि विषेश Help
OASIS Language&Computer Institute Galkopakha Thamel 4359170
MILLIEUX Beginning The Best Institute Thamel 4418912

LEGION Training & Education Consultancy
Phone :- 5555079
Mobile :- 9841704354
www.legion.edu.np

Confirm your appointment before visit office
New opportunity for new life...in French Army.
we can advice you for your new beginning !!!

# नयाँ प्रविधिको मेला



● शिव मुखिया

पछिल्लो समय सूचना-प्रविधिको क्षेत्रमा के-कस्ता उपलब्धि भए वा विश्वबजारमा कस्ता उत्पादन भित्रिए ? खोजी गर्न अन्त जानुपर्दैन । राजधानीमा जारी क्यान इन्फोटेक पुगे हुन्छ । सूचना-प्रविधि सम्बद्ध वर्षकै भव्य मेलामा नयाँ र अनौठो प्रविधिले अवलोकनकर्ताहरूलाई सजिलै लोभ्याउन सक्छ । पछिल्लो समयमा विकसित प्रविधिका विभिन्न स्वरूप त्यहाँ देख्न सकिन्छ ।

डिभी फोर ल्यापटपदेखि नेटबुकसम्म मोबाइलदेखि आइफोनसम्मका प्रविधिले मेला भरिभराउ छ । विभिन्न सफ्टवेयर, एन्टिभाइरस, डिजिटल क्यामेरा, पेनड्राइभ, इन्भर्टर, युपिएस, कम्प्युटर, एलसिडी टिभी तथा मनिटर, मोबाइलजस्ता प्रविधिका विकसित स्वरूपले इन्फोटेकको १६ औं संस्करणलाई नयाँपन दिएको छ ।

द हलमार्क इन्फोसिस प्रालिले १ दशमलव ५ देखि २ किलोग्राम तौलसम्मको नेटबुक सार्वजनिक गरेको छ । कम्प्युटर प्रविधिको यो नयाँ एवं विकसित स्वरूप हो । ल्यापटप र नोटबुकपछिको यो प्रविधिमा तुलनात्मक रूपमा बढी फिचर समेटिएको छ । हलमार्कको स्टलमा एप्पल कम्पनीले उत्पादन गरेको तीन मोडलको इपिसी नेटबुक देख्न पाइन्छ । त्यस्तै, पहिलो पटक पान्डा ब्रान्डको पेनड्राइभ पनि सार्वजनिक गरिएको छ । यो पेनड्राइभ चार गिगाबाइट क्षमताको छ ।



मोबाइलबाटै आफ्नो कार्यालयको गतिविधि नियाल्न सकिने प्रविधिले मेलाको आकर्षण थपेको छ । कार्यालयमा डिभिआर जडान गरेपछि इन्टरनेट सुविधा भएको मोबाइलबाट यस्तो गतिविधि नियाल्न सकिने सैलेश लोहनीले बताए । चीनको भेस्पो कम्पनीले उत्पादन गरेको डीभीआर अर्थात् डिजिटल भिडियो रेकर्डरलाई महत्त्वका साथ सार्वजनिक गरेको छ मेघाटेक पावर एन्ड कम्युनिकेसन सोलुसनले । सुरक्षाका लागि यो प्रविधिको प्रयोग गर्न सकिने कम्पनीको भनाइ छ ।

एउटै संस्थाको मुख्य कार्यालयदेखि विभिन्न शाखा कार्यालयहरूमा निःशुल्क सञ्चार सुविधा प्रवाह गर्ने प्रविधि पनि मेलामा सार्वजनिक गरिएको छ । भ्वाइस ओभर आइपी (भिओआइपी) प्रविधिवाट यस्तो सेवा सम्भव भएको हो । यो प्रविधिमार्फत वैधानिक रूपमै एउटा संस्थाको मुख्य कार्यालयदेखि शाखा कार्यालयहरूबीच निःशुल्क टेलिफोन गर्न सकिन्छ । भिओआईपीलाई आइड्रिम प्रोफेसनल प्रालिले सार्वजनिक गरेको हो ।

आईड्रिमले वेनक्यु ब्रान्डको तीन मिनी ल्यापटप पनि सार्वजनिक गरेको छ । टोय वुकलाइट यु-१०२ तथा टोय वुक एस-३५ मोडलको ल्यापटप नयाँ हुन् । मिनी ल्यापटपको मूल्य २७ हजार ५ सयदेखि ५० हजार रुपैयाँसम्म पर्ने आइड्रिमले जनाएको छ । मेलामा एचपी ब्रान्डको डिभी फोर ल्यापटप पहिलो पटक सार्वजनिक गरिएको छ ।

विगतको भन्दा शक्तिशाली सिसिटिभी मेलामा देखिने नयाँ प्रविधि हो । लिंकस कम्पनीले उत्पादन गरेको यो सिसिटिभी हाइटेक इन्जिनियरिङ प्रालिको स्टलमा उपलब्ध छ । त्यस्तै डिजिकम ब्रान्डको एडिएसएल राउटर, भिआईपी डिभाइसजस्ता प्रविधि पनि लिंक्सले सार्वजनिक गरेको छ । त्यहाँ अप्टिकल फाइबरका सम्बन्धमा पनि हेर्न, बुझ्न सकिन्छ ।

डेक्सटप कम्प्युटरकै मूल्यको ल्यापटप मेलामा उपलब्ध छ । इलेक्ट्रोनिक कम्युनिकेसन इन्जिनियरिङ प्रालिले सस्तो मूल्यको यो ल्यापटप उपलब्ध गराएको हो । त्यहाँ ३० हजार रुपैयाँमा ल्यापटप किन्न सकिन्छ । त्यस्तै त्यहाँ किड्सको एन्टिभाइरस पनि पाइनेछ ।

जे एन जेले पहिलो पटक सुजुकी ब्रान्डको ल्यापटप सार्वजनिक गरेको छ । ९ इन्चदेखि १७ इन्चसम्मका यी ल्यापटपमा पछिल्ला सबै फिचर उपलब्ध छ । ल्यापटपको मूल्य २६ हजारदेखि ९० हजारसम्म पर्ने बताइएको छ । इन्फोटेक कम्प्युटर प्रालिले इसिएस इलाइट ग्रुप मदरबोर्ड, ग्राफिक्स कार्ड, ट्रेडनेटको वायरलेस सामग्री, पगारियाको इन्भर्टर युपिएस, जेडनिथको डेक्स्टप कम्प्युटर सार्वजनिक गरेको छ ।

मेलामा एसर ब्रान्डको मदरबोर्ड देख्न पाइन्छ । नयाँ ब्रान्डका रूपमा यो मदरबोर्ड मारुती कम्प्युटर ट्रेडर्सले सार्वजनिक गरेको हो । मेलामा वायरलेस किवोर्ड, माउस पनि सार्वजनिक गरिएको छ । क्लिक नगरी औंला घुमाएर सञ्चालन गर्न सकिने माउस तथा आइम्याक डेक्सटप कम्प्युटरले पनि मेलामा नयाँपन थपेको छ । विश्वप्रसिद्ध ब्रान्डका ल्यापटप तथा डेक्सटपका पछिल्ला स्वरूप मेलाका थप आकर्षण हुन् ।


कम्प्युटरको हार्डवेयरका सम्बन्धमा घरमै बसेर सिक्न सकिने सफ्टवेयर मेलामा देख्न पाइन्छ । नेपालमै तयार गरिएको यो सफ्टवेयरको माध्यमबाट सहजै सफ्टवेयर बनाउने सीप सिक्न सकिन्छ । यसलाई नेपाली भाषामा तयार गरिएको छ । टचस्टोन इन्फोसिस प्रालिका माधव त्रिपाठीले तयार गरेका अन्य थुप्रै सफ्टवेयर मेलामा सार्वजनिक गरिएको छ ।

लोडसेडिङलाई लक्षित गरेर प्रदर्शित विद्युत् आपूर्तिका वैकल्पिक प्रविधिहरूले पनि अवलोकनकर्ताको ध्यान खिचेको छ । कार्यालय तथा घरायसी प्रयोजनका लागि थोरै मूल्य र सानो आकारको जेनेरेटर मेलामा उपलब्ध छ । सानो इन्जिनको यो जनेनेटर छरितो हुनाका साथै ध्वनिविहिन छ । १ केभिएदेखि ५ केभिएसम्मका यी जेनेरेटरको मूल्य १ लाख ४६ हजार रुपैयाँ सम्म पर्ने ओम्नी बिजनेस कर्पोरेटका पारस केसीले बताए । त्यस्तै ओम्नीले इन्भर्टर, युपीएस पनि सार्वजनिक गरेको छ । स्काइ नेपाल प्रालिले पनि एपिडी कम्पनीको युपिएस, इन्भर्टर मेलामा उपलब्ध गराएको छ । मेलामा मल्टिफंसन फोटोकपी देख्न पाइन्छ । रंगीन फोटोकपी सुविधासहित एउटै प्रविधिबाट फ्याक्स, प्रिन्ट गर्न सकिने यो उत्पादन कार्यालय प्रयोजनका लागि महत्त्वपूर्ण मानिन्छ ।



अटारी इन्टरनेसनलले ल्यापटप एसोसरिज प्रदर्शनीमा राखेको छ । अटारीले पहिलो पटक ल्यापटप ब्याट्री रिपेयरिङको सुविधा पनि सञ्चालनमा ल्याएको छ । नयाँ प्रविधिमा आधारित फोर डी थिएटरका बारेमा सम्पूर्ण जानकारी लिन पाउनु मेलाको अर्को आकर्षक पक्ष हो । नेपालमा पहिलो पटक सञ्चालित फोर डि मुभीका सम्बन्धमा क्रेजी एम्युजमेन्टबाट जानकारी लिन सकिन्छ । क्रेजीले मेलाको अवसर पारेर टिकटमा छुट पनि प्रदान गरिरहेको छ ।



The Flying Institute
announces Admission open for
Airhostess Training
Get trained from Nepal's No. 1 Cabin Crew instructor Ms. Shanta Shrestha
www.theflyinginstitute.edu.np
Call: 4465653, 9841278689
The Flying Institute P. Ltd.
Minbhawan, Kathmandu
Information Office: 4785609, New Baneswor
(Opp. of New Baneswor Department Store)

होटल तालिम विशेष छुटमा
२००३ मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
Worldwide valid Certificate
Japan, UK, Australia, Canada, Europen देशमा Working Visa, Student Visa मा जानेलाई Part time & Full time job को लागि SPECIAL CLASS भैरहेछ ।
COOK, WAITER, Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy etc.
ATHTIN बाट स्विकृत प्राप्त
- ३ महिने कुकमा FREE ENGLISH LANGUAGE
- थप Industrial Training लाई Star Hotel मा पठाइने
- आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
- जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने ।
- Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
Vissa Processing for Aboard Study U.K. Australia
र्‍याडीसन होटल ट्रेनिङ सेन्टर
बागबजार,पि.के.क्याम्पसपछिको दोस्रो घर रत्नपार्क तर्फ
4247165, 2200889, 9841-891131
साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Mangement and Toursim Nepal)
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरवोट मार्ग
2040782, 016200757, 98510-93629
र्‍याडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC को पानी ट्यांकी अगाडी
4464720, 9841-891131, 98510-93629

सौन्दर्यका सामान
- Height बढाउने (Yoko Japanese) - 1050/-
- मोटोपन घटाउने (Sauna Belt)
- अनुहार गोरो बनाउने (Roop Amrit)
- स्तन बढाउने, घटाउने साथै टाईट गर्ने (Cream)
- डण्डीफोर, चाया पोतो हटाउने (Cream)
- धुम्रपान, जाँड रक्सी छुटाउने, चाउरीपना हटाउने
- कपाल नझर्ने वा उमार्ने तेल (Herbal-44)
- एकमुखे रुद्राक्ष साथै हनुमान कवज
Free Home Delivery / 100% Guaranteed
Worldwide Shopping Centre
Newbaneshwor
(शंखमुल मार्ग, तयारी पोशाक संघको अगाडी)
Ph. 2290871, Mob. 9841506134

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिईन्छ
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center Pvt. Ltd. महाराजगञ्ज बसुन्धरा पुल· Ktm
Ph:- 4363215, 9721315801

खुल्यो ! खुल्यो !! खुल्यो !!!
१००% प्राक्टीकल
नेपालमै पहिलो पटक
CCTV, Security System, Fire alarm control system, Embedded System Design, Mastering 8051 Microcontroller तथा Electrical, Electronic विषयहरुमा अनुभवी इन्जीनियर तथा दक्ष प्राविधिकद्वारा प्रशिक्षणको तालिम खुल्यो । धमाधम भर्ना लिइदैछ. सिट सिमीत छ ।
प्राविधिक तालिम तथा अनुसन्धान केन्द्र प्रा.लि.
अद्वैतमार्ग, पुरानो बसपार्क, काठमाण्डौ
४२४६९३६, ९८०२०३१७६६

ENGLISH LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गरिँदैछ ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं ।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel :- 4249576

होटल तालीम अन्तर्राष्ट्रिय मापदण्डको
- Cook
- Waiter
- Bartender
- Housekeeping
- Front Office
- Coffee Making
- Bakery
- Caregiver
- Hotel Mgmt.
- F&B Mgmt.
- Airfare & Ticketing (Fare Calculation)
- Abacus, Amadeus, Galileo, e-ticketing
- Travel Operation
- Tour & Travel Mgmt
- 3/4/5 Star होटलहरुमा तालिम दिइने
- Abroad Study- UK, USA, Australia, Japan
Language: English & Japanese
बिदेश जानेहरूको लागि विशेष कोर्ष
Excel Academy of Tourism & Hotel Mgmt. Pvt. Ltd.
Ph: 4460956 Chabahil, Ktm (Near to Medicare)

# M जेनेरेसन



पृष्ठ १ बाट जारी

परिष्कृतलाई परिवर्तन गरेर पोपो बनाएको हो ।' हाफडोजन ग्रुपकै कतिपय सदस्यलाई यो गोप्य कुरा थाहा रहेनछ । 'मामु-बाबाले छोरो जन्मिएपछि आफ्नो जीवनशैलीमा परिवर्तन आएको संकेत दिन परिष्कृत नाम राख्नुभएको रे,' पोपोले भने- 'तर मैले पोपोको नाम सापटी लिएँ ।'

मोडर्न समय सुहाउँदो लाइफस्टाइलमा अभ्यस्त हुन सफल भएकाले नै उनीहरू मोर्डन पुस्ताका प्रतिनिधि पनि हुन् । चलेको फेसन, हेयर स्टाइल, मेकअप, ड्रेसअप आदिमा विशेष ध्यान दिने हाफडोजन ग्रुप मोर्डनाइजेसनलाई आफ्नै शैलीमा व्याख्या गर्छ । 'हामी पोस्ट मोर्डनाइज्ड जेनेरेसन हौं', फंकी गेटअपका पोपोले भने-'म्याक्सी, मिडीपछि मिनिस्कर्टको जमाना आयो, त्यसपछि माइक्रो मिनिस्कर्ट पनि आइसक्यो । अब यो डन्ट बेन्ड ओभर माइक्रोस्कर्टको जमाना हो ।' के हो डन्ट बेन्ड ओभर माइक्रोस्कर्ट ? पोपोले भने- 'यो त्यस्तो स्कर्ट हो, जुन स्कर्ट पहिरिने युवती आफूले बोकेको कुनै सामान भुइँमा झऱ्यो भने निहुरेर टिप्न सक्दिनन् ।' हाफडोजन ग्रुप आफै अट्टहासमा व्यस्त भयो ।

उनीहरू मोडलिङको क्रेजको पनि व्याख्या गर्न थाले । 'अहिले त आफ्ना लागि आफैं मोडल नि,' बिन्डे भन्छन्- 'रोल मोडल आ-आफ्नै भए पनि केही एक्स्ट्रा लुक दिन मन लाग्छ ।' 'एमटिभी मात्र होइन, हामी एफटिभी पनि हेर्छौं' मोडलिङमा अपडेट हुन एफटिभी हेरेको बताउने खेस्रा भन्छिन्- 'तर मामुले एफटिभी हेरेको मन पराइसिन्न ।'

'एम जेनेरेसनसँग टेक्नोलोजीका कुरा गर्न भनेर बसेपनि कुरा अन्तै मोडियो है ?' म्याडीले भने- 'अहिलेको पुस्ता मल्टिमिडिया टेक्नोलोजीसँग लगाव राख्छ भनेर लेख्नुस् न ।' प्रविधिसँग मनोरञ्जनको पनि नजानिँदो सम्बन्ध गाँसिएकै कारण मल्टिमिडिया टेक्नोलोजीअन्तर्गत कम्प्युटरमा काम गर्दै गीत-संगीत, भिडियो, चलचित्र तथा टेलिभिजन हेर्ने कुरा सहज भैसकेको उनीहरू बताउँछन् । 'कम्प्युटर, इमेल इन्टरनेटमा नलेज गेन मात्र होइन, इन्टरटेन पनि त्यत्तिकै हुन्छ', बिन्डे भन्छन्- 'होम थियटरमा हुफरको प्रयोगको मज्जा अर्को गजबको टेस्ट होइन ?' सेलेक्टेड गीत राखेको पेनड्राइभ, ल्यापटप वा डिभिडी प्लेयरमा घुसाएर म्युजिकको आनन्द लिने मामिलामा पनि हाफडोजन ग्रुप अग्रपंक्तिमै छ । खेस्रा भन्छिन्- 'अब त मोबाइल नै मल्टियुजेज डिभाइस भैसक्यो, संसार मोबाइलमा छ भन्दा फरक पर्दैन ।'

'एमएसएन म्यासेन्जरले अनलाइन च्याटको स्वाद चखायो', कुराकानीका मध्यक्रममा मोटरबाइकबाट उत्रिएर हाफडोजन ग्रुपमा मिसिन आइपुगेकी लेप्रो अर्थात् लुना पोखेलले भनिन्- 'मेरो मोबाइलले मोबाइलमै इन्टरनेट दिएपछि मोबाइलबाटै अनलाइन च्याटिङ गर्ने ट्रेन्ड बढ्यो, अहिले त मोबाइल च्याट वा मोबाइल म्यासेज लेख्न हातका औंलाहरू तीव्र गतिमा चल्छन् !' 'लेप्रो यो मामिलामा हामीभन्दा अगाडि छे,' पोपोले भने- 'उसको बीएफ युकेमा छ, अनि उसलाई बीएफको खबर सेकेन्ड-सेकेन्डमा चाहिन्छ, त्यसैले मोबाइल च्याटको महात्म्य सुनाइरहेकी छे ।'

अब कुरा आयो मोटरबाइकको, 'बजारमा आएका लेटेस्ट बाइक चढ्ने मन हुन्छ नि । तर समस्या 'डो' कै हो' सन्डेले भने- '६ महिनामा बाइक बजारमा क्रान्ति आइसकेको हुन्छ, तर घरमा बुझाउनै गाह्रो अनि पुरानै (१ वर्षअगाडि किनेको) लिएर हिँड्यो ।' 'मामुसँग जिद्दी गर्दा-गर्दा यो गधा किनेको, अब घोडा चढ्ने रहर छ,' उनले भने । उनको बाइक होचो भएकाले साथीभाइले त्यसलाई गधा नाम राखिदिएका रहेछन्, सन्डेका अनुसार उनलाई एक्सल चढ्ने इच्छा रहेछ, तर उनको हाइट छ जम्मा ५ फुट । मोटरबाइकमा वेतावसँग हुइकिने रहर भए पनि काठमाडौंको जाम हाफडोजनका निम्ति शत्रु बनेको छ । 'यसले त अहिलेसम्म हाइएस्ट ४० किलोमिटर प्रतिघण्टा बाइक कुदाएको होला' सन्डेतर्फ इंगित गर्दै म्याडीले भने- 'मैले त लास्ट इयर हेटौंडामा १ सय १० किलोमिटर प्रतिघण्टा कुदाएको थिएँ ।' खेस्रा र लेप्रोले ओठ लेप्राए, 'काठमाडौंको जाम यिनीहरूको जीवनरक्षाका निम्ति सही छ, नत्र त कुरा सुन्नुहोस् न, कस्ता कुरा गर्छन्,' उनीहरूले भने ।

टेक्नोलोजीले जीवनशैलीलाई मस्तीमा परिणत गरेको छ । टेक्नोलोजी नहुदो हो त लाइफस्टायल कस्तो हुन्थ्यो होला ? 'आम्मै, सोच्न पनि सकिँदैन नि' लेप्रोले भनिन्- 'एक दिन अनलाइन नहुँदा वा लोडसेडिङका कारण एकछिन मोबाइल स्विच अफ हुँदा म यो संसारमै छैन कि जस्तो लाग्छ ।' सहमत देखियो हाफडोजन ग्रुप यो कुरामा पनि । दिन-प्रतिदिन विकास हुँदै गएका नयाँ-नयाँ टेक्नोलोजीले साँच्चै नै हाम्रो जीवनलाई 'मस्तीमय' बनाइदिएका छन् । छिनछिनमा सबैको खबर थाहा पाइन्छ, एक मिनेटमै नयाँ योजना बनाउन सकिन्छ । योजना केही सेकेन्डमै सबैलाई इन्फर्म गर्न सकिन्छ, म्याडीले भने- 'न्यू इयर इभको पार्टीमा मस्ती गर्ने हाम्रो तुरुन्तैको प्लानलाई सहज बनाउन मोबाइलले पनि महत्त्वपूर्ण भूमिका खेल्यो, त्यसैले टेक्नोलोजीलाई हाम्रो सलाम !'

## फाइभ एमका कुरा

**यो एम जेनेरेसनको युग हो, यदि तपाईं आफूलाई अपडेट राख्न चाहनुहुन्छ र समय सुहाउँदो जीवनशैली बाँच्ने प्रयासमा हुनुहुन्छ, एम जेनेरेसनका केही महत्त्वपूर्ण पक्षका सम्बन्धमा जानकारी राख्नुहोस् । पहिलो मनी, जुनसुकै कामका निम्ति पनि मनी चाहिन्छ, चाहेको योजना साकार पार्नदेखि जीवनशैली सहज ढंगले चलाउनसम्म मनीकै मेन भूमिका रहन्छ । दोस्रो मेसिन, मेसिनसँग तपाईंको लगाव हुनैपर्छ । मेसिनले वस्तु उत्पादनदेखि जीवनशैली सहज बनाउनेसम्मका सेवा प्रदान गर्छ । अझ अहिले त डिजिटल मेसिनले मानव जनशक्तिको उपयोगलाई न्यूनीकरण गरिसकेकाले यो युगमा मेसिन उपकरणको प्रयोग सबैका निम्ति अनिवार्य भैसकेको छ । तेस्रो म्यानपावर, एम जेनेरेसनको युगमा म्यानपावर पनि त्यतिकै फास्ट हुन सक्नुपर्छ । मनी इन्भेस्टमेन्टमा मेसिनले उत्पादन गरेको सामानलाई म्यानपावरले मार्केटमा लैजान्छ । चौथो मार्केट, उत्पादित वस्तुको मार्केटिङका लागि मार्केट रिसर्च मुख्य कुरा हो । त्यस्तै मार्केटमा के नयाँ आएको छ र त्यसको उपभोगका सम्बन्धमा पनि उपभोक्ता जानकार हुनैपर्छ । पाँचौं, माइन्ड मानिसको दिमाग नै सबैभन्दा महत्त्वपूर्ण सम्पत्ति हो, माइन्डको उपयोग सही ढंगले गर्ने मानिस सधैं सफल हुन्छन्, सही-गलत छुट्याउने मात्र होइन, आफूलाई समयअनुसार परिष्कृत गर्न माइण्डलाई सधैं नयाँ खोजीमा डोऱ्याउनुपर्छ । आफूलाई म्याचोर्ड बनाएर सही म्यानेजमेन्टमा सञ्चालन गर्न सक्नु पनि प्रमुख कुरा हो ।**

# नेपाललाई चन्द्रबाबु नायडु चाहिएको छ

पृष्ठ ५ बाट जारी

फेरि ल्यापटप बोकेर कम्पनी धाउने, कन्भिन्स गर्ने मानिस पनि कोही भएन । यदि राजनैतिक सुधार हुने हो भने आईटी पार्कलाई सेन्टर अफ एक्सिलेन्सका रूपमा विकास गर्न सकिन्छ ।

**जुन देशका मन्त्रालयमा प्रविधिको प्रयोग भएको छैन, त्यो देशलाई आईटीको सेन्टर अफ एक्सिलेन्सका रूपमा विकास गर्न सकिन्छ भन्नु हास्यास्पद कुरा भएन र ?**

सपना नदेख्ने हो भने कहिलै माथि पुग्न सकिँदैन । रहृयो मन्त्रालयमा प्रविधि प्रयोग गर्ने कुरा, बजेट नभएकाले प्रविधि भित्र्याउन सकिएन भन्ने कुरा छ, तर भएको इमेलको प्रयोग गर्न नआउने फ्याक्स गरिदिनुस् भन्ने कर्मचारीहरू पनि छन् । एक पटक प्रविधि जोड्ने हो भने त्यसले पाँच वर्षमा सबै खर्च उठाउँछ । समय बचत हुन्छ । डकुमेन्टेसन गर्न सजिलो हुन्छ । यी कुरा एकाइसौं शताब्दीमा आएर भन्नु नै लाजमर्दो कुरा हो । यद्यपि यो सत्य कुरा हो । तैपनि ढिलो चाँडो हामीले प्रविधिमा जानै पर्छ भने किन ढिला गर्ने ?

**बाहिरबाट आलोचना गर्न सजिलो छ, क्यानले चाहिँ मन्त्रालयलाई के दियो ?**

मन्त्रालयले मागेको सल्लाह, सुझाव एवं सहयोग हामीले गरिरहेका छौं । आईटी पोलिसी बनाउन हामीले ८० प्रतिशत काम गऱ्यौं । मन्त्रालयले हामीलाई बोलाउनुभन्दा हामीचाहिँ मन्त्रालयलाई यो काम गर्नुपऱ्यो भन्न जान्छौं । यो भन्दा के गर्ने ?

**क्यान आफैं अव्यवस्थित छ भन्ने आरोप लागेको छ, आफैं अव्यवस्थित संस्थाले सरकारलाई कसरी सहयोग गर्छ ?**

हिजो केही समस्या थिए होलान्, तर आज धेरै समस्या समाधान भैसकेका छन् । मद्रासमा पढेको ज्ञान, प्रहरीमा सिकेको अनुसासन र बैंकमा गरेको कार्यान्वयन सबै ज्ञान मैले क्यानमा लगाएको छु । आज बैंकिङ सेक्टरले किन प्रगति गऱ्यो, त्यसको साक्षी म पनि हुँ । त्यसैले अब क्यानमा समस्या छैन । पहिले पारदर्शिताका समस्या थिए, त्यो समाधान गरेको छु । जुन कुरा पनि मौखिक र व्यक्तिगत पहलमा हुन्थ्यो । अहिले संस्था अघि आएको छ । विभिन्न नियमावली बनाएको छु । अब जुनसुकै व्यक्ति अध्यक्ष हुँदा पनि संस्था चल्ने अवस्थामा पुगेको छ । यसले हाम्रो वेट बढेको छ । हामी सक्षम भएपछि सरकारले पनि हाम्रो कुरा सुन्नुपर्ने बाध्यता भएको छ ।

**अहिले पनि आईटीसँग सम्बन्धित तथ्यांक क्यानले दिन सक्दैन, यो त कमजोरी भयो नि ?**

निकट भविष्यमै यो समस्या पनि हल हुन्छ । सरकारले दिनुपर्ने तथ्याङ्कहरू प्राइभेट सेक्टरले उपलब्ध गराउनुपर्ने दायित्व हो भने त्यो पनि चाँडै पूरा हुन्छ ।

-अश्विनी कोइराला

ब्युटीसियन कोर्स
नि:शुल्क
• नेपाल सरकारबाट मान्यता प्राप्त ।
• उत्कृष्ट एवं व्यवसायिक कोर्स ।
• रोजगारीको ग्यारेण्टी ।
• अनुभवी एवं दक्ष प्रशिक्षकहरूद्वारा तालिम दिईने ।
• विदेश जानेहरूको लागि Special Class
कोर्स: बेसिक, एड्भान्सड, डिप्लोमा, स्पेसल, हेयर ड्रेसिङ्ग, सर्ट कोर्सेस
ब्रीड अफ ब्युटि ट्रेनिङ्ग सेन्टर
फोन नं.: ०१-६२१८३९३
९८४१९१३५०६१ / ९८०८१६२९७१
चाबहिल चोक, काठमाण्डौ

The pioneer Air Hostess Training Institute in Nepal
Be an Air Hostess
Be a Flight Steward
My Dream My AHTI Thank You!
Admission OPEN
After successful training we provide Job Placement Assistant in Domestic & International Airlines
FREE Facilities
Swimming ■ Airport Familiarization
Stationery ■ Uniform & Scarf
Highly experienced instructors
Licence holder from CAAN
Air Hostess Training Institute (P) Ltd.
NECO Complex (Opp. BICC hall, Main Gate) New Baneshwor KTM.
Ph# 4783564, 2042030 E-mail: ahti@wlink.com.np

Language / Computer
English: Elementary, Intermediate, Advanced & Special Courses
(Supervised by P. Swoveet, free books, cassettes, audio-visual/ interactive method..)
Japanese/German/Chinese/French/Spanish.. classes
Computer: Basic/Advanced/Accnt./Graphic
TOEFL/IELTS/SAT/GRE Pre.
(Free Books/ materials/ Lab & Online practice/ weekly tests)
Study Abroad: USA, UK, Canada, Australia .. Wide range of courses, Free counselling ..
Language books/Cassettes/CDs/Video DVDs:
Easy Learning Language Book, Cassettes/CDs Basic to Advanced
Eagle Eye UN POL (SAT) Prepn. Book with audio CD Price: Rs. 280/-
Upto date Essays for TOEFL/IELTS 201 Essays Rs.188/-
Face to Face Language Videos Price: Rs. 160/-
Interactive English Language Videos Price: Rs. 260/-
Boost Vocabulary Enhance word power Basic to Advanced Price: 50 & 60/-
-OLC's Publications, ph. 4-247897
O'seas Academy (OLC) Head office Bag Bazar, 4-268945 OLC Jamal-Branch, 4-244741
(Institute run by P. Swoveet! Other institutes called OLC don't belong to us!)

# अब पर्सनल कम्प्युटर होइन ल्यापटप

**विदुर खतिवडा**

व्यक्तिगत प्रयोजनका निम्ति तपाईं ल्यापटप वा पर्सनल कम्प्युटरमध्ये कुन रोज्नुहुन्छ ? १० जनालाई सोधिएको यो प्रश्नमा ८ जनाले ल्यापटप नै रोजे । अब कुरा गरौं, दुई वर्षअघिको, प्रतिमहिना १० हजार पर्सनल कम्प्युटर बिक्री हुँदा १ हजार ल्यापटप बिक्री हुन्थ्यो । वर्ष २००९ मा नेपाली बजारमा पर्सनल कम्प्युटर प्रतिमहिना ५ हजार ५ सय बिक्री हुँदा ल्यापटप ४ हजार ५ सय बिक्री भएको तथ्यांक छ ।

नियोटेरिक नेपालका अजय साडेब्राका अनुसार वर्ष २०१० मा पर्सनल कम्प्युटर र ल्यापटप खरिदकर्ताको संख्या बराबर हुने निश्चित त छँदैछ, वर्ष २०११ मा ल्यापटपले पर्सनल कम्प्युटरलाई पछाडि पार्दै अग्रस्थान हासिल गर्नेछ । ल्यापटप सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा विकास भएको सबैभन्दा अद्भुत उपकरण हो । बोकेर हिँड्न मिल्ने यो कम्प्युटर मानिसको सबैभन्दा प्रिय साथी पनि बनेको छ । देश दुनियाँको खबर थाहा पाउनेदेखि हरेक पेसा र क्षेत्रका मानिसहरूका लागि काम गर्न यसको प्रयोग अपरिहार्य बन्नुले पनि ल्यापटपप्रतिको आकर्षण बढेको हो ।

'अहिलेको पुस्ता ल्यापटपलाई ग्लामरस उपकरणका रूपमा चिन्छ', सूचना तथा सञ्चार प्रविधिविज्ञ किशोर पन्तले भने- काम मात्र होइन, मनोरञ्जनका लागि पनि यो सानो डिभाइस त्यत्तिकै उपयोगी भएकाले यसको महत्त्व बढेको हो ।' लोडसेडिङले आक्रान्त बनाइरहेका बेला ल्यापटपको विद्युतीय ब्याकअप अर्को फाइदाको कुरा हो । ३ घण्टादेखि २४ घण्टासम्मको ब्याट्री ब्याकअप हुने भएकाले ल्यापटप खरिद गर्दा उपभोक्ताले सक्दो धेरै ब्याट्री ब्याकअपमा ध्यान दिनुपर्छ । पर्सनल डायरीका रूपमा पनि छरितो ल्यापटपको क्रेज बढ्दो छ, पन्तले थपे ।

'अध्ययन सकेर करियर विकासको पहिलो पाइला चाल्ने युवापुस्ता आर्थिक कमाइको पहिलो अंशबाट ल्यापटप खरिद गर्ने चाहना राख्ने युवा सूचना प्रविधिविज्ञ अंकुर शर्मा बताउँछन ।'

नेपाली बजारलाई नै हेर्ने हो भने, गत वर्ष यो समयमा मासिक २ हजार ५ सयसम्म ल्यापटप बिक्री भएकोमा यो वर्ष मासिक ४ हजार ५ ल्यापटप बिक्री हुन थालेको छ । नेपाली बजारमा ल्यापटपको खपत बढ्दै गएकाले ल्यापटप विकासकर्ता कम्पनीहरूले पनि नेपाली बजारमा चासो देखाउन थालेका छन् । अहिले प्रतिवर्ष कम्तीमा ३० हजार ल्यापटप उपभोक्ता बढ्दै गएका छन्, सूचना प्रविधिविज्ञ पन्त भन्छन्- 'उपभोक्ताले ३० हजार हालेर डेस्कटप कम्प्युटर लिनुभन्दा ३५ हजार हालेर ल्यापटप लिदा फाइदा देख्न थालेका छन् ।'

'नेपाली समाज सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा विकास भएका पछिल्ला उपयोगी उपकरणका फ्यान हुन थालेका छन्,' लेनोभो ब्रान्डको ल्यापटपको नेपालस्थित आधिकारिक विक्रेता साइबरनेटिक्सका प्रमुख कार्यकारी जेम्स न्याँच्छ्यों भन्छन्- फेसन ट्रेन्डका रूपमा ल्यापटप बोक्ने चाहना, त्यसकारण पछिल्ला दिनमा ल्यापटप किन्ने होड चलेको हो ।

'प्रारम्भमा सामान्य ल्यापटप किन्नेहरू पछि राम्रो स्वरूपको छरितो ल्यापटप बोक्ने चाहना राख्छन् ।' एचपी तथा एप्पल आइम्याकका लागि नेपालस्थित आधिकारिक विक्रेता नियोटेरिक नेपालका अजय साडेब्राका अनुसार ल्यापटपको मामिलामा विदेशीहरूझैं नेपालीहरू पनि चुजी देखिएका छन्, त्यसैले यहाँ आकर्षक बनौटका सानो आकारका ल्यापटपको बाहुल्यता छ । ल्यापटपका पछिल्ला संस्करणहरू सानो आकारमा आउनु तथा त्यसको कार्यक्षमता अघिल्ला संस्करणभन्दा धेरै हुनुले खरिद गरेको एक वर्षभित्रमै परिवर्तन गर्ने ट्रेन्ड पनि आइसकेको छ ।

ल्यापटप उपभोक्ता युवापुस्ता मात्र होइन, ४० कटेकाहरू पनि त्यत्तिकै छन् । बजारमा आएको नयाँ प्रविधिको उपकरण प्रयोग गर्नुपर्छ भन्ने मान्यता राखेका अधबैंसेहरू पनि ल्यापटपप्रति चासो राख्न थालेका छन् ।

'मोबाइल र ल्यापटपमा धेरै समानता छ', अर्का प्रविधिविज्ञ शंकर पोखरेलले भने- 'मोबाइल जसरी पर्सनल युजका निम्ति हुन्छ त्यस्तै ल्यापटप पनि पर्सनल युजका लागि हुने भएकाले एउटै परिवारभित्र पनि हरेक सदस्यसँग ल्यापटप हुन्छ ।'

अहिले साधारणतया दुई थरी मानिस ल्यापटपको खोजीमा आउने गरेको व्यवसायीहरू बताउँछन् । एउटा उच्च आर्थिक हैसियत राख्नेहरू, जो बजारमा आएको आकर्षक मोडलको ल्यापटप आफूसँग भएकोमा गर्व गर्छ, दोस्रो व्यस्त हुँदै गएको जीवनशैलीलाई सहज बनाउन ल्यापटप बोक्नेहरू । नेपाली बजारमा ३० हजारदेखि ३ लाखसम्मका ल्यापटप पाइन्छन् । कामकाजी मानिसहरू कम मूल्यमा बढी सामर्थ्यको ल्यापटप खोज्छन् । अहिले प्रायः सबै कम्पनीले नेटबुकको बजार विस्तारमा ध्यान दिएका छन् । इन्टरनेट प्रयोजनकै निम्ति तयार भएको नेटबुक पोर्टेबल हुनुका साथै आकर्षक लेआउटका साथ तयार गरिएका छन् ।

कतै घुम्न गएको बेलामा, आकर्षक पार्कमा बसेर वा घरमै टेलिभिजन हेर्दै ल्यापटपमा काम गर्नेहरूको संख्या उल्लेख्य छ । साधारणतया पर्सनल कम्प्युटर फिक्स स्थानमा हुने, तथा यसका लागि घर वा कार्यालयमा छुट्टै स्पेस हुनुपर्ने अवस्था भएकाले पनि त्यसको विकल्पमा मोबिलिटी ल्यापटपको प्रयोग बढेको हो ।

पछिल्लो अवधीमा कलेजहरूले सञ्चालन गरेका व्यावसायिक पाठ्यक्रममा प्रविधि पनि समावेश गरिएकाले अहिलेको पुस्तालाई प्रविधिको पछिल्लो संस्करणको उपकरणसँग बढी लगाव छ । नेपाली उद्योग सुहाउँदो दक्ष जनशक्ति उत्पादन गर्ने क्रममा विद्यार्थीलाई सूचना प्रविधि बेसको शैक्षिक कार्यक्रममा अध्यापन गराएका कलेजमा युवापुस्ताले कक्षा कोठामै ल्यापटप लिएर जाने ट्रेन्ड विकसित भएको कम्प्युटर एसोसिएसन अफ नेपालका अध्यक्ष सुरेशकुमार कर्ण बताउँछन् । पछिल्ला दिनमा औसतमा प्रत्येक नेपालीका घरबाट एक जना विदेश गएकाले पनि सहज सम्पर्कका लागि वेबक्यामसहितको ल्यापटप प्रयोगमा आउँछ ।

### सर्भिस सेन्टरको सुविधा

उपभोक्तालाई आकर्षित गर्ने उद्देश्यले विभिन्न ब्रान्डका ल्यापटपका नेपाली अधिकृत विक्रेता कम्पनीले नेपालमै सर्भिस सेन्टरको सुविधा पनि दिइरहेका छन् । त्यसकारण उपभोक्ताले ल्यापटप खरिद गर्ने बेलामा विदेशबाट कसैले बोकेर ल्याएको वा सामान्य खुद्रा पसलमा गलत ढंगले बिक्री गर्न ल्याइएका ल्यापटप खरिद गर्नुहुँदैन । एचपी र एप्पलका ल्यापटपको अधिकृत विक्रेताहरू काष्ठमण्डप एसिया इन्टरनेसनल र नियोटेरिक प्रालिले सर्भिस सेन्टरको सुविधा दिएका छन् । यस्तै लेनोभो ब्रान्डको काम गर्दै आएको साइबर नेटिक्सले पनि बिजुली बजारमा सर्भिस सेन्टर राखेको छ भने फुजित्सु र प्रोलिंक बिक्री गर्ने एसएचटीसीले शेर्पा मलमा सर्भिस सेन्टर राखेको छ । एमएसआईको आधिकारिक विक्रेता ओसन कम्प्युटरले न्युरोडस्थित कार्यालयमै सर्भिस सेन्टर सञ्चालन गरेको छ । मेघाटेकले न्युरोड, पुतलीसडक र विराटनगरमा ।



## बजारमा ल्यापटप

**नेपाली बजारमा एचपी, एप्पल, आईबीएम-लेनोभो, सोनी भायो, डेल, फुजित्सु, एसर, तोसिबा, एमएसआई, एचसीएल, विप्रो, एनईसी आदि ब्रान्डका ल्यापटप पाइन्छन् । नेपाली बजारमा सबैभन्दा बढी बिक्री हुने ल्यापटप ब्रान्ड कम्प्याक्ट-एचपी र आइबिएम-लेनोभो हुन् । एचपी, डेल, एप्पल, विप्रोका ल्यापटप बिक्री गर्ने नियोटेरिकले ७० प्रतिशत बजार आफ्नो भएको दाबी गरेको छ । साडेब्राका अनुसार १० प्रतिशत लेनोभो र १० प्रतिशत एसरको बजार छ भने बाँकी १० प्रतिशत अन्य कम्पनीको बजार छ । नेपाली बजारमा भित्रिएका ल्यापटप ६० प्रतिशत काठमाडौं र ४० प्रतिशत काठमाडौंबाहिर बिक्री हुन्छन् । महँगो ब्रान्डमा पर्ने एप्पल र फुजित्सुका ल्यापटप पनि पछिल्लो अवधिमा अन्य ल्यापटपजस्तै कम मूल्यमा उपलब्ध छन् । अन्य स्थापित ब्राण्ड सोनी भायो, एनईसी, एमएसआई हुन् । मेघाटेक प्रालिले एचसिएल ल्यापटप बजार प्रबर्द्धन गर्दै आएको छ । धेरै ब्रान्डका धेरै मोडलका ल्यापटप नेपाली बजारमा भित्रिएकै कारण यो बजारमा प्रतिस्पर्धा पनि बढ्दै गएको छ, फलस्वरूप दिन-प्रतिदिन मूल्य घट्ने त छँदैछ, उपभोक्ताले विशेष फाइदा पनि पाएका छन् ।**

## ल्यापटपले मन जितेको छ

**अजय साडेब्रा**
**महाप्रबन्धक, नियोटेरिक नेपाल**

एचपी, एप्पल, डेल, विप्रो ब्रान्डका ल्यापटप बिक्रीका लागि अधिकृत विक्रेताको अनुमति लिएको बताउने नियोटेरिक नेपालले नेपाली ल्यापटप बजारमा आफ्नो ब्रान्डको आधिपत्य रहेको दाबी गर्दै आएको छ। ल्यापटपको बजार विस्तार हुँदै गएको परिप्रेक्ष्यमा बजारमा सामसुङको ल्यापटप पनि भित्र्याउन सफल नियोटेरिकले क्यान इन्फोटेकमा एक्सक्लुसिभ अफरका रूपमा विभिन्न स्किम पनि सार्वजनिक गरेको छ। नेपाली बजारमा ल्यापटपको क्रेजका विषयमा नियोटेरिकका अजय साडेब्रासँगको कुराकानी :

**ल्यापटपको नेपाली बजार कस्तो छ ?**

अहिले सबै पेसामा संलग्नहरूका लागि ल्यापटप आवश्यक भैसकेको छ, त्यसकारण पनि ल्यापटपको बजार राम्रो छ । कामलाइ महत्त्व दिनुपर्छ भन्ने भावना विकास भएकाले पनि सहज ढंगले काम गर्न ल्यापटप आवश्यक उपकरण रहेछ भन्ने कुरा उपभोक्ताहरूले बुझिसक्नुभएको छ । त्यतिमात्र होइन, कम स्पेसमा काम गर्न तथा लोडसेडिङको अवस्थामा पनि निरन्तर काम गर्न ल्यापटप उपयोगी छ । गत वर्ष यही समयमा मासिक २ हजार ५ सय ल्यापटप बिक्री हुनेमा अहिले मासिक ४ हजार ५ सय बिक्री हुनुले ल्यापटपको क्रेजलाइ पुष्टि गर्छ । मूल्य सस्तो हुनुले पनि ल्यापटपको खरिद सहज भएको हो ।



**नेपाली उपभोक्ताहरूलाई कस्तो ल्यापटप राम्रो भनेर सल्लाह दिनुहुन्छ ?**

हामीकहाँ अहिले विद्युत् संकट छ, त्यसकारण पनि डेस्कटपको सट्टा ल्यापटपको बजार फराकिलो भएको हो । उपभोक्ताले ल्यापटपको ब्याट्रीसम्बन्धी अनभिज्ञताका कारण कम क्षमताको ब्याट्री भएको ल्यापटप किन्ने गरेको पाइन्छ । बजारमा थ्रि-सेल, सिक्स सेल तथा नाइन सेल ब्याट्री भएका ल्यापटप पाइन्छन् । जसको पावर ब्याकअप राम्रो छ, त्यस्तो ल्यापटप किन्नुपर्छ । त्यस्तै आकर्षक लुक्सको ल्यापटप लिँदा आफ्नो प्रतिष्ठा पनि झल्कन्छ । यसबाहेक आधिकारिक विक्रेताबाट खरिद गर्दा सर्भिस सेन्टरको सुविधा पनि पाइन्छ ।

**सर्भिस सेन्टर देखाएर उपभोक्ता तान्ने होड हो ?**

ल्यापटप उपभोक्ताका निम्ति सर्भिस सेन्टर एकदमै महत्त्वपूर्ण कुरा हो, ब्रान्डेड हुने भएकाले ल्यापटपमा हत्तपत्त समस्या आउँदैन, तर आइहाल्यो भने त्यो जटिल समस्या हुन्छ, त्यसैले नेपालमै सर्भिस सेन्टरको सूविधा पाइने ल्यापटप लिँदा राम्रो हो । हामीले सर्भिस सेन्टरमा ५ वटा ल्यापटप एक्स्ट्रा राखेका छौं, ग्राहकले समस्या भएको ल्यापटप लिएर आउँदा उसको ल्यापटपबाट आवश्यक सामग्री अर्को ल्यापटपमा सारेर उसलाई सर्भिस सेन्टरको ल्यापटप दिन्छौं, ताकि उनीहरूको काममा अवरोध नआओस् । समस्या आएको ल्यापटप तयार भएपछि ग्राहकलाई बोलाएर आफ्नै ल्यापटप जिम्मा दिन्छौं । अर्को कुरा, बाहिर सामान्य पसलबाट ल्यापटप खरिद गर्दा पावर एडप्टर, डिभिडी आरडब्लु तथा स्क्रिनजस्ता कुरामा वारेन्टी पाइदैन, तर हामी त्यसमा पनि १ वर्षको वारेन्टी दिन्छौं ।

**कुन उमेर समूहले ल्यापटपलाइ बढी मन पराउँछ ?**

१२ वर्षदेखि ७० वर्षसम्मका मानिसहरूले ल्यापटप चलाएको मैले देखेको छु । त्यसकारण सबैका निम्ति ल्यापटप आकर्षक उपकरण हो । आयस्रोतका दृष्टिकोणले २५ नाघेकाहरू, जो बढी व्यस्त हुन्छन्, उनीहरू ल्यापटपमा काम गर्न रुचाउँछन् ।

**भोलिको दिनमा डेस्कटप हराउला त ?**

डेस्कटप त कहिल्यै हराउँदैन । कार्यालय प्रयोजनका निम्ति डेस्कटप नै चाहिन्छ, तर व्यक्तिगत प्रयोजनका निम्ति सबैले ल्यापटप लिन्छन् । ल्यापटपलाइ पर्सनल नोटबुक पनि भनिन्छ, त्यसैले कार्यालयमा डेस्कटपमा काम गरे पनि ल्यापटप बोक्नेहरूको संख्या बढ्दै जानेछ ।

# मोबाइलको बढ्दो आकर्षण



**विदुर खतिवडा/शिव मुखिया**

कानमा टाँसेको बक्सजस्तो देखिने यन्त्रमा मानिसले कुराकानी गरेको देख्दा अनौठो मान्ने समय धेरै भएको छैन, करिब एक दशकअघिको कुरा हो यो । सर्वसाधारणको प्रयोगका निम्ति तत्कालीन नेपाल दूरसंचार संस्थानले मोबाइल सेवा सार्वजनिक गर्दा पनि यो उपकरणमा सम्भ्रान्तहरूको मात्र पहुँच थियो । सम्भ्रान्त परिवार तथा उच्च आयस्रोत भएका मानिसले पेटीमा अड्काएर मोबाइल बोकेको देख्दा यो उपकरणप्रति लोभिनेहरू पनि उत्तिकै थिए । हत्केलाभरको यो प्रविधि साथमा हुनुलाई प्रतिष्ठासँग जोडिन्थ्यो ।

नेपाल टेलिकमले मोबाइल फोनलाई सस्तो बनाएपछि मध्यम वर्गीय परिवारमा समेत यसको पहुँच पुग्यो, त्यतिमात्र होइन, इनकमिङ कल निःशुल्क भैसकेपछि र प्रिपेड



मोबाइल सेवा पनि आइसकेपछि सबैका निम्ति मोबाइल अत्यावश्यक मानियो । अहिले समयले यसरी कोल्टे फेरिसकेको छ कि, मोबाइल फोनविनाको जिन्दगीको कल्पना पनि गर्न नसकिने निष्कर्ष सर्वसाधारणले निकालिसकेका छन् ।

'तत्काल सञ्चार सम्पर्कका लागि मोबाइल फोनको प्रयोग सबै वर्ग र क्षेत्रका निम्ति आवश्यक भैसकेको छ,' कम्प्युटर एसोसिएसन अफ नेपालका अध्यक्ष सुरेश कर्ण भन्छन्- 'प्रोफेसर, डाक्टर, इन्जिनियरदेखि व्यवसायी, कर्मचारी, किसान, मजदुर, भरियासम्म सबैको जीवनशैलीलाई मोबाइल फोनले सहज बनाइदिएको छ ।'

'अति आवश्यक कामदेखि सामान्य कुराकानीका लागि पनि मोबाइल अपरिहार्य साधन बनेको छ ।' नेपाल टेलिकमका बजार प्रबन्धक प्रमोद प्रमार भन्छन्- 'कुनै समय सौखको साधन बनेपनि हिजोआज मोबाइल व्यावहारिक प्रयोजनका लागि उपयोग हुन्छ ।'

नेपाल दूरसञ्चार प्राधिकरणको पछिल्लो एमआइएस रिपोर्टअनुसार नेपाल टेलिकमले जीएसएम र सीडीएमए मोबाइल गरेर ४१ लाख लाइन वितरण गरिसकेको छ भने नेपाल टेलिकमकै थ्रिजी मोबाइलका उपभोक्ता ६ सय ८३ छन् । यसैगरी युनाइटेड टेलिकमको लिमिटेड मोबिलिटी सर्भिस अन्तर्गत १ लाख ९६ हजार लाइन वितरण गरिएको छ । युनाइटेड टेलिकमको ताररहित आधारभूत फोनका प्रयोगकर्ता ६८ हजार १ सय ९२ छन् । नेपाल टेलिकम पछि दोस्रो स्थानमा स्पाइस नेपालको मेरो मोबाइल फोनका प्रयोगकर्ता २१ लाख ४० हजार छन् । प्राधिकरणको तथ्याङ्कलाई आधार मान्दा नेपालमा ६३ लाख ४८ हजार मोबाइल लाइन वितरण भैसकेको छ ।

नेपालमा मोबाइल फोनको टेलिघनत्व हेर्दा २२ दशमलव ३६ प्रतिशत प्रयोगकर्ता देखिन्छन्, प्राधिकरणका अनुसार यस आधारमा प्रत्येक ५ जनामध्ये एक जना मोबाइल प्रयोगकर्ता भएको देखिन्छ । बजारमा अत्याधुनिक सेट आइसकेकाले मोबाइल फोन कुराकानीका लागि मात्र होइन, रेडियो-संगीत सुन्न, भिडियो हेर्न, तस्बिर खिच्न तथा इन्टरनेट चलाउन पनि उपयोगी बनेको छ । केही समयभित्रै वैंकिङ कारोबारदेखि सुरक्षाका लागि मोबाइल प्रविधि नै प्रयोग गर्न पाइने भैसकेको छ ।

अति आवश्यक काम देखि हाइहेल्लो गर्नलाई पनि मोबाइल फोन चाहिने भएकाले यो कुनै वर्गमा मात्र सीमित रहेन । दैनिक लाखौं कमाउनेदेखि अर्काको ढोका चाहरेर जीविका धान्नेहरूसम्म मोबाइलका प्रयोगकर्ता छन् । मोबाइल फोनलाई माध्यम बनाएर व्यवसाय सञ्चालन गर्ने ट्रेन्ड पनि विकास भैसकेको छ । नेपालमा मोबाइल अर्थात् ताररहित प्रविधिको फोनको राम्रो बजार भएकाले नै यो वर्षदेखि एसटिएम टेलिकम र स्मार्ट टेलिकमले आफ्नो सेवा प्रारम्भ गरेका छन् । चाँडै नै उपभोक्ताहरूले एसटीएम तथा स्मार्टको मोबाइल सेवा पनि प्रयोग गर्न सक्नेछन् ।

मोबाइल फोनको क्रेजकै कारण दर्जनौं ब्रान्डका सयौं मोडलका मोबाइल सेट बजारमा उपलब्ध छन् । 'उपभोक्ताले आफ्नो आयस्रोत र इच्छाबमोजिमको सेट खरिद गर्ने भएकाले पनि सबै ब्रान्ड र मोडलका मोबाइल फोनसेट हामीले बिक्री गर्दै आएका छौं', मोबाइल विक्रेता सिटिभीका प्रबन्ध निर्देशक अलाइभ ग्लाइडरले भने- 'मोबाइल सेट फेसन बन्दै गएकाले पनि यसको क्रेज कायमै छ । अहिलेसम्म हेर्दा मोबाइल सेटको मार्केट राम्रै छ ।' ग्लाइडरका अनुसार उनको सो रुमबाट मात्र दैनिक ५० वटासम्म मोबाइल सेट बिक्री हुन्छन् । विभिन्न ब्रान्डका नयाँ-नयाँ मोबाइल सेटबीच प्रतिस्पर्धा हुने भएकाले बजारमा आएका मोबाइल सेटको मूल्य दिन-प्रतिदिन घटिरहेको छ । विक्रेताहरूबीच प्रतिस्पर्धा



भएकाले पनि उपभोक्ताले फाइदा पाएका छन् । सोनि इरिक्सन मोबाइलका विक्रेता फ्युचर टेक क्रेटका बजरंग शर्माका अनुसार कम मूल्यका सेटहरूमा १ सय रुपैयाँसम्म नाफा राखिन्छ भने महँगो सेटमा ५ हजारसम्म नाफा लिइन्छ ।

नेपाली बजारमा १ हजार ६ सय रुपैयाँदेखि १ लाख ८१ हजार रुपैयाँसम्मका सेट उपलब्ध छ । नेपालमा धेरैजसो २ हजार ५ सय रुपैयाँ देखि २० हजारसम्मका मोबाइल फोन सेट बिक्री हुन्छन् । त्यसमा पनि ७ हजार देखि १० हजारसम्मका मोबाइल सेट



अत्यधिक बिक्री हुन्छन् । सिटिभीका अलाइभ ग्लाइडरका अनुसार विद्यार्थी र कर्मचारीहरूले ७ देखि १० हजारसम्म सेट लिने गरेका छन् ।

**बाँकी पृष्ठ २२ मा**




# झरना फेरि आइन्



रंगीन पर्दामा झरना बज्राचार्यको अभिनय हेरेर रमाउनेहरूका लागि एउटा खुसीको खबर छ। केही समय रजतपटमा राम्रै छाप छाडेर हराएकी झरना फेरि आउँदैछिन् दर्शकका बीचमा, त्यो पनि राम्रै भूमिकामा। आलोक नेम्वाङ निर्देशित चलचित्र 'कोही मेरो' मार्फत पुनः ठूलो पर्दाको चलचित्रमा छाउन लागेकी झरनाको यो कदमलाई सिनेकर्मीहरूले पनि राम्रो मानेका छन्, किनभने उनी चलचित्र वृत्तमा क्षमता भएकी नायिकाका रूपमा चिनिन्थिन्। चलचित्र क्षेत्रमा आफ्नो विशेष पहिचान बनाएकी झरनाले 'कोही मेरो' मा कस्तो काम गरेकी छिन् त्यो भने हेर्न बाँकी नै छ।

परे नि माया जालैमा, शुभकामनाजस्ता केही चलचित्र व्यापारिक रूपमा असफल भएपछि उनी नाम चलेका निर्देशकको रोजाइमा पर्न छाडेकी थिइन्। त्यसपछि केही म्युजिक भिडियोमा अभिनय गरेर चर्चामा आएकी झरना बेलायती नागरिकसँग मगनी गरेपछि अझ बढी चर्चित भइन्। म्युजिक भिडियो यात्रालाई भने उनले बीचको समयमा पनि निरन्तरता दिइन्। बहुचर्चित गीत नबिर्से तिमीलाई... को म्युजिक भिडियो हेर्नेहरू अझै पनि उनको प्रशंसा गर्छन्।



# भुवनका छोरा नायक

भुवन केसीले निर्माण गरेका पछिल्ला चलचित्रहरूमा निर्माताको ठाउँमा अनमोल केसीको नाम आइरहन्थ्यो। भुवनको पछिल्लो सुपरहिट चलचित्र 'म तिमी बिना मरिहाल्छु'ले हालै केटिभी फिल्म एवार्डमा सर्वोत्कृष्ट चलचित्रको पुरस्कार पाएपछि अनमोल नै उक्त एवार्ड लिन मञ्चमा पुगेका थिए। त्यसअघि आफूलाई सर्वदा जवान मान्दै आएका सदाबहार नायक भुवन केसीले आफ्ना छोरा अनमोललाई कुनै चलचित्र कार्यक्रममा सार्वजनिक गरेका थिएनन्। कुसुमे रुमाल-२ को प्रिमियरमा पनि भुवनले त्यसैगरी अनमोललाई लगेका थिए। वास्तवमा भुवन त्यसरी नै आफ्नो छोरा चलचित्रको नायक हुन योग्य छ भन्ने प्रमाणित गर्न चाहन्छन् जस्तो छ। हुन पनि सुस्मिता र भुवनका पुत्र अनमोल अब नायक हुन योग्य नै भैसकेका छन्। त्यसैले होला, भुवनले आफ्नो चलचित्र 'साथी म तिम्रो'मा आफूसँगै अनमोललाई पनि नायक बनाउने निधो गरेका छन्। उक्त चलचित्रका लेखक विकास आचार्यका अनुसार चलचित्रको कथाका मूल पात्र भनेकै भुवन र अनमोल हुन्। विगत तीन दशकदेखि नेपाली चलचित्रमा सदाबहार रूपमा राज गरिरहेका नायक केसीको पुत्र अनमोलले अबको पुस्तामा कस्तो प्रभाव पार्ने हुन् भविष्यकै गर्भमा छ। यद्यपि शिव रेग्मीको निर्देशनमा चलचित्रको छायांकन भने यसैसाता प्रारम्भ हुँदैछ।



# स्वामी निखिल

केही दिनअघि माओवादीले आयोजना गरेको तीन दिने बन्दको अवसरमा नायक निखिल उप्रेती ओशो तपोवनमा देखिए। बन्दको फाइदा उठाउँदै बेलुकाको समय पारेर तपोवन पुगेका निखिल बन्द सकिएपछि मात्र दिदीको घर फर्किए। पछिल्ला दिनमा श्रीमतीको साथ छोडेर दिदीको घर बस्दै आएका यी नायक तपोवन पुग्नुको कारण भने साधना हो। ध्यान साधनामा विश्वास गर्ने नायक उप्रेती पछिल्ला दिनमा स्वामी बन्ने ध्याउन्नमा छन्। जीवन दर्शनसम्बन्धी अध्ययन गर्ने निखिल फुर्सद पाउने बित्तिकै आध्यात्मिक साधनामा व्यस्त भैहाल्छन्। निखिलका अनुसार मानव जीवनमा साधनाको महत्त्व बुझ्नेहरूले मात्र यस्ता कुरालाई महत्त्व दिन्छन्। त्यसो त उनी फुर्सदको समयमा नजिकका साथीभाइमाझ जीवन दर्शनसम्बन्धी प्रवचन दिन थालिहाल्छन्। बोलक्कड शैलीका यी नायक आध्यात्मिक जीवनको महत्त्वका सम्बन्धमा प्रभावित पार्न पनि सफल हुने निकटस्थहरू बताउँछन्। काठमाडौंमा रहँदा प्रत्येक सोमबार पशुपति मन्दिरभित्र बसेर घन्टौं साधना गर्ने निखिललाई मृगस्थली क्षेत्रमा पनि ध्यानमा बसिरहेको देख्नेहरू थुप्रै छन्। त्यतिमात्र होइन्, सुटिङकै क्रममा पनि उनी कुर्सीमा बसेर ध्यान साधनामा लागिहाल्छन्।



# हराइन् सञ्चिता

नायिका सञ्चिता लुइँटेल बेलाबखत हराउँछिन्। एकपटकमा एउटा सेड्युअलमा मात्र काम गर्ने सञ्चिता कम चलचित्रमा अभिनय गर्ने भएकाले पनि हराइरहन्छिन्। यसपटक पनि उनी एकाएक बेपत्ता भइन्। उनको मोबाइलमा पटक-पटक सम्पर्क गर्दा माफ गर्नुहोला तपाईंले सम्पर्क गर्नुभएको मोबाइलको स्वीच अफ गरिएको छ भन्छिन् दूरसञ्चारकी मैयाँले। नजिकका मानिसहरूलाई पनि सञ्चिता कता गइन् भनेर सोधियो, कसैले पनि त्यसको उत्तर दिन सकेनन्। सञ्चिता अभिनीत माया त माया हो, प्रदर्शन भैरहँदा पनि उनी त्यसको प्रचारमा देखिइनन्। जब कि उक्त चलचित्रको प्रचारका निम्ति चलचित्रका नायक निखिल उप्रेती सहित निर्माता-निर्देशक र अन्य कलाकार विभिन्न स्थानमा पुगे। आखिर उनी गइछन् चाहिँ कता भनेर खोज्दै जाँदा स्रोतले भन्यो, उनी त विपश्यना ध्यानका निम्ति गएकी छिन्। चल्तापुर्जा नायिका एकाएक किन विपश्यना गइन् त ? स्रोतले भन्यो- त्यो त उनी फर्किएपछि नै सोध्नुपर्ला। कतै स्वामी निखिलको संगतका कारण त होइन ? स्रोतले भन्यो- 'त्यस्तो त होइन होला, किनभने पहिले पनि उनी एकाग्रता बढाउन मेडिटेसन गर्थिन्।'



# खुला विचारकी दीपाश्री

अभिनेत्री दीपाश्री निरौला खुला विचारकी छिन्। उनी आफूलाई मनमा लागेका कुरा नलुकाई भन्छिन्। यही मेसोमा दीपाले हालै आफूलाई प्रेमविवाह गर्न पाए हुन्थ्यो जस्तो लाग्छ भनेकी छिन्। दीपाले एउटा पत्रिकासँग आफूले खोजेको केटाको गुणको बखान त गरेकी छिन् नै त्यसमा थप उनले प्रेम विश्वास हो भने यौन गाढा माया हो पनि भनेकी छिन्। यद्यपि दीपा उच्छृंखल यौनलाई राम्रो मान्दिनन्। दीपा भन्छिन्- एक्काइसौं शताब्दीमा आएर यौनका बारेमा संकुचित धारणा राख्नुहुन्न। दीपाले त्यसमाथि एक कदम अघि बढ्दै भनेकी छिन्- मन मिले विवाहअघि यौनकार्य गरे हुन्छ तर जोसँग त्यस्तो सम्बन्ध हुन्छ उसैसँग विवाह गरे अझ राम्रो। पत्रकार पनि के कम ? उनलाई प्रश्न तेर्साइहाले- के अविवाहित दीपाले यौनको अनुभव लिइसकिन् त ? तर बाठी दीपा- यो नितान्त व्यक्तिगत कुरा कसैसँग सेयर गर्न चाहन्न, यसलाई गोप्य नै रहन दिनु बेस भन्दै पन्छिइन्।


तस्बिर : नवराज वाग्ले

## • लभगुरु •

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**म २२ वर्षीया युवती हुँ । ३ महिनादेखि मैले कसैलाई मन पराइरहेको छु तर थाहा छैन उसको मनमा के छ ? उसको आनीबानीका कारण म ऊप्रति आकर्षित हुँदै गएकी छु । पहिले हामीबीच फोनमा कुराकानी हुन्थ्यो तर केही महिनाअघि रोजगारीको सिलसिलामा ऊ भारततर्फ गयो । अहिले पनि कहिलेकाहीँ ऊसँग फोनमा कुराकानी हुन्छ । ऊ जति टाढा भयो त्यति नै उसको सम्झना आउन थालेको छ । म उसलाई एकदमै मन पराउँछु । मनको कुरा ऊसामु कसरी व्यक्त गरूँ ? राखे पनि के उसले मेरो प्रस्ताव स्वीकार गर्ला ? म अहिले उसलाई समस्यामा पार्न चाहन्न किनभने उसलाई अहिले एकदम दुःख छ र ऊसँग फुर्सद पनि छैन । एक वर्षपछि ऊ नेपाल आएपछि म आफ्नो मनको कुरा व्यक्त गर्न चाहन्छु । के यो सम्भव होला ?**

**–सो.**

जे तपाईंले बेहोरिरहनुभएको छ, सायद त्यसैलाई माया भन्छन् । तपाईंको पत्रअनुसार मायाको आगो तपाईंको मनमा मात्र होइन उनको मनमा पनि बलिरहेको छ तर कुनै बाध्यता (तपाईंले पत्रमा उल्लेख गर्नुभए अनुसार सायद आत्मनिर्भर हुने चाहना) का कारण ती युवकले तपाईंलाई आफ्नो मनको कुरा भन्न सकेका छैनन् । अहिलेको अवस्थामा उनको दुःखको एकमात्र कारण उनी वा उनको परिवारले बेहोर्नुपरेको दुःख (निश्चित आम्दानीको अभावमा सिर्जित समस्याहरू) हुनसक्छन्, त्यसैले ती युवकले आम्दानीको निश्चित गोरेटोमा आफ्नो यात्रा अघि बढाए भने तपाईंसमक्ष आफ्नो मनको कुरा व्यक्त गर्नेछन् । त्यसैले तपाईंले ती युवकसँग फोनमार्फत् सम्पर्क हुँदा उनको उज्ज्वल भविष्यको कामना गर्ने र आर्थिक रूपमा सबल तथा आत्मनिर्भर हुन प्रेरित गर्नुभयो भने ती युवकको मनमा तपाईंप्रतिको भावना अझ बलियो हुँदै जानेछ । तपाईंले बुझ्नुपर्ने कुरा के हो भने मायाको अर्को नाम प्रतीक्षा र भरोसा पनि हो । तपाईंको निरन्तरको आड र भरोसाले ती युवकको दुःखलाई कम गर्ने त छँदैछ, त्यसले तपाईंप्रति ती युवकको मनमा समेत अगाध स्नेह जन्माउनेछ ।

## • फिल्मी खबर •

### सम्पादनमा मार्‍यो नि...


निर्माणाधीन चलचित्र 'मार्‍यो नि मायाले मार्‍यो' को सम्पादनकार्य अन्तिम चरणमा पुगेको छ । राजेश हमाल, गीता अधिकारी, दीपक अधिकारी आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेको उक्त चलचित्रको निर्देशन एम.एस. अग्रजले गरेका हुन् ।

### मदन घिमिरे निर्माता

झन्डै २० वटा चलचित्रको निर्देशन गरिसकेका निर्देशक मदन घिमिरे निर्माता हुने भएका छन् । आफ्नै निर्माण तथा निर्देशनमा उनी चलचित्र बनाउँदै छन् । 'स्वाभिमान' शीर्षकमा निर्माण हुने घिमिरेको चलचित्रको हाल गीत रेकर्डिङ भैरहेको छ । महेश खड्काको संगीतमा आगामी शिवरात्रिको अवसर पारेर छायांकन थालिने उक्त चलचित्रमा विराज भट्ट एवं उनका भाइ कृष्ण भट्ट नायक रहने पक्का भए पनि नायिका तथा अन्य कलाकारको छनौट भने बाँकी नै छ ।

### फेरि कसम बनाइने

पन्ध्र वर्षजतिअघि निर्देशक दीपक रायमाझीले बनाएको चलचित्र 'कसम' शीर्षकमा फेरि चलचित्र बन्ने भएको छ । यसपटकको 'कसम'को निर्देशन लक्ष्मण रिजालले गर्दैछन् । रामप्रसाद रिजालले निर्माण गर्ने उक्त चलचित्रको हालै एक समारोहबीच शुभसाइत गरियो । माघ महिनादेखि छायांकन थालिने चलचित्र 'कसम'मा निखिल उप्रेती, सुमन सिंह, उषा पौडेल, सोभिता सिम्खडा, प्रदीप भट्ट, कमलकृष्ण, रामहरी सिलवाल आदि कलाकारले अभिनय गर्दैछन् । निर्देशक रिजाल तथा निर्माता रिजालले यसअघि लागूऔषध दुर्व्यसनमा आधारित चलचित्र 'वान डे' निर्माण गरेका थिए ।






# एक नायिका दुई उपाधि



हलिउड नायिका मेगान फक्सले एउटा सर्वेक्षणमा वर्ष २००९ कै सबैभन्दा कामुक नायिकाको उपाधि पाएकी छिन् । फक्सले कामुक नायिका मात्र होइन, एउटा अर्को सर्वेक्षणमा उनलाई सबैभन्दा नराम्रो अभिनय गर्ने नायिकाको श्रेणीमा पनि पहिलो स्थानमै राखिएको छ । चलचित्रसम्बन्धी वेबसाइट मुभीफोन डटकमले गरेको सर्वेक्षणअनुसार सबैभन्दा नराम्रो अभिनय गर्ने नायिकाको सूचीमा फक्सले बियोन्स नोल्स तथा हिलारी स्वांकलाई पनि पछाडि पारेकी छिन् । सर्वोत्कृष्ट कामुक नायिकाको सूचीमा पहिलो स्थानमा परेपछि आफू 'नराम्रो अभिनय गर्ने नायिका' को सूचीमा पहिलो नम्बर परे पनि आफूलाई चित्त नदुखेको उनले बताएकी छिन् । कामुक नायिकाको सूचीमा उनले जो सलडाना तथा सान्द्रा बुलाकलाई पछाडि पार्दै पहिलो स्थान हासिल गरेकी थिइन् ।

# नयाँ ह्यारी पोटरमा कामुक दृश्य



'ह्यारी पोर्टर' श्रृंखलाको नयाँ चलचित्रको निर्माण तीव्र गतिमा अघि बढिरहेको छ । केही महिनापछि नै दर्शकमाझ पुग्ने अपेक्षा गरिएको यो चलचित्रले निर्माणाधीन अवस्थादेखि नै चर्चा पाउन थालेको छ । एउटा समाचारमा जनाइएअनुसार नयाँ चलचित्रमा अत्यन्त कामुक दृश्य समावेश गरिएको छ । चलचित्रको एउटा दृश्यमा नायक डेनियल रेडक्लिफ तथा नायिका एमा वाट्सन बिल्कुलै नांगा भएका छन् । चलचित्रका निर्देशक डेविड येट्सले नै यो कुराको रहस्योद्घाटन गरेका हुन् । नयाँ चलचित्रमा ह्यारी पोर्टर आफ्ना साथी रोन (रुपर्ट ग्रिन्ट) सँग एउटा विशालकाय दैत्यको सामना गर्छन् । त्यही क्रममा ह्यारीको 'न्यूड सिन' चलचित्रमा समावेश गरिनेछ । चलचित्रमा ह्यारी पोर्टरलाई एमाको मायामा पागल भएको देखाइएको छ । चलचित्रको कथाअनुसार सोही दैत्यले रोनलाई ह्यारी तथा एमाबीचको नांगो शरीरको क्रियाकलाप देखाउँछन् । ह्यारीको यसअघिको चलचित्रमा पनि ह्यारी तथा एमाबीचको चुम्बन दृश्यले निकै चर्चा पाएको थियो ।

# सिक्स प्याकको दौडमा



चलचित्रको पर्दामा शाहरूख खान, आमिर खान, शाहिद कपुरजस्ता बलिउड अभिनेताहरूको सिक्स प्याक शरीरको जादुपछि सिरियल किसरको उपनाम पाएका अभिनेता इमरान हासमी पनि यो सूचीमा सहभागि हुँदैछन् । आफ्नो नयाँ चलचित्र 'वन्स अपन अ टाइम इन मुम्बई' मा इमरान सिक्स प्याक लुकमा प्रस्तुत हुनेछन् । जानकारहरूका अनुसार यो लुकमा बलिउडले इमरानको नयाँ अवतार प्राप्त गर्नेछ र उनको अभिनय पनि फरक हुनेछ । सिक्स प्याक शरीर प्राप्त गर्न इमरान हिजोआज कडा शारीरिक प्रशिक्षणमा जुटेका छन् ।

# सलमानको बानीले साठी लाख खर्च गरायो



अभिनेता सलमान खान अभिनीत चलचित्र 'वीर' का निर्माताले उनको बानीका कारण ६० लाखभन्दा बढी खर्च बेहोर्नुपरेको छ । उनको मद्यपान गर्ने बानीका कारण उक्त खर्च बेहोर्नुपरेको भने होइन । त्यसो त मद्यपान, लेट नाइट पार्टी, राति अबेर सुत्ने उनको बानीमा सुधार आएको पनि छैन । यही बानीले उनको मुहारको छाला प्रभावित भएको छ । आँखामुनि डार्क सर्कल, मुहार फुलेको देखिने आदि समस्या पनि उनमा देखिन्छ । यी कुरा चलचित्रको पर्दामा देखा नपरून् भन्ने उद्देश्यले सलमान अभिनीत चलचित्र 'वीर' का निर्माताले उनको लुकलाई डिजिटल प्रविधिको सहयोगमा सुधार गर्नुपर्‍यो । जसका लागि ६० लाख रुपैयाँ अतिरिक्त खर्च भयो ।



# ऋतिक र ऐश्वर्याको गायन

बलिउड सिल्भर स्क्रिनमा अभिनेता ऋतिक रोशन र अभिनेत्री ऐश्वर्या राय बच्चनको जोडीलाई हिट जोडी मानिन्छ । कारण रोशन-राय अभिनीत धुम टु र जोधा अकबर दुवै सफल भएका थिए । चलचित्र त सफल भए नै, दर्शकले ऋतिक र ऐश्वर्याको जोडीलाई पनि उत्तिकै रुचाए । यी अभिनेता अभिनेत्रीको जोडदार अन स्क्रिन केमिस्ट्रीलाई निर्देशक संजय लिला भंसालीले आफ्नो आगामी चलचित्र गुजारिसमार्फत् पुनः दर्शकमाझ ल्याउने भएका छन् । यसका अतिरिक्त उक्त चलचित्रमा ऋतिक र ऐश्वर्याको गायन पनि सुन्न पाइनेछ । चलचित्रको गीतमा पहिलो पटक स्वर दिएका ऋतिक र ऐश्वर्याका लागि यो फरक अनुभव हो । प्रशंसकहरूका लागि यो खुसीको खबर हुनसक्छ भने चलचित्र गुजारिशका निर्माता-निर्देशकलाई यो चलचित्रको पब्लिसिटीको राम्रो अवसर साबित भएको छ ।

# उस्तै सौन्दर्य



हलिउडकी चर्चित नायिका पामेला एन्डरसनलाई चर्चामा आउन खासै गाह्रो छैन । उनका हरेक गतिविधि चर्चामा रहन्छन् । आफ्नो मादक सौन्दर्यका कारण सदैव चर्चामा रहने नायिका एन्डरसन आज पनि पहिलेजत्तिकै उत्तेजक छिन् । यी ४२ वर्षीया नायिका भन्छिन्– 'एकताका दर्शकले अत्यन्त मन पराएको टेलिश्रृंखला 'बेवाच' मा मेरा लागि डिजाइन गरिएको पहिरन मलाई आज पनि फिट हुन्छ ।' ती पहिरन करिब १३ वर्षअघि नै तयार पारिएका हुन् । एउटा अंग्रेजी वेबसाइट डेली स्टारका अनुसार पामेला अहिले पनि ती पहिरन लगाउँछिन् । 'ब्वाइफ्रेन्डलाई रिझाउनुपर्‍यो भने म बेवाचकै पहिरन लगाउँछु', पामेलाले भनेकी छिन् ।

केवल एक प्रश्न

# तपाई अनुमान गर्न सक्नुहुन्छ, मोबाइलबिनाको जीवन कस्तो होला ?



ओहो ! कस्तो अचम्मको प्रश्न सोध्नुभएको । ला...मोबाइल नै भएन भने त हाम्रो जीवन कसरी चल्छ होला र ! अहिले मोबाइलबाट नै सबै काम हुन्छ । आफै दौडेर गर्नुपर्ने काम पनि मोबाइलले नै गरिरहेको हुन्छ । मलाई त मोबाइलबिना जीवन नै चल्दैन जस्तो लाग्छ ।

**योगिता महर्जन (मिस नेवाः २००९)**

अँ...मोबाइलबिनाको जीवन त निकै गाह्रो भैहाल्छ नि । त्यसो त पहिले मोबाइल र टेलिफोन नहुँदा पनि जीवन चलिरहेको थियो तर अहिले आएर यो मानव जीवनकै सबैभन्दा अत्यावश्यक वस्तु बनेको छ । मोबाइलबिनाको जीवन त बाँच्नै गाह्रो हुन्छ जस्तो लाग्छ ।

**श्रेया सोताङ (गायिका)**

मोबाइलबिनाको जीवन ? अहिलेको अवस्थामा त अन्धकार नै हुन्छ जस्तो लाग्छ किनभने मोबाइलमै संसार अटाएको छ । हामी दैनिक जीवनका अधिकांश कार्य मोबाइलबाटै गरिरहेका हुन्छौं । त्यसैले मोबाइलबिनाको जीवन त म कल्पना समेत गर्न सक्दिनँ ।

**ऋषिराज आचार्य (निर्देशक)**

त्यसो त पहिले-पहिले मोबाइलबिना पनि जीवन चलेकै थियो तर अहिले आएर यो मानव शरीरकै अभिन्न अंग बन्न पुगेको छ । यतिबेला मलाई मोबाइलबिनाको जीवन ब्यालेन्स र चार्जबिनाको मोबाइल जस्तै लाग्छ ।

**हिमाल सागर (गायक)**

रमाइलो प्रश्न सोध्नुभयो ! मेरो विचारमा मोबाइलबिनाको हाम्रो जीवन मरुभूमिमा पानी नपाएर छट्पटिएको माछा जस्तै हुन्छ । म त मोबाइलबिनाको जीवन कल्पना नै गर्न सक्दिनँ ।

**विवेक श्रेष्ठ (कोरियोग्राफर)**

• मेरो अनुभव •



## डि-सिनेमा

निरक पौडेल (चलचित्र निर्देशक)

डिजिटलाइज्ड गरिएका चलचित्र प्रदर्शनमा क्युब वा युएफओले सजिलो बनाएको छ । एकैपटक धेरैभन्दा धेरै चलचित्र भवनमा एउटै चलचित्र प्रदर्शन गर्न सकिने प्रविधिका नाम हुन् क्युब तथा युएफओ । वास्तवमा यो 'डि सिनेमा' प्रविधि हो । विश्वभरिका ६५ प्रतिशत जति चलचित्र भवनमा यस्ता प्रविधि जडान गरिएका छन् । खासमा भन्ने हो भने संसारभरि आधा दर्जन जति नाममा यस्ता टेक्नोलोजीको प्रयोग भैरहेको छ । क्युब वा युएफओ पनि 'डि सिनेमा' प्रविधिका दुई नाम हुन् । मैले थाहा पाएसम्म 'डोरेमी' नाममा यस्तै अर्को प्रविधि पनि छ । नेपालमा 'युएफओ' भन्दा 'क्युब' पछिल्लो विकसित प्रविधि हो जसलाई हाम्रो कम्पनी गोपीकृष्ण मुभिजले सञ्चालन गरिरहेको छ । मैले निर्देशन गरेको चलचित्र 'कुसुमे रुमाल- दुई' पनि यही प्रविधिबाट प्रदर्शनमा आएको थियो । उक्त चलचित्रलाई एकैपटक नेपालभरिका अठारवटा हलमा प्रदर्शन गरिएको थियो । पछिल्लो पटक चलचित्र 'कहाँ छौ कहाँ' पनि त्यसैगरी प्रदर्शन गरिएको छ ।

हिन्दी चलचित्र 'थ्रि इडियट्स' र 'प्यार इम्पोसिबल' पनि यसैगरी प्रदर्शनमा ल्याइएको हो । यस्तो प्रविधिले चलचित्र प्रदर्शन सरल भएको छ । 'डि सिनेमा' मार्फत चलचित्र प्रदर्शन गर्न चलचित्रलाई हार्डडिस्कमा अपलोड गर्नुपर्छ । सम्बन्धित कम्पनीले मेन सर्भर भएको ठाउँमा चलचित्रलाई हार्डडिस्कमा अपलोड गरेपछि 'डि सिनेमा' जडान भएका हलहरूमा त्यसको 'केडिएम' अर्थात् पासवर्ड पठाइन्छ । पासवर्ड इन्टर गरेपछि मेन सर्भरबाट चलचित्र प्रदर्शन हुन्छ । यो प्रविधिमा चलचित्रको 'पाइरेसी' गर्न गाह्रो हुन्छ । यहाँ कतिपय मानिसले स्याटेलाइटबाट कनेक्सन गरेर टेलिभिजन च्यानल प्रसारण गरिए जस्तो प्रविधिलाई क्युब अथवा युएफओ भनेर अर्थाउँछन् । वास्तवमा त्यो सही हो तर टेलिभिजन च्यानल प्रसारण गरिए जस्तोभन्दा पनि इन्टरनेट चलाए जस्तो भन्नु ठीक हुन्छ ।

हामीले कुसुमे रुमाल दुईलाई दुई प्रकारले सार्वजनिक गरेका थियौं । 'डि सिनेमा' प्रविधिमा प्रदर्शन गरिएका स्थानमा फाइभ प्वाइन्ट वान सराउन्ड साउन्डको मज्जा लिन सकिन्थ्यो भने सेल्युलोइड प्रविधिमा प्रदर्शन भएका हलमा भने मोनो साउन्डमात्रै थियो । 'डि सिनेमा' का लागि कमसे कम फाइभ प्वाइन्ट वान सराउन्ड साउन्ड सिस्टममा चलचित्रको ध्वनि मिश्रण गरिएकै हुनुपर्छ । हिन्दी वा विदेशी चलचित्रमा त्यसो गरिनु सामान्य हो । अझ उनीहरूका चलचित्र डल्बी डिजिटल साउन्ड सिस्टममा प्रदर्शन गरिन्छन् । नेपालमा चलचित्र प्रदर्शनमा यो प्रविधि जडान गरिएको धेरै भएको छैन । यसले सेल्युलाइड प्रविधिमा चलचित्र प्रदर्शन गर्ने प्रविधिलाई विस्थापित गर्दैन । किनभने अमेरिकामा पनि कतिपय चलचित्र सेल्युलोइड प्रविधिमै प्रदर्शनमा आउने गरेका छन् । हालै प्रदर्शनमा आएको हाइटेक चलचित्र 'अवतार' लाई कतै पनि 'डि सिनेमा' प्रविधिमा प्रदर्शन गरिएन किनभने उक्त चलचित्रका निर्माताले त्यसो गर्न दिएनन् । भनिन्छ 'डि सिनेमा' प्रविधिले चलचित्रलाई पर्दामा चहकिलो बनाउँछ जसले गर्दा दर्शकको आँखामा असर पर्छ । नेपालमा पनि यो प्रविधि र सेल्युलाइड दुवै प्रविधिमा चलचित्र प्रदर्शन भैरहेका छन् ।





## ● तीन प्रश्न ●

सन् १९९५ मा मिस नेपाल प्रतियोगितामा सहभागी भएर बेस्ट ड्रेसको उपाधि जितेपछि हास्यकलाकार पल्पसा डंगोल अभिनय तथा ग्ल्यामर क्षेत्रमा प्रवेश गरेकी हुन्। नृत्यमा पारंगत पल्पसाले मिस नेपालमा सहभागी भएलगत्तै महजोडीको शिखर साँझमा सहभागी भइन्। त्यसपछि उनले पहिलो पटक लव शर्माको टेलिश्रृंखला 'श्रीमान्-श्रीमती' मा अभिनय गरिन्। उक्त श्रृंखलापछि पल्पसाले प्रतिद्वन्द्वी, हत्तेरिका, मिस्टर फन्टुसजस्ता थुप्रै टेलिश्रृंखलामा अभिनय गरिन्। माटो बोल्छ, नगदनारायण, धर्मपुत्र, नैना रेशम, हाँसिदेऊ एक फेर, पहिलो-पहिलो माया आदि चलचित्रमा समेत अभिनय गरेकी पल्पसा चार वर्षअघि 'मेरी बास्सै' मा सहभागी भइन्। मेरी बास्सैमा धुर्मुसकी सासू, सुन्तलीकी आमा अर्थात् चम्सुरीको भूमिकामा प्रस्तुत हुन थालेपछि उनको लोकप्रियता ह्वात्तै बढ्यो। पछिल्लो समयमा उनले अभिनय गरेका चारवटा टेलिश्रृंखला नेपाल टेलिभिजन, कान्तिपुर टेलिभिजन, तराई टेलिभिजन तथा नेपाल टेलिभिजन-३ मा प्रसारण भैरहेका छन्। मेरी बास्सै, भुइँचालो, गाई कि त्रिशूल तथा दृष्टिमार्फत सातामा चार पटक दर्शकमाझ पुगिरहेकी पल्पसासँग *साप्ताहिक*को तीन प्रश्नः

**सातामा चार-चारवटा टेलिश्रृंखलामा अभिनय गर्न कसरी भ्याइरहनुभएको छ ?**

मेरी बास्सै, दृष्टि र भुइँचालोको छायांकन क्रमशः मंगलबार, बिहीबार र शनिबार हुन्छ । गाई कि त्रिशूलको चाहिं एकै पटक धेरै श्रृंखला छायांकन हुने भएकाले चारवटैमा समय दिन भ्याइरहेकी छु ।

**तपाईंलाई दर्शकले पल्पसाको नामबाट त चिन्नै छाडे भनिन्छ नि ?**

यो भनाइ सही हो । मलाई अहिले दर्शकले पल्पसा होइन, चम्सुरीका रूपमा चिन्छन् । वास्तवमा मेरी बास्सैमा चम्सुरी बनेपछि नै म बढी चर्चित भएकी हुँ ।

**मेरीबास्सै र अन्य श्रृंखलामा काम गर्दाको भिन्नता के पाउनुभएको छ ?**

मेरीबास्सैमा विगत चार वर्षदेखि काम गरिरहेकाले त्यो युनिट नै घर-परिवारजस्तै भएको छ । बाँकी टेलिश्रृंखलामा पनि कम रमाइलोचाहिं हुँदैन ।

## जम्का भेट



सिमोस सुनुवारलाई चिन्नेहरूले उनलाई "वानम्यान आर्मी" भन्ने गरेका छन्। हुन पनि क्यामेरा पछाडि गरिने अधिकांश प्राविधिक कार्यमा उनी दक्ष छन्। विशेषगरी उनी सम्पादक, भिज्युअल इफेक्ट र एनिमेसन गर्ने दक्ष प्राविधिकका रूपमा चिनिन्छन्। सिमोसले २ सयभन्दा बढी टेली विज्ञापन, सय जति म्युजिक भिडियो तथा एउटा चलचित्रको निर्माण, निर्देशन तथा सम्पादन गरिसकेका छन्। उनले निर्माण गरेको चलचित्र 'मिसन पैसा' लाई 'हाइटेक नेपाली चलचित्र' भनिए पनि उक्त चलचित्रको स्क्रिप्टमा कमजोरी भएका कारण दर्शकले त्यसमा सामान्य रुची मात्र देखाए। जब कि 'मिसन पैसा' नेपालकै पहिलो 'हाइटेक' चलचित्र हो। जसको असी प्रतिशतभन्दा बढी दृश्यमा स्पेसल इफेक्ट्सको सहारा लिइएको छ। सिमोस हाल दोस्रो चलचित्र 'फर्स्ट लभ' को निर्देशनमा व्यस्त छन्।

**तपाई चलचित्रमा स्पेसल इफेक्ट चाहिन्छ भन्ने कुराको पक्षधर हो ?**

हो, स्पेसल इफेक्ट्स प्रयोग गर्नु अबका चलचित्रका लागि अति आवश्यक छ । स्पेसल इफेक्ट्सले चलचित्रको सौन्दर्य बढाउँछ । बलिउड र हलिउडका सबै चलचित्रमा स्पेसल इफेक्ट्स प्रयोग गरिएकै हुन्छ तर सामान्य दर्शकले कुन सटमा त्यसो गरिएको छ भन्ने कुरा खुट्ट्याउन सक्दैनन् । मैले मिसन पैसाका धेरै दृश्यमा स्पेसल इफेक्ट्सको प्रयोग गरेको थिएँ तर केही दृश्य मात्र दर्शकले थाहा पाए ।

**चलचित्रमा हाइ टेक्नोलोजी किन आवश्यक छ ?**

मेरो बुझाइमा चलचित्र भनेको कल्पनाको संसारलाई यथार्थमा देखाउनु हो । मानिसहरूले त्यसो भैदिए कस्तो होला ? भनेर सोचेको कुरालाई पर्दामा देखाउन सक्ने प्रविधि नै हाइ टेक्नोलोजी हो । अझ यसलाई एडभान्स टेक्नोलोजी पनि भनिन्छ । संसारभरिका चलचित्रले यसको उपयोग गरेर मानिसहरूको कल्पनाभन्दा बाहिरको कुरा देखाउन सक्षम भैसकेका छन् । हलिउडमा यसको प्रयोग चुलिंदो क्रममा छ । हालै आएको चलचित्र 'अवतार' त्यसकै ताजा उदाहरण हो । खर्चिलो भए पनि दर्शकलाई मनोरञ्जन दिएर दुई/साढे दुई घन्टा हलको कुर्सीमा बाँधेर राख्न उनीहरूले यस्ता टेक्नोलोजीको सहारा लिएका छन् ।

**नेपाली चलचित्रमा पनि हाइ टेक्नोलोजीको प्रवेश भैसकेको हो ?**

अझै भएको छैन । फाट्टफुट्ट डिजिटल चलचित्रमा सामान्य स्पेसल इफेक्ट्स र एनिमेसन गरिए पनि हामी धेरै पछाडि छौं । हामीकहाँ कतिपय चलचित्रको कलर करेक्सन नै राम्रोसँग भएको हुँदैन । यो अवस्थामा हाइ टेक्नोलोजीलाई बुझेर त्यसको उपयोग गर्न निकै समय लाग्छ । यद्यपि टुके जस्ता क्यामेराको प्रवेश, कम्प्युटरमा सम्पादन, सराउन्ड साउन्ड सिस्टम, युएफओ र क्युब जस्ता प्रविधिबाट चलचित्रको प्रदर्शन आदिको प्रवेश भैसकेको छ । यसले पर्दामा नेपाली चलचित्रलाई पनि स्तरीय बनाइरहेको छ ।

**त्यसको अर्थ तपाई नेपाली चलचित्र डिजिटलाइज्ड भएकोमा खुसी हुनुहुन्छ ?**

खुसी मान्नैपर्छ तर हामी डिजिटलाइज्डको सुरुवातकै अवस्थामा छौं । १६ र ३५ एमएममा चलचित्र खिच्ने प्रविधिलाई म पनि मान्छु । हलिउड र बलिउडमा ३५ एमएम अर्थात् रिलमै चलचित्र खिचिन्छ तर त्यसलाई टेलिसिने गर्दै सम्पादन गरिने र त्यसमा स्पेसल इफेक्ट्सको कार्य निकै गरिन्छ । 'अवतार' पनि ३५ एमएममै खिचिएको हो र बारम्बार रिभर्स टेलिसिने गर्दै स्पेसल इफेक्ट्स र एनिमेसनको कार्य गरेर चलचित्रलाई 'हाइटेक' बनाइएको हो । उनीहरूले गरेको जस्तो काम गर्न हामीलाई एकपटकमा तीस/चालीस लाख रुपैयाँ लाग्छ । उनीहरूसँग टेक्निसियन धेरै हुन्छन् । हामी अति सामान्य बजेटमा चलचित्र बनाउँछौं । यद्यपि हामी कहाँ दक्ष प्राविधिकहरूको कमी भने छैन ।

**कस्ता छन् यहाँका प्राविधिक ?**

अधिकांश प्राविधिकले वेबसाइटहरूबाट सित्तैमा डाउनलोड गर्न पाइने वा बजारमा पाइने पाइरेटेड सफ्टवेयरको प्रयोग गरिरहेका छन् । त्यसैले पनि यहाँका प्राविधिकहरू अत्याधुनिक टेक्नोलोजीमा समेत दक्ष छन् । जब कि विदेशमा त्यस्तो कामलाई मान्यता दिइँदैन । ओर्जिनल सफ्टवेयर महंगो पर्छ । त्यसैले त्यहाँका प्राविधिकहरू एउटा मात्र सफ्टवेयरमा दक्ष हुन्छन् । हामीकहाँ ग्राफिक गर्ने कुनै प्राविधिक प्रायः सबै किसिमको सफ्टवेयर चलाउनसमेत दक्ष हुन्छन् ।

## ● सानो पर्दा ●

### इङ्लिस बाई रेडियो


अमेरिकी दूतावासको सहयोगमा 'इङ्लिस बाई रेडियो' कार्यक्रम पुस १० गतेदेखि रेडियो सगरमाथाबाट प्रसारण हुन थालेको छ । ५२ भागको यो अंग्रेजी भाषाको कार्यक्रम सामुदायिक एफ.एम. रेडियो स्टेसन रेडियो सगरमाथाले नेपाल इङ्लिस ल्याङ्वेज टिचर्स असोसिएसन (नेल्टा) साग सहकार्य गरी उत्पादन गरेको हो । यो कार्यक्रम भर्खर अंग्रेजी भाषा सिकिरहेकाहरूका लागि डिजाइन गरिएको छ । कार्यक्रम हरेक शुक्रबार साझ ९:१५ बजे १०२.४ मेगाहर्जमार्फत प्रसारण हुन्छ, जसको पुनःप्रसारण आइतबार दिउँसो २:३० बजे गरिन्छ ।

### टेलिश्रृंखलामा नदेखिने कारण

पारिवारिक तथा सामाजिक विषयवस्तुमा आधारित टेलिश्रृंखलामार्फत परिचित भएकी नायिका सौजन्य सुब्बा पछिल्लो समयमा चलचित्रमा व्यस्त हुन थालेकी छिन् । विभिन्न टेलिभिजनबाट प्रसारण भैसकेका थुप्रै टेलिश्रृंखलामार्फत सौजन्यले आफूलाई सानो पर्दामा स्थापित गरेकी थिइन् । कसलाई आफ्नो भनौं, अदृश्य घाउ, संस्कार उनले अभिनय गरेका लोकप्रिय टेलिश्रृंखला हुन् । पछिल्लो समयमा भने उनले कुनै पनि टेलिश्रृंखलामा अभिनय गरेकी छैनन् । भर्खरै नयाँ चलचित्र 'कसलाई दिऊँ यो जोवन', 'टक्कर दुई मुटुको' आदि चलचित्रमा अभिनय गरेकी सौजन्यले सानो पर्दालाई किन चटक्कै माया मारिन् त ? उनको जवाफ थियो– 'पहिलो कुरा त चलचित्रमा व्यस्त भएरै हो, त्यसबाहेक अचेल पहिलेजस्तो स्तरीय टेलिश्रृंखला निर्माण नभएका कारण पनि म सानो पर्दामा मात्र सीमित हुन नसकेकी हुँ ।'

### प्रहरीको भूमिकामा हिट

सानो पर्दाका कलाकार विनोद केसी पछिल्लो समयमा प्रहरीको भूमिका निर्वाह गरेर चर्चामा छन् । अहिले प्रसारण भैरहेका केही हास्यश्रृंखलामा प्रहरी अधिकृतको भूमिका निर्वाह गरिरहेका केसीलाई कतिपय दर्शकले वास्तविक जीवनमै प्रहरी भएको अनुमानसमेत गर्छन् । 'म कलाकार मात्र हुँ,' उनी भन्छन् – 'टेलिश्रृंखलामा मात्र म प्रहरी हुँ ।' केही वर्षअघि नै प्रसारण भएको टेलिश्रृंखला 'क्याटमाण्डु' बाट अभिनययात्रा प्रारम्भ गरेका केसीले यस क्रममा थोरै भए पुगी सरी,



जीरे खुर्सानी, जीवनचक्र, तितो सत्य, परिचय, श्रीमती जिन्दावाद, उद्घाटनलगाएत थुप्रै टेलिश्रृंखलामा अभिनय गरिसकेका छन् । पछिल्लो समयमा उनले अभिनय गरेका तीनवटा श्रृंखला 'मेरी बास्सै', 'लगन जुर्लाजस्तो छ' तथा 'जीवनचक्र' प्रसारण भैरहेका छन् । यीमध्ये मेरी बास्सै तथा लगन जुर्लाजस्तो छमा उनले प्रहरी अधिकृतको भूमिका निर्वाह गरेर दर्शकलाई हँसाइरहेका छन् ।

## ● विदेशबाट ●

### परेश रावल सानो पर्दामा

पछिल्लो समयमा बलिउड चलचित्रमा हास्यकलाकारका रूपमा लोकप्रिय भैरहेका परेश रावललाई दर्शकले एउटा धारावाहिकमा देख्न पाउने भएका छन् । प्रसारणका क्रममा रहेको धारावाहिक 'लागी तुझसे लगन' मा उनले एउटा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । रंगभेदजस्तो कुप्रथाविरुद्धको कथा समेटिएको यो धारावाहिकमार्फत परदेशले दर्शकलाई कत्तिको हँसाउने हुन् अथवा रुवाउने हुन्, हेर्न बाँकी नै छ ।

### आमा बन्दैछिन् डा.जुही



स्टार प्लसको धारावाहिक सञ्जीवनीमा डा.जूहीको भूमिका निर्वाह गरेर लोकप्रिय भएकी कलाकार गुरदीप कोहली वास्तविक जीवनमै आमा बन्ने भएकी छिन् । आगामी तीन महिनामा उनले पहिलो सन्तानलाई जन्म दिने एउटा समाचारमा जनाइएको छ । सञ्जिवनीमा सँगै अभिनय गरेका कलाकार अर्जुन पुञ्जसँग तीन वर्षअघि वैवाहिक जीवन प्रारम्भ गरेकी गुरदीपले जीटिभीको कसम सेमा बानी तथा सिन्दूर तेरे नाम केमा वेदिकाको भूमिका निर्वाह गरेकी थिइन् ।

### प्रसारणमा रोक लगाउन माग


भारतीय मनोचिकित्सक तथा वैज्ञानिकहरूले रियालिटी शो 'राज पिछले जन्म का' को प्रसारणमा रोक लगाउन माग गरेका छन् । यो कार्यक्रममार्फत प्रसारण गरिएको पूर्वजन्ममा आधारित पास्ट लाइफ रिग्रेसन थेरापीको कुनै वैज्ञानिक आधार नभएको तथा चिकित्सा विज्ञानमा समेत यसलाई स्वीकार नगरिएको उनीहरूले बताएका छन् । एक जना भारतीय चिकित्सकले पास्ट लाइफ रिग्रेसन थेरापीलाई वैज्ञानिकहरूले नै रद्द गरिसकेको अवस्थामा अन्धविश्वास फैलाउने प्रकारको कार्यक्रमको प्रसारण गैरजिम्मेवार तथा खतरनाक छ भनेका छन् । यस्तो प्रकारको कार्यक्रमले दर्शकहरूलाई अन्धविश्वासबाट मुक्त गराउनुपर्नेमा उल्टो थप अन्धविश्वासी बनाउने निष्कर्ष निकाल्दै उनीहरूले यो कार्यक्रमको प्रसारण रोक्नुपर्ने माग गरेका हुन् । यो कार्यक्रम एनडिटिभी इम्याजिनबाट प्रसारण भैरहेको छ ।

● चलचित्र ●

# टक्कर दुई मुटुको

त्रिकोणात्मक प्रेम कथामा आधारित चलचित्र 'टक्कर दुई मुटुको' को सार्वजनिक प्रदर्शनी आज शुक्रबारदेखि प्रारम्भ हुँदैछ। माघे संक्रान्तीको अवसर पारेर प्रदर्शन हुन लागेको यो चलचित्रको गीत-संगीत चलचित्र प्रदर्शन हुनुअघि नै लोकप्रिय भैसकेको छ। लामो समयदेखि चलचित्र निर्माताका रूपमा सक्रिय रहँदै आएका रोज राणा यही चलचित्रमार्फत पुनः एक पटक नायकको भूमिकामा प्रस्तुत भएका छन्। चलचित्रमा प्रेम प्राप्तिका लागि दुई जना असाध्यै मिल्ने साथीबीचको टकराबलाई चित्रण गरिएको छ। सोफिया सिने आर्ट्सले निर्माण गरेको यो चलचत्रिमा नायकद्वय अर्जुन कार्की तथा रोज राणाको मित्रता तथा प्रेमका कारण मित्रतामा आएको टक्करलाई आकर्षक ढंगले चित्रण गरिएको छ। दुवै साथीले एउटै युवती (सौजन्य सुब्बा) लाई मन पराएपछि चलचित्रको कथाले त्रिकोणात्मक प्रेमको रूप लिन्छ। ऋषि न्यौपानेद्वारा निर्देशित यो चलचित्रमा सौजन्य, अर्जुन तथा रोजले स्तरीय अभिनय गर्ने प्रयास गरेका छन्। सांगीतिक पक्ष समेत सवल रहेको यही चलचित्रमार्फत ठूलो पर्दाको यात्रा प्रारम्भ गरेकी सौजन्यले यसअघि थुप्रै टेलिश्रृंखलामा अभिनय गरिसकेकी छिन्। रोज राणा भने यसअघि आफूले निर्माण गरेका चारवटा चलचित्रको अनुभवबाट आफ्नो भूमिकाप्रति सकेसम्म न्याय गरेको बताउँछन्।





# चान्स पे डान्स

बलिउडका चकलेटी नायक शाहिद कपूरको नयाँ चलचित्र 'चान्स पे डान्स' को सार्वजनिक प्रदर्शन आज शुक्रबारदेखि हुँदैछ। युटिभी मोसन पिक्चर्सले निर्माण गरेको यो चलचित्रमा शाहिदका अतिरिक्त जेनेलिया डिसुजाले मुख्य भूमिका निर्वाह गरेकी छिन्। यसअघि स्टार तथा याहु शीर्षक राखिएको यो चलचित्रलाई पछि चान्स पे डान्स भनियो। यो चलचित्रको निर्देशन केन घोषले गरेका हुन्। प्रितम, अदनाम सामी, सन्दीप सिरोडकर तथा केन घोषद्वारा संगीतबद्ध यो चलचित्रलाई सांगीतिक चलचित्रको श्रेणीमा राखिएको छ। चलचित्रमा शाहिद कपूरले बलिउड यात्राका क्रममा गरेको संघर्षलाई मुख्य विषय बनाइएको छ। चलचित्रको कथा समीर (शाहिद कपूर) ले गरेको संघर्षको वरिपरि घुमेको छ। उनी प्रतिभाशाली, उत्साही र मेहनती मात्र छैनन्, उत्तिकै ऊर्जावान पनि छन्। बलिउडमा नायक बन्ने उनको ठूलो सपना छ। आफ्नो उद्देश्य पूरा गर्न उनले दिन-रात मेहनत गर्छन् तर बलिउड आफ्नो सपना पूरा गर्न सजिलो छैन। समीरको संघर्षमा थुप्रै उतार-चढाव आउँछन्। धेरै पटक उनका आशाहरू निराशामा परिवर्तन भएका छन्। यति हुँदाहुँदै पनि समीरले हिम्मत हार्दैनन्। सबै समस्याहरूसँग जुध्दै उनले आफ्नो संघर्षलाई जारी राख्छन्। समीरको यो संघर्षपूर्ण यात्रामा कोरियोग्राफरको भूमिका निर्वाह गरेकी टिना (जेनेलिया) ले पनि साथ दिन्छिन्। समीरको जीवनसम्बन्धी एउटा धारणा छ, सबैको जीवनमा एक पटक चान्स (मौका) अवश्य आउँछ..., त्यसैले चान्स पाएको बेला डान्स गर्नैपर्छ।



# द स्पाइ नेक्स्ट डोर

एक्सन नायकका रूपमा लोकप्रिय ज्याकी च्यान लामो समयपछि एउटा नयाँ चलचित्रमार्फत दर्शकमाझ आउँदैछन्। आज शुक्रबार सार्वजनिक हुने हलिउड चलचित्र 'द स्पाइ नेक्स्ट डोर' मार्फत उनी दर्शकमाझ आउन लागेका हुन्। एक्सनप्रधान यो चलचित्रमा च्यानको स्टन्टले दर्शकहरूलाई प्रसस्त मनोरञ्जन दिनेछ। एक्सन, एड्भेन्चर, कमेडी, किड्स, फेमिली तथा थ्रिलर गरी आधा दर्जन विधा समेटिएको यो चलचित्रको निर्देशन ब्रायन भेलान्टले गरेका हुन्। चलचित्रमा ज्याकी च्यानका अतिरिक्त एलिना फोली, बिल स्याड्ली, माडेलाइन क्यारोल, जज लोपेज आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। लाइन्सगेटले विश्वव्यापी वितरण गर्न लागेको यो चलचित्रको छायांकन अमेरिका तथा मेक्सिकोमा गरिएको हो। चलचित्रमा ज्याकीले बब होको भूमिका निर्वाह गरेका छन् जो अमेरिकी गुप्तचर संस्था सिआईएका वरिष्ठ गुप्तचर हुन्। गुप्तचरी करियरले एउटा उचाइ कायम गरेपछि उनी आफ्नी प्रेमिकासँग घरजम गर्न चाहन्छन्। प्रेमिका गिलियनसँग घरजम गर्नुअघि उनले प्रेमिकासँगै बस्ने तीन बालबालिकाको मन जित्नु छ। सोही क्रममा एक जना बालकले भूलवश बबको कम्प्युटरबाट गोप्य कोड डाउनलोड गरिदिएपछि एक रसियन आतंककारीले उनीमाथि आक्रमण गर्छ। त्यसपछि प्रारम्भ हुन्छ चलचित्रको रोमाञ्चक द्वन्द्व दृष्य। चलचित्रको अन्त्यमा बबले आतंककारीलाई समाप्त मात्र गर्दैनन् बालबालिका तथा प्रेमिकाको मन समेत जित्छन्।



साप्ताहिक
सर्वाधिक बिक्री हुने
सबैको लागि सम्पूर्ण पत्रिका

तस्बिर : साइबरसंसार डटकम



# सुष्मा कार्की

**वर्ष २०६६ सुष्मा** कार्कीका लागि 'लक्की' सावित भयो । यही वर्ष उनले अभिनय गरेको चलचित्र 'मेरो एउटा साथी छ' प्रदर्शनमा आयो र त्यसले सफलताको झन्डा गाड्यो । यही वर्ष सुष्माले 'गुरु दक्षिणा', तिमी मेरो म तिम्रो', 'भीष्मराज', 'ब्याच नम्बर १६', 'औजार', 'जिन्दगानी दर्पणछायाँ' सहित आधा दर्जनभन्दा बढी चलचित्रमा आफ्नो अभिनय तथा नृत्य कला देखाउने अवसर पाएकी छिन् । निकै खुसी छिन्, सुष्मा कार्की । टाइफाइडको ज्वरोले गाँजेर घरमा आराम गरिरहेकी सुष्माले भनिन्- 'मेरो दिन आयो, अब पछाडि फर्केर हेर्नुपर्दैन होला ।' हुन पनि उनको दिन आएछ । 'डान्स, फिगर र एक्सप्रेसन'को त्रिवेणी मान्छिन् उनी आफूलाई । मानिसहरू भन्छन्, सुष्माको आँखा नै आकर्षक छ । त्यसैले पनि होला, अचेल जता पनि रमाइला कार्यक्रम भयो कि आयोजकहरू सुष्मालाई आफ्नो कार्यक्रममा नचाउन चाहन्छन् । चलचित्रसँगै कार्यक्रमहरूमा पनि व्यस्त छिन् उनी ।

व्यस्तता बढे पनि प्रेम र प्रेमीका लागि समय छुट्याउन उनी छाड्दिनन् । त्यसो त प्रेमी (चलचित्र निर्देशक सुदर्शन थापा)का रूपमा उनले करियरलाई अघि बढाउने सल्लाहकार नै पाएकी छिन् । 'हाम्रो प्रेमका बारेमा सबैलाई थाहा छ,'-उनले निर्धक्क भनिन्- 'दुई वर्षपछि विवाह गर्ने योजना छ ।'

**–सुब्रत आचार्य**





## ● साताको स्वर ●



### विधान श्रेष्ठ

**'मायालु रातैपिच्छे...' कस्तो शैलीको गीत हो ?**

झाँगड (उराव) जातिको भाषा तथा संस्कृति समेटिएको लोकशैलीमा आधारित गीत हो ।

**गीतमा झाँगड संस्कृति नै समावेश गर्नुपर्ने कारण के होला ?**

यो गीतका संगीतकार तथा रचनाकार (मेरा बुबा) विजय श्रेष्ठले लामो समयदेखि झाँगड संस्कृतिलाई नजिकबाट नियाल्नुभएकाले उहाँको प्रयासलाई मैले सहयोग गरेको हुँ ।

**यो गीत श्रोताले कत्तिको मन पराए त ?**

प्रेम गीत भएकाले झाँगड संस्कृति थाहा नपाएका स्रोताले समेत अत्यन्त रुचाएका छन् ।

**गीतको कुन पक्ष आकर्षक छ ?**

संगीत संयोजन तथा शब्द सबैभन्दा आकर्षक पक्ष हुन् । गीत रेकर्डिङ गर्ने क्रममा सुनसरीबाट झाँगड बाजा मानर डिगार ल्याइएकाले संगीत संयोजक कर्णप्रिय बनेको छ ।

**म्युजिक भिडियो कस्तो बनेको छ ?**

प्रणव जोशीको निर्देशनमा सुनसरीको झाँगड बस्तीमै छायांकन गरिएको म्युजिक भिडियोले यो गीतलाई थप लोकप्रिय बनाइरहेको छ ।

## ● म्युजिक अपडेट ●

### आलापको विमोचन

आफ्नी दिवंगत आमा स्व. टीकामाईको स्मरणमा गायक कन्हैया सिंहले आफ्ना एकल गीतहरूको संग्रह 'आलाप' को विमोचन रविभवनस्थित वृद्धाश्रम आमाको घरमा गरेका छन् । वृद्धाश्रममा रहेका केही आमाले उक्त संग्रह विमोचन गरेका थिए । गायक सिंहले यो संग्रहमा विगत दुई वर्षदेखि रेकर्डिङ गरेका गीतहरू समावेश गरेका छन् । समारोहमा संगीतकार राजु सिंहले संग्रहका गीत-संगीतको समीक्षा गरेका थिए । उक्त अवसरमा गायक सिंहकी श्रीमती गायिका अञ्जना गुरुङले आमाको घरमा आश्रय लिइरहेका आमाहरूको सहयोगका लागि ५ हजार १ सय ५१ रुपैयाँ हस्तान्तरण गरेकी थिइन् ।

### पर्दाको विमोचन

गायक आनन्द कार्कीका पछिल्ला गीतहरूको संग्रह 'पर्दा' को विमोचन गत बुधबार गरियो । कान्तिपुर टेलिभिजनको कल कान्तिपुर कार्यक्रममार्फत उक्त संग्रह विमोचन गरिएको हो । विमोचन समारोहमा गायक कार्कीले संग्रहका केही गीत प्रस्तुत गरे । कार्यक्रममा संग्रहको एउटा म्युजिक भिडियो पनि प्रदर्शन गरिएको थियो ।

### संगीतकर्मीको सम्मान

अग्रज संगीतकार अम्बर गुरुङ तथा गायक कुबेर राईलाई गत साता सम्मानित गरिएको छ । पुरानो बानेश्वरस्थित गुरुकुलमा आयोजित समारोहमा नेपाली प्रतिभा प्रतिष्ठान, बेलायतले उनीहरूलाई सम्मानित गरेको हो । संगीतकार गुरुङलाई सम्मानस्वरूप ताम्रपत्र तथा १० हजार रुपैयाँ प्रदान गरिएको थियो भने गायक राईलाई नगद ३० हजार तथा प्रशंसापत्रसहित सम्मान गरिएको थियो ।

### कोरियामा सांस्कृतिक कार्यक्रम

नेपालबाट गएका कलाकारहरूको एक समूहले दक्षिण कोरियामा सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका छन् । नेपाल हाउस च्यारिटी शीर्षकको उक्त कार्यक्रममा नायिका झरना थापाको आकर्षक नृत्यका अतिरिक्त सबिन राई, पुरुषोत्तम न्यौपाने, गायिका सबिना गुरुङ आदिले गीत प्रस्तुत गरेका थिए । एनआरएन दक्षिण कोरियाद्वारा आयोजित उक्त कार्यक्रमबाट संकलित रकम कोरियावासी नेपाली मजदुरका लागि निर्माण गरिने आवासगृह नेपाल हाउसमा खर्च गरिने बताइन्छ ।

### अनलाइनमार्फत संगीतको व्यापार

म्युजिक नेपालले आफ्नो अनलाइनमार्फत नेपाली गीत-संगीत, रिङ ब्याक टोन, रिङ टोन, म्युजिक भिडियो डाउनलोड गर्ने व्यवस्था मिलाएको छ । म्युजिक नेपालको अनलाइनमा १ सय ४१ कम्पनीका ८ हजार २ सय गीत भण्डार गरिएको म्युजिक नेपालका प्रबन्ध-निर्देशक सन्तोष शर्मा भन्छन्– 'व्यवसायिक बजार खोज्न मात्र होइन, अन्तर्राष्ट्रिय श्रोतामाझ नेपाली संगीत विस्तार गर्न तथा त्यसको रोयल्टीले स्रष्टालाई पनि बचाउने योजनाअनुरूप यो कार्यको थालनी गरिएको हो ।' एउटा गीत डाउनलोड गर्दा १५ रुपैयाँ तथा म्युजिक भिडियो डाउनलोड गर्दा २० रुपैयाँ लाग्ने पनि शर्माले बताए । म्युजिक नेपाल डटकममा गएर यो सेवा लिन सकिनेछ ।

### फ्ल्यासब्याकको विमोचन

गोपीकृष्ण मुभिजले निर्माण गरेको नेपाली चलचित्र 'फ्ल्यास ब्याक (फर्केर हेर्दा) को गीतिएल्बम सार्वजनिक भएको छ । चलचित्रका नायक निखिल उप्रेतीले उक्त संग्रह सार्वजनिक गरेका हुन् । यो चलचित्रका गीत सुरेश अधिकारीले संगीतबद्ध गरेका छन् । राजेशपायल राई, उदितनारायण झा, सञ्जीवनी, अञ्जु पन्त, प्रमोद खरेल आदि गायक-गायिकाको स्वर समेटिएको यो चलचित्रका गीतहरू डा. भोला रिजाल, डा. विश्वनाथ प्रेम, दयाराम पाण्डे आदिले रचना गरेका हुन् ।

### कर्णालीमा चेतन

पहिलो गीतिसंग्रह 'सेभेन' बजारमा आएपछि गायक चेतन राईको व्यस्तता बढेको छ । दाङ, नेपालगन्जलगायत पश्चिम नेपालका सहरहरूमा गीत-संगीत प्रस्तुत गरिसकेका गायक राईले कर्णाली पुलमा गीतिसंग्रहको एउटा गीतको म्युजिक भिडियोको छायांकन पूरा गरेका छन् ।

### पाँच वर्षपछि ब्लुज ब्रदर्स

रक सांगीतिक समूह अशोष एन्ड नेखोमको दोस्रो गीतिसंग्रह 'फ्रि स्पिरिट-२' को पुराना संगीतकर्मी तथा ड्रमर देव रानाले ठमेलस्थित बोटल्स एन्ड चिम्नि रेस्टुराँमा विमोचन गरेका छन् । अशोष एन्ड नेखोमले लामो समयदेखि उक्त रेस्टुराँमा लाइभ म्युजिक प्रस्तुत गर्दै आएको छ । करिब १६ वर्षअघि स्थापना भएको यो समूहमा अहिले अशोष डंगोल (गायन, संगीतकार, रचनाकार, गिटारिस्ट), सिबेश डंगोल (बेस गिटारिस्ट), पुजन श्रेष्ठ (बेस गिटारिस्ट), नितिन राना (ड्रमर) तथा राजीव तुलाधर संलग्न छन् । कुनै बेला देव राना पनि यही समूहमा आबद्ध थिए । पाँच वर्षपछि श्रोतामाझ आएको समूहको यो नयाँ संग्रहमा चारवटा नेपाली तथा चारवटा अंग्रेजी गीत समावेश गरिएका छन् ।

### भोजपुरका संगीतकार पुरस्कृत

भोजपुरका संगीतकार दिनेश वान्तवाले भोजपुर प्रतिभा पुरस्कार प्राप्त गरेका छन् । राजधानीमा आयोजित एक समारोहमा उनलाई नगद १५ हजार तथा कदरपत्रसहित उक्त पुरस्कार प्रदान गरिएको हो । संगीतमा लामो समयदेखि योगदान पुऱ्याउँदै आएकाले उनलाई प्रतिभा पुरस्कार प्रदान गरिएको बताइएको छ । भोजपुरबाट बेलायत गै त्यहाँ बसोबास गर्दै आएका स्रष्टाहरूले स्थापना गरेको भोजपुर प्रतिभा प्रतिष्ठानले उनलाई सम्मानित गरेको हो ।

### सियोनका गीतहरू

गायिका चन्दा देवानले गाएका आधुनिक गीतहरूको संग्रह 'सियोनका गीतहरू' को विमोचन सम्पन्न भएको छ । क्रिसमसको अवसर पारेर गायिका देवानले यो संग्रह तयार पारेकी हुन् । संग्रहको विमोचन राजधानीको एउटा चर्चमा गरिएको हो । विमोचित संग्रहमा आठवटा गीत तथा दुईवटा ट्र्याक समावेश छन् । संग्रहका गीतहरू राजेश राई, बबिराज, लेखनाथ मेनन, क्रिलोक प्रधान आदिले संगीतबद्ध गरेका हुन् ।

### लामो समयपछि कन्सर्टमा

पुल्चोक, ललितपुरस्थित मोक्ष बारमा गत शनिबार साँझको वातावरण अन्य दिनको तुलनामा पृथक् देखिन्थ्यो । बारमा सांगीतिक समूह ऱ्याचचाइल्डले लाइभ कन्सर्ट गऱ्यो । स्थापना भएको दुई दशकपछि समूहका संगीतकर्मी भेला भएर पहिलो पटक कन्सर्ट प्रस्तुत गर्न लागेकाले दर्शक सहभागिता पनि उल्लेख्य देखिन्थ्यो । नेपालको पहिलो रक ब्यान्डका रूपमा स्थापना भएको यो समूहले कन्सर्टमा नेपाली तथा अंग्रेजी रक संगीत प्रस्तुत गरेको थियो ।

## विदेशबाट

### लेडी गागाको नयाँ शैली

चर्चामा आउन विचित्रका पहिरन लगाएर फोटो सेसन गर्ने चर्चित गायिका लेडी गागाले अब क्यामेराको पछाडि बसेरै पैसा कमाउने भएकी छिन् । उनलाई फोटोग्राफीसम्बन्धी कम्पनी पोलोराइडले आफ्नो क्रिएटिभ निर्देशकमा नियुक्त गरेको छ । त्यसका लागि गागाले आगामी उत्पादनको डिजाइनमा काम गर्नुपर्नेछ । उनको मुख्य काम २०१० मा आउने फेसन रेन्ज, प्रविधि तथा फोटोग्राफी प्रोडक्टको डिजाइन तयार पार्नु हुनेछ । पहिरनका कारण बारम्बार चर्चा तथा विवादमा आइरहने यी २३ वर्षीया गायिकाले केही समयअघि बेलायती महारानी एलिजाबेथसँग भेटघाट गरेकी थिइन् । त्यस क्रममा पनि उनले लगाएको पहिरनको टीका-टिप्पणी भएको थियो ।

### ज्याक्सनको सम्झनामा पार्क

दिवंगत पप गायक माइकल ज्याक्सनको सम्झनामा उनको गृहनगर इन्डियानामा एउटा पार्क निर्माण गर्न लागिएको छ । पार्क बनाउन एक अरब डलर खर्च गरिनेछ । ज्याक्सनको परिवार तथा स्थानीय व्यापारीहरूले उक्त पार्क निर्माण गर्न सघाउनेछन् । ज्याक्सन जन्मिएको स्थान इन्डियानाको ग्यारीमा निर्माण गरिने उक्त पार्कको नाम किङ अफ पप राखिनेछ । पार्कमा ज्याक्सनसँग सम्बन्धित संग्रहालय, मनोरञ्जन पार्क, एउटा गल्फ कोर्स तथा ३ सय कोठा भएको होटलसमेत निर्माण गरिनेछ ।



## ● अफबिट ●



साहै थाकियो : एउटा सांगीतिक कार्यक्रममा गीत-संगीत प्रस्तुत गरेपछि चौतारामा थकाइ मार्दै बायाँबाट गायक सबिन राई, सुगम पोखरेल, उद्घोषक प्रशन स्याङ्देन, गायक अनिल सिंहलगायत ।
तस्विर : साइबरसंसार डटकम

## ● ब्याण्ड ●




सांगीतिक समूहको क्रेज राजधानीमा मात्र सीमित छैन । राजधानी बाहिरका सहरहरूमा समेत सांगीतिक समूह स्थापना गर्ने तथा कन्सर्टहरूमा सांगीतिक कार्यक्रम प्रस्तुत गर्ने क्रम जारी छ । यही क्रममा चितवनका युवा संगीतकर्मीहरूले जिल्लाकै पहिलो मेटल सांगीतिक समूह स्थापना गरेका छन् । 'ग्रहान्थ' नाम राखिएको यो समूहमा अहिले पाँच जना संगीतकर्मी सक्रिय छन् । नारायणघाटमा आयोजना गरिएका तीनवटा ठूला सांगीतिक कार्यक्रममा लाइभ म्युजिक प्रस्तुत गरिसकेको यो समूह त्यहाँ आयोजना हुने सांस्कृतिक कार्यक्रममा समेत गीत-संगीत प्रस्तुत गरिरहन्छ । खासगरी टिनएजरमाझ मेटल संगीतको क्रेज बढिरहेको मौका छोपेर स्थापना भएको यो समूहले माउन्ट ८८४८, सयास, द एज, ११:३० बासन, वेव आदि सांगीतिक समूहहरूसँग मिलेर पनि सांगीतिक कार्यक्रम प्रस्तुत गरिसकेको छ ।

राजधानीमा क्रेजका रूपमा विस्तार भैरहेको अन्डरग्राउन्ड मेटल कन्सर्टलाई उनीहरूले चितवनमा समेत भित्र्याउने प्रयास गर्दैछन् । समूहकी गायिका उपमा भन्छिन् – 'अहिलेसम्म चितवनमा आयोजना हुन नसकेको अन्डरग्राउन्ड कन्सर्ट हामीले नै पहिलो पटक आयोजना गर्दैछौं ।' समूहमा एक मात्र महिला सहकर्मी उपमाका अतिरिक्त लिड गिटारमा जीवन बीके, रिदम गिटारिस्टमा रवीन्द्र खड्गी, बेस गिटारिस्टमा सुजित शाक्य तथा गायनमा पोजोन छन् । यो समूह नियमित अभ्यासमा जुटेको छ । आगामी माघ २९ गते शिवरात्रिका दिन चितवनको क्याम्पा चौरमा आयोजना हुने नारायणगढ रक्स भर्सन-३ मा लाइभ कन्सर्ट गर्नका लागि पनि समूह अभ्यासमा जुटेको हो ।



स्लिम युवती मात्र मोडल हुन सक्छन् भन्ने मान्यतालाई भंग गर्दै भी म्यागजिनले यो साता प्रकाशित आफ्नो अंकमा मोटी युवतीहरूलाई मोडलका रूपमा प्रस्तुत गऱ्यो । बहुराष्ट्रिय कम्पनीका सामग्रीहरूमा प्रस्तुत यस्तो मोडलिङले नयाँ ट्रेन्ड ल्याउने अनुमान गरिएको छ ।


● पहिलो विश्व ●

## सातामा दुई पटक

अमेरिकी वैज्ञानिकहरूले गरेको पछिल्लो अनुसन्धानले के देखाएको छ भने जुन पुरुषले सातामा दुई पटक यौनसम्बन्ध कायम गर्छन् उनीहरूको मुटुमा देखिने समस्यामा ४५ प्रतिशतले कमी आउँछ । म्यासाच्युसेटको न्यू इङ्ल्यान्ड रिर्सच इन्स्टिच्युटका वैज्ञानिकहरूको टोलीले १ हजार पुरुषमा गरेको अनुसन्धानबाट उक्त निष्कर्ष निकालिएको हो । अनुसन्धानमा सक्रिय वैज्ञानिकहरूले सातामा न्यूनतम दुई पटक यौनसम्बन्ध राख्ने पुरुषहरूलाई महिनामा एकपटक यौनसम्बन्ध राख्ने पुरुषको तुलनामा मुटुको समस्या कम देखिएको छ । एक अनुमानअनुसार बेलायतमा वार्षिक रूपमा २ लाख ७० हजार पुरुष हृदयाघातको चपेटामा पर्ने गरेका छन् । यो अनुसन्धानलाई अझ सूक्ष्म रूपमा व्याख्या गर्न सके यसले हृदयाघातको सिकार हुने पुरुषहरूलाई सहयोग पुग्ने आशा वैज्ञानिकहरूले गरेका छन् । सन् १९८७ देखि ४० वर्ष माथिका पुरुषमा नियमित गरिएको अनुसन्धानबाट वैज्ञानिकहरूले उक्त निष्कर्ष निकालेका हुन् । वैज्ञानिकहरूले अनुसन्धानका क्रममा पुरुषहरूको शरीरको मोटाइ, उनीहरूको रगतमा रहेको कोलेस्ट्रोल आदिलाई आधार बनाएका थिए ।



## खुल्यो पुरुष वेश्यालय




इतिहासमा महिला वेश्यालयको तुलनामा पुरुष वेश्यालयको चर्चा नगन्य छ । जानकारहरूका अनुसार अहिले कुनै पनि राष्ट्रमा कानुनी मान्यताप्राप्त पुरुष वेश्यालय छैन । अमेरिकाको नेभाडा राज्यमा पहिलो पुरुष वेश्यालय सञ्चालनमा आएको छ । महिला वेश्यालयले मात्र कानुनी मान्यता पाएको उक्त राज्यमा यसै साता पुरुष वेश्यालयले पनि कानुनी मान्यता पाएको हो । नेभाडाको वेश्यालय स्याडी लेडीले पुरुष वेश्यालय सञ्चालन गर्न पाउने कानुनी बहसमा सफलता हात पारेको थियो । यो जित हासिल गरेपछि स्याडी लेडीले आफ्नो वेबसाइटमार्फत पुरुष यौनकर्मीहरूको माग गरेको छ । स्याडी लेडीका सञ्चालक बबी डेभिसले हालै पुरुष यौनकर्मीको सेवा-शुल्क पनि तय गरेका छन्, जसअनुसार ४० मिनेटको सेवाबापत १ सय ४० अमेरिकी डलर, १ घन्टाको ३ सय, दुई जना पुरुष भए ५ सय र रातभरका लागि २ हजार अमेरिकी डलर सेवाशुल्क तोकिएको छ ।

अन्त्यमा...



महिलाले यौनसम्पर्कका बेला चरम सुख कसरी पाउँछन् भन्ने विषयमा वैज्ञानिकहरूले उनीहरूमा रहेको जी स्पटलाई मुख्य आधार बनाउँदै आएका थिए । हालै बेलायतका वैज्ञानिकहरूले महिलाको यौनाङ्गमा जी स्पट नहुने दाबा गरेका छन् । करिब १ हजार ८ सय महिलामा गरिएको परीक्षणबाट वैज्ञानिकहरूले उक्त तथ्य सार्वजनिक गरेका हुन् । किङ्ग्स कलेजका वैज्ञानिकहरूले महिलाहरूका विभिन्न पक्षलाई लिएर उक्त अनुसन्धान गरेका थिए । सहभागी महिलाहरूले जी स्पट कल्पना मात्र भएको बताए । युवावस्थामा उनीहरूलाई यौनसुख प्राप्त हुँदा जी स्पटको रहेको महसुस भए पनि उमेर ढल्कँदै गएपछि जी स्पटको अस्तित्व हराउँदै गएको सहभागी महिलाहरूले बताएका थिए ।



# आईटी शिक्षाको प्लेटफर्म

**शिव मुखिया**

क्यान इन्फोटेक प्रविधिको मेला मात्र होइन, आईटी शिक्षाका लागि राम्रो प्लेटफर्म पनि हो। यस अवसरमा हार्डवेयर तथा सफ्टवेयरलगायत कम्प्युटरको कुनै पनि तालिम उपलव्ध गराउने संघ-संस्था त्यहाँ भेट्न सकिन्छ।

मेलामा चिफ लेभल ट्रेनिङ उपलव्ध गराउने पिटी कम्प्युटर प्रालिको स्टल पनि छ। चिप लेवल कोर्सअन्तर्गत कम्प्युटरको मदरबोर्डमा रहेको माइक्रोचिप मर्मत गर्न सिकाइन्छ। यो तालिम नेपालमै पहिलो पटक सञ्चालन गरिएको हो। मेलाको अवसरमा तालिम लिनेका लागि शुल्कमा छुटको समेत व्यवस्था गरिएको किशोरकुमार चौलागाईंले साप्ताहिकलाई बताए। 'तालिमका लागि स्टलमै भर्ना हुन चाहनेलाई १५ हजार रुपैयाँमा यो कोर्स सिकाउँछौं,' चौलागाईं भन्छन्- 'तीनमहिने यो कोर्स गर्न अरू बेला ५० हजार रुपैयाँ लाग्छ।' कम्प्युटर हार्डवेयरसम्बन्धी ज्ञान भएकाले चिप लेवल ट्रेनिङ लिन सक्छन्। कम्प्युटर प्रविधिका लागि यो निकै महत्त्वपूर्ण तालिम भएको उनको दाबी छ। त्यसो त कम्प्युटर हार्डवेयर सम्बन्धी ज्ञान नभएकाले पनि बेसिक लेभलदेखि यो कोर्स गर्न सक्ने अवसर पिटी कम्प्युटरले उपलब्ध गराएको छ।

निःशुल्क वेबसाइट बनाइदिने सुविधासहित माइलस्टोन इन्स्टिच्युटले ग्राफिक डिजाइन, वेबडिजाइन, मल्टिमिडिया र अकाउन्टिङ कोर्सका सम्बन्धमा मेलामा परामर्श तथा सेवा उपलव्ध गराइएको छ। कम्प्युटर हार्डवेरको तीनमहिने तथा हार्डवेयर नेटवर्किङको डिप्लोमा कोर्सका सम्बन्धमा पनि माइलस्टोनको स्टलबाट जानकारी हासिल गर्न सकिन्छ। इन्स्टिच्युटको कुनै पनि तालिममा भर्ना हुन चाहनेले क्यानको अवसरमा ५० प्रतिशत छुट पाउने राजन कुमार श्रेष्ठले वताए।

इन्फरमेसन टेक्नोलोजीसम्बन्धी शिक्षा दिँदै आएको नेसनल वेब कलेजले सफ्टवेयर इन्जिनियरिङ, इ-कमर्सका सम्बन्धमा परामर्श एवं सेवा उपलब्ध गराइरहेको छ। वेब कलेजले क्यान इन्फोटेकको अवसरमा नेटवर्किङसँग सम्बन्धित कोर्स पहिलो पटक सार्वजनिक गरेको छ। इन्टरनेसनल सर्टिफिकेशन प्रिपरेसन क्लास दिइरहेको यो कलेजले मेलाको अवरसरमा अन द स्पट एड्मिसनको व्यवस्था मिलाएको छ। कुनै पनि कोर्समा भर्ना हुन चाहनेले मेलामै भर्ना भए शुल्कमा छुट पाउनुका साथै २ गिगाबाइट क्षमताको पेनड्राइभ पाउने युवराज मैनालीले वताए।

सफ्टटेक फाउन्डेसनले मेलामा अनलाइन एक्जामसम्बन्धी परामर्श र सेवा उपलब्ध गराएको छ। ग्लोबली सर्टिफिकेशन कोर्स गराउँदै आएको सफ्टटेकले मेलाको अवसरमा छुटको व्यवस्था पनि गरेको छ। उसले मेलामा एमसिएसई कोर्ससम्बन्धी परामर्श दिइरहेको छ। माइक्रोसफ्टले लिने अनलाइन परीक्षाको तयारी र परीक्षा दिने सेवालाई सफ्टटेकले प्राथमिकता दिएर मेलामा परामर्श प्रदान गरिरहेको राजन पन्तले बताए।

माइक्रोल्यान्ड कन्सल्ट्यान्टले कम्प्युटर हार्डवेयर मर्मत गर्ने तालिम उपलब्ध गराउँदै आएको छ। कम्प्युटर तालिमपछि स्वरोजगार सिर्जना गर्ने लक्ष्यसाथ ल्यापटप मर्मतको तालिम समेत सुरु गरिएको छ। मेलामा आफ्नो तालिमसम्बन्धी परामर्श दिइरहेको माइक्रोल्यान्डले अन द स्पट एड्मिसनको पनि व्यवस्था गरेको छ। मेलाकै अवसरमा भर्ना हुने चाहनेलाई २५ प्रतिशत छुटमा तालिम उपलब्ध गराइने माइक्रोल्यान्डले बताएको छ। त्यस्तै, महिला र अपाङ्गका लागि ५० प्रतिशत छुट दिइने माइक्रोल्यान्डका शैलेन्द्रमान जोशीले बताए। माइक्रोल्यान्डले बेसिक कम्प्युटर हार्डवेयरको तीनमहिने र ल्यापटपको दुईमहिने कोर्स गराउदै आएको छ।

मेलामा रेडस्टोन आईटी एकेडेमी, सागर इन्टरनेसनल टेक्नोसिस आदिले आईटी शिक्षा र सेवासम्बन्धी जानकारी दिइरहेका छन्। त्यस्तै मिडास टेक्नोलोजी प्रालिले शैक्षिक सामग्री प्रदर्शनीमा राखेको छ। टचस्टोन इन्फोसिसले नेपाली भाषामा कम्प्युटरको विभिन्न पार्ट्स मर्मत गर्न सकिने सफ्टवेयर सार्वजनिक गरेको छ।

**नेपाल टेलिकमको सेवा परामर्श**

क्यान इन्फोटेकका अवसरमा नेपाल टेलिकमको कुनै पनि सेवाका सम्बन्धमा प्रत्यक्ष अन्तर्क्रिया गर्न सकिन्छ। नेपाल टेलिकमले मोबाइल, नोटिस वोर्ड सर्भिस, एडिएसएल सेवासम्बन्धी कुनै पनि जिज्ञासा मेट्ने प्रयास गरिरहेको बजार प्रबन्धक प्रमोद प्रमारले बताए। 'हामीले आफ्नो सेवा-सुविधाका सम्बन्धमा परामर्श दिइरहेका छौं' उनले भने- 'कुनै पनि जिज्ञासा भए स्टलमा आएर प्रत्यक्ष सोधपुछ गर्दा हुन्छ।' नेपाल टेलिकमको प्राविधिक पक्षका सम्बन्धमा जनचेतना फैलाउने काम पनि स्टलबाट भैरहेको उनले बताए। गत वर्ष क्यान इन्फोटेककै अवसरमा नेपाल टेलिकमले एडिएसएल प्रविधिमा सार्वजनिक गरेको थियो। अहिले यो सेवा नेपालका प्रमुख सहरहरूमा फैलिइसकेको छ। यो प्रविधिअन्तर्गत इन्टरनेट चलाउँदा टेलिफोनको बिल तिर्नुपर्दैन। एडिएसएल प्रविधिले इन्टरनेटको गति तीव्र हुन्छ। एडिएसएलले १ सय २८ केबी पीएसदेखि २ एमबीपीएससम्मको स्पिडमा इन्टरनेट सञ्चालन गर्छ।

# भव्य छ नियोटेरिक वर्ल्ड

क्यान इन्फोटेक २०१० मा सबैभन्दा धेरै स्टल गोल्छा अर्गनाइजेसनअन्तर्गतको नियोटेरिक नेपाल प्रालिको छ। मेलामा सबैभन्दा आकर्षक र धेरै स्किम पनि नियोटेरिकले नै सार्वजनिक गरेको छ। नियोटेरिक नेपालका प्रबन्ध निर्देशक सञ्जय गोल्छाका अनुसार नियोटेरिककै लजिटेकले क्यान इन्फोटेकको टाइटल स्पोन्सर गरेको छ।

नियोटेरिकले यसपटकको इन्फोटेकमा एचपी ब्रान्डको ल्यापटपको एक्सक्लुसिभ अफर ल्याएको छ, जसअनुसार मेलामा एचपीको ल्यापटप खरिद गर्नेले ल्यापटपसँगै म्याकाफे एन्टिभाइरस सफ्टवेयर, ल्यापटप ब्याग, युएसबी माउस, किबोर्ड स्क्रिन, युएसबी लाइट, रिचार्जेबल स्पिकर, कुलिङ प्याड, युएसबी फ्यान, ल्यापटप स्क्रिन, ल्यापटप लक आदि गरेर ६ हजार मुल्यको सामग्री निःशुल्क पाउनेछन्। त्यस्तै नोकियाको ३० हजार मूल्य बराबरको एन एटीवान मोबाइल सेट खरिद गर्नेलाई ८ हजार मूल्य बराबरको एन फाइभवानथ्रीजीरो सेट निःशुल्क प्रदान गरिन्छ।


नियोटेरिकले सामसुङ एलसिडीका साथमा १ हजार ५ सयको वेबक्याम निःशुल्क दिइरहेको छ। सामसुङका उच्च रिजोलुसनका एलसिडी पनि मेलामा राखिएको छ। नियोटेरिकका अजय साडेब्राका अनुसार मोजरवेयरको २० वटा सिडी लिँदा ५ वटा सिडी निःशुल्क प्रदान



गरिन्छ भने ५ हजार मूल्य पर्ने नोकिया २३३० को खरिदमा १ हजार मुल्यको ब्लुटुथ निःशुल्क छ। क्यान इन्फोटेकलाई नै लक्षित गरेर नियोटेरिकले पहिलो पटक सामसुङ ब्रान्डको ल्यापटप पनि सार्वजनिक गरेको छ। यस्तै लजिटेक र युम्याक्सका उत्पादनमा क्यान स्पेसल मूल्य निर्धारण गरिएको छ। डेलको नयाँ रेन्जका ल्यापटप पनि नियोटेरिकका आकर्षण हुन्। सिस्कोको नेपालस्थित अधिकृत विक्रेता भएकाले नेटवर्किङ विभिन्न उपकरणलाई छुटका साथ उपलब्ध गराइएको छ। विन्डोज सेभेनको बिक्री तथा निःशुल्क ओभिमेल सेवा पनि स्टलमा उपलब्ध छ।

एप्पलका नयाँ मोडलका आइपड तथा म्याजिक माउसको स्टल पनि नियोटेरिकले राखेको छ। मेलामा न्यूनतम ३० हजार रुपैयाँदेखिका एचपि ल्यापटप छन्। एचपि कोर टु डियो ४३ हजार ९ सय ९० रुपैयाँमा उपलब्ध छ। नियोटेरिकले २ वटा प्याभिलियनमा १८ वटा स्टल राखेको छ, जसलाई नियोटेरिक वर्ल्ड नामकरण गरिएको छ।

## सागर इन्टरनेसनलको २४ वटा स्टल




ब्रदर प्रिन्टर तथा क्यास्परस्की एन्टिभाइरस सफ्टवेयरका लागि नेपालस्थित अधिकृत विक्रेता सागर इन्टरनेसनलले क्यान इन्फोटेकलाई लक्षित गरेर थुप्रै योजना सार्वजनिक गरेको छ। 'मेलामा आउने उपभोक्तालाई लक्षित गरेर छुटका योजना ल्याइएको हो'- सागर इन्टरनेसनलका प्रबन्ध निर्देशक सागरदेव लाखेले बताए। दुई वटा प्याभिलियनमा २४ वटा स्टल लिएको सागरले मेलामा ब्रदर प्रिन्टर तथा क्यास्परस्की एन्टिभाइरसको कारोबारलाई ध्यान दिए पनि मूल उद्देश्य यी प्रोडक्टका बारेमा सर्वसाधारणलाई जानकारी गराउने रहेको लाखेले बताए। लाखेका अनुसार एक क्यास्परस्की एन्टिभाइरसको खरिदमा तीनवटा निःशुल्क प्रदान गरिनेछ। नेपाललाई भाइरसमुक्त बनाउने योजना राखेको बताउने लाखे एक एन्टिभाइरस सफ्टवेयर सिडीको मूल्य १ हजार ५ सय रुपैयाँ पर्ने जानकारी दिन्छन्। त्यस्तै कलर लेजर प्रिन्टरको प्रयोग बढाउन मेलामा ५० प्रतिशत छुटको सुविधा प्रदान गरिएको छ। ब्रदर कम्पनीको उक्त प्रिन्टरलाई उपभोक्ताले २१ हजार १ सय रुपैयाँमा खरिद गर्न सक्छन्। यस्तै प्रिन्टरका साथमा एउटा कार्टिज निःशुल्क प्रदान गरिन्छ जसअनुसार उपभोक्ताले ३ वर्षसम्म कार्टिज खरिद गर्ने झन्झट बेहोर्नुपर्दैन। लाखेका अनुसार ए थ्रि साइजको फोटोकपी मेसिनको खरिदमा पनि आकर्षक छुटको व्यवस्था मिलाइएको छ। मेलामा पहिलो २५ वटा फोटोकपी मेसिन बुक गर्नेले ३० हजार रुपैयाँमा खरिद गर्न सक्नेछन्, जब कि यसको वास्तविक मूल्य १ लाख ६८ हजार रुपैयाँ पर्छ। सागर इन्टरनेसनलले मेलामा चारवटा नयाँ उत्पादन सार्वजनिक गरेको छ। जसमा म्याक प्रयोगकर्ताका लागि एन्टिभाइरस, पासवर्ड म्यानेजर, क्राइ टु स्टोरेज, अल्ट्रा मिनी पिसीका लागि इन्टरनेट सेक्युरिटी सफ्टवेयर आदि प्रमुख छन्।

## मर्कन्टायल कम्युनिकेसन




क्यान इन्फोटेकको अवसर पारेर मर्कन्टायल कम्युनिकेसनले एसर फरारी नेटवुक सार्वजनिक गरेको छ। फरारी १२०० मोडलको यो नेटवुक ११ दशमलव ६ इन्च स्क्रिनको छ। ८० हजार मूल्य बराबरको फरारी नेटवुकमा विन्डोज सेभेन अपरेटिङ सिस्टम राखिएको छ। यसका साथै अल इन अल डेक्सटप पनि मर्कन्टायलले पहिलो पटक मेलामा सार्वजनिक गरेको छ। एसर ब्रान्डकै एएसटीआरइ-एजेड ५६१६ मोडलको यो डेक्सटपको खास आकर्षण यसको टचस्क्रिन हो। २३ इन्च स्क्रिनको यो डेक्सटप अत्याधुनिक टचस्क्रिनमा आधारित छ।

'हामीले यी दुई नयाँ प्रविधिलाई स्टलबाट सार्वजनिक गरेका छौं,' सहायक प्रबन्धक राज प्रजापति भन्छन्- 'यसका साथै एप्पसनको होम थिएटर प्रोजेक्ट पनि अवलोकनकर्ताका लागि नौलो हुन सक्छ।' ईएचडीएम ३ मोडलको यो प्रोजेक्टरमा डिभिडी प्लेयर जडित छ। यसमा एप्सनको थ्री एलसिडी टेक्नोलोजी प्रयोग गरिएको प्रजापतिले बताए। यी नयाँ प्रविधिका साथै मर्कन्टायलले १६ वटा स्टलबाट कम्युनिकेसन, इन्टरनेट सर्भिस आदिका सामग्री प्रदर्शनीमा राखेको छ, जसमा सबै रेन्जका प्रिन्टर, फोटो प्रिन्टर पनि छन्।

'मेलामा नयाँ-नयाँ प्रविधि हेर्न आउनेहरू सस्तो मूल्यको पनि अपेक्षा गरिरहेका हुन्छन्,' प्रजापति भन्छन्- 'त्यही कुरालाई ध्यानमा राखेर हामीले मूल्य घटाएर सामग्रीहरू बिक्री गरिरहेका छौं।' मेलामा विक्रेताहरूबीच हुने प्रतिस्पर्धाले ग्राहकलाई फाइदा पुग्ने उनले बताए। हामीले प्रतिस्पर्धात्मक बजारलाई मूल्यांकन गरेर सामग्रीमा छुटको व्यवस्था गर्ने पनि निर्णय गरेका छौं।



# यस्तो छ १६ औं क्यान इन्फोटेक

पृष्ठ ३ बाट जारी

क्यान इन्फोटेकमा यसपटक व्यावसायीहरूले मोबाइल, ल्यापटप-नेटबुक, पेनड्राइभ, प्रिन्टर, डिजिटल क्यामेरा, पर्सनल कम्प्युटर, एलसिडी मनिटर, आइपड, डिभिडी प्लेयर, हुफर, विभिन्न सफ्टवेयर आदिको खरिदमा क्यान स्पेसल मूल्यका साथै उपहार कार्यक्रम पनि राखेका छन् । मेलामा नियोटेरिक नेपाल, सागर इन्टरनेसनल, ओम्नी ग्रुप, मर्कन्टाइल, स्टार इन्टरनेसनल आदि कम्पनीहरूले आकर्षक प्याभिलियनमा आफ्ना स्टल राखेका छन् जसमा उनीहरूले विभिन्न ब्रान्डका उपकरणहरूको व्यापार प्रवर्द्धन गरिरहेका छन् ।

'क्यान इन्फोटेक आयोजनाको मुख्य उद्देश्य प्रविधिको विषयमा व्यावसायी एवं उपभोक्ताबीच ज्ञान आदान-प्रदान गर्नु हो ।' अध्यक्ष कर्णले भने- 'उपभोक्ताहरू मेलामा सामान किन्न आउन् भन्ने होइन, प्रविधि र सम्बद्ध उपकरणका सम्बन्धमा पर्याप्त ज्ञान लिइसकेपछि मनपरेको सामान बुकिङ गर्न सकिन्छ ।'

मेलाको पहिलो दिन नै ५० हजारभन्दा बढी दर्शकले मेला अवलोकन गरेको क्यानले बताएको छ । 'यसपटक ४ लाख मानिसले मेला अवलोकन गर्ने विश्वास लिएका छौं' क्यानका महासचिव ढकालले भने- प्रविधिका सम्बन्धमा नेपाली समाज जिज्ञासु रहेकाले पनि अन्य प्रदर्शनीभन्दा इन्फोटेक पृथक महत्त्वका साथ सम्पन्न हुँदै आएको परिप्रेक्ष्यमा मेला भर्न आउने सबै पेसा एवं वर्गका मानिसले आफ्ना आवश्यकताका सामग्री तथा ज्ञान हासिल गर्न सक्छन् ।'

१ सय व्यवसायीले सहभागिता जनाएको क्यान इन्फोटेकमा २ सय ७० वटा स्टल छन् । क्यानले इन्फोटेकको १६ औं संस्करणलाई पृथक बनाउन पहिलो पटक अनलाइनबाटै इन्फोटेक हेर्न पाउने सुविधा मिलाएको छ । 'इन्टरनेटको पहुँच भएका उपभोक्ताहरू जो मेलामा आइपुग्न सक्दैनन्, उनीहरूका निम्ति इन्फोटेकलाई अनलाइन अवलोकन गर्ने अवसर जुटाएका हौं' उपाध्यक्ष पन्तले भने-'त्यसैगरी नेपाल प्रहरीले भर्खरै तयार गरेको साइबर सेलको स्टल पनि इन्फोटेकमा छ जसमा अनलाइन वा प्रविधिको माध्यमबाट आउने धम्कीका सम्बन्धमा उपभोक्ताहरूले उजुरी दिन सक्छन् ।'

**कम्प्युटर एसोसिएसन अफ नेपालको आयोजनामा प्रदर्शनीमार्गस्थित भृकुटीमण्डपमा आयोजना भैरहेको क्यान इन्फोटेक अवलोकन गर्न आगन्तुकहरू आउने क्रम जारी छ। सूचना तथा सञ्चार प्रविधि सम्बद्ध वर्षकै सबैभन्दा ठूलो मेला इन्फोटेकमा विकसित नयाँ प्रविधिका बारेमा जानकारी लिन उपभोक्ताहरू त्यहाँ जाने गरेका छन्। मेला आयोजनाका विषयमा क्यानका महासचिव तथा मेला व्यवस्थापन समितिका संयोजक विनोद ढकालसँग गरिएको सम्वादः**



**आगन्तुकहरूको उपस्थिति कस्तो पाउनुभएको छ ?**

पहिलो र दोस्रो दिन अवलोकनकर्ताहरूको उपस्थिति हेर्दा यसपटकको क्यान इन्फोटेक पनि भव्य रूपमै सम्पन्न हुनेछ, अघिल्ला वर्षहरूको तुलनामा व्यवसायीहरूले पनि उपभोक्तालाई आकर्षित गर्ने थुप्रै प्याकेज ल्याएका हुनाले पनि मेलामा हाम्रो अपेक्षाभन्दा धेरै मानिस आउने देखिएको छ । यसपटक आकर्षक स्टल निर्माण गरी व्यावसायीहरूले उपभोक्ताहरूको ध्यान खिच्ने प्रयास गरेका छन् । ब्रान्ड प्रोमोसनका निम्ति आफ्ना प्रविधि र उपकरणका सम्बन्धमा सकेसम्म धेरैलाई जानकारी गराउने उनीहरूको उद्देश्य हुने भएकाले पनि मेलामा लाखौं अवलोकनकर्ता आउने हाम्रो विश्वास छ ।

**मेलामा नयाँ कुरा के छ ?**

ठूला कम्पनीहरूको सहभागिता छ । आकर्षक नयाँ प्रविधि खरिद गर्दा पाउने छुट र उपहारका कार्यक्रमका बारेमा यहाँ उल्लेख गर्न सम्भव छैन । एउटा सामानको खरिदमा अन्य उपकरण पाउने सुविधा थुप्रै व्यवसायीले इन्फोटेकमै सार्वजनिक गरेका छन् । उपभोक्तालाई आधारभूत रूपमा चाहिने प्रविधि तथा उपकरण मेलामा छन् । मेला व्यवस्थित छ । घुम्ने र नयाँ जानकारी हासिल गर्ने उद्देश्य राखेर आउनेहरूलाई मेलामै गुणस्तरीय खाना ख्वाउने प्रबन्ध पनि मिलाइएको छ ।

**क्यानले इन्फोटेक बाहेक अरू कार्यक्रम नै गर्दैन भन्छन् नि ?**

हामीले क्यान इन्फोटेक मात्र होइन हरेक महिना सूचना प्रविधिका विषयमा राष्ट्रव्यापी अर्न्तक्रिया कार्यक्रम सञ्चालन गर्छौं । क्षेत्रीय स्तरमा पनि इन्फोटेक पनि गरिरहेका छौं । माघमा हेटौंडामा क्षेत्रीय स्तरकै इन्फोटेक गर्दैछौं । त्यसबाहेक क्यान अन्तर्गतका संघ-संस्था तथा व्यक्तिहरूको कार्यक्रमलाई क्यानले सक्दो सहयोग गर्दै आएको छ । इन्फोटेक प्रदर्शनी भएकाले यसले पर्याप्त प्रचार पाउँछ तर हामी सूचना तथा सञ्चार प्रविधिको विकासका निम्ति निरन्तर सचेतनामूलक कार्यक्रम गरिरहेकै हुन्छौ, जसले चर्चा पाउँदैन ।

उद्घोषण
RJ, VJ, MC
★ New year विशेष छुट
★ सहभागीलाई अवसर
★ चर्चित प्रशिक्षक द्वारा प्रशिक्षण
★ डिजिटल स्टुडियोमा आधुनिक प्रशिक्षण
Janas Media
कोटेश्वर, 01-2141246,
9841457750, 9849267194

MISS SHERPA - 2010

नेपाल शेर्पा संघको सहयोगमा कला संस्कृति संरक्षण केन्द्रले आयोजना गर्न लागेको Miss Sherpa 2010 मा सहभागी बन्न ईच्छुक निम्न मापदण्ड पुरा भएका शेर्पा समुदायका दिदीबहिनीहरुलाई अनुरोध गर्दछौं ।

सहभागीताका लागी मापदण्डहरु :–

१. शेर्पा समुदायको अविवाहित हुनुपर्नेछ ।
२. कम्तिमा १६ बर्ष पुरा भई २५ वर्ष ननाघेको हुनुपर्नेछ
३. कम्तिमा SLC उर्तिर्ण हुनुपर्नेछ ।
४. कम्तिमा उचाई ५ फिट हुनुपर्नेछ ।
५. सहभागी बन्न कुनै पनि भौगोलिक सिमाले छेक्ने छैन ।

LIVE ON
KANTIPUR TELEVISION NETWORK
Media Partner
साप्ताहिक

आयोजक
कला संस्कृति संरक्षण केन्द्र
न्यु प्लाजा, काठमाडौं
सम्पर्क नं. ९८४१२५६६५८, ९८४१७४५४०४, ९८४९१५९१८७
(सहभागीताको लागी आवेदन फारम बितरण कार्य जारी छ ।)



# वायरलेसका प्रवक्ता महावीर

***तपाईंको जन्म ? उनी फेरि एकछिन मौन भए। उनले भने-'मेरो जन्म यही मितिमा भयो भन्ने बा-आमालाई त थाहा भएन, मलाई झन् के थाहा? नपढेका बाबा-आमाले माघे संक्रान्तिपछि तँ जन्मिएको भनेको मात्र थाहा छ।' तर उनले व्यक्तिगत प्रयोजनका निम्ति २०११ साल माघ ५ गतेलाई जन्ममिति बनाएका थिए। 'बाबा ब्रिटिस लाहुरे थिए, तर ब्रिटिस लाहुरे भन्दैमा अहिले र उहिलेको लाहुरेको जीवनशैली तुलना गर्न मिल्दैन नि" उनले कथा सुनाउँदै भने, त्यसबेलाका ब्रिटिस लाहुरे भनेका इन्डियन लाहुरेजस्तै हुन्।***

**विदुर खतिवडा**

'लाइन गयो, अब आज काम हुँदैन, भोलिमात्र आउनुहोस्, लाइन जाँदैन होला भन्ने मानेर आजै सकिदिन्छु भनेको थिएँ, तर भएन,' मोबाइल फोनमा कसैले यसो भनिरहँदा, गम्भीर मुद्रामा उनले भने- 'समाउनुपर्थ्यो नि, किन जान दिएको त ?' कस्तो गजबको ठट्टा ! तर उनी अलिकति पनि हाँसेनन् ।

'बिजुलीले धोका दिइरहन्छ, एउटा किताब लेख्नुपर्‍यो भनेर लेखिहालें तर बेला-कुबेला यसले दिने धोकाका कारण छाप्ने प्रक्रिया लम्बिँदै गएको छ', लामो खुइयपछि उनले आवाज निकाले- 'त्यसैले मैले ताररहित प्रविधिको लबिङ गरेको हो ।' हेर्दै अल्छीजस्तो लाग्ने, बोल्न पनि पैसा पर्नेजस्तो काया महावीरको बाहिरी आवरण हो, तर व्यावहारिक रूपमा भने उनीजस्तो चुस्त व्यक्ति सायदै भेटिएला ।

म्याग्दीको नांगीलगायतका गाविसहरूमा इन्टरनेट सञ्जाल फैलाउन सफल भएकै कारण एसियाको नोबल पुरस्कार मानिने म्यागासेसेका हकदार बनेका महावीर पुनको अहिलेसम्मको यात्रा सुन्दा उनी वास्तवमै पृथक् ढंगका मानिस हुन् भन्ने पुष्टि हुन्छ । तपाईंले त सफलतै सफलता हात पार्नुभएको छ हैन ? एकछिन घोरिएपछि उनले भने- 'तपाईंले सफलता मात्र देख्नुभएजस्तो छ, तर म धेरै कुरामा असफल भएपछि मात्र सफल भएको व्यक्ति हुँ ।'

तपाईंको जन्म ? उनी फेरि एकछिन मौन भए । उनले भने-'मेरो जन्म यही मितिमा भयो भन्ने बा-आमालाई त थाहा भएन, मलाई झन् के थाहा ? नपढेका बाबा-आमाले माघे संक्रान्तिपछि तँ जन्मिएको भनेको मात्र थाहा छ ।' तर उनले व्यक्तिगत प्रयोजनका निम्ति २०११ साल माघ ५ गतेलाई जन्ममिति बनाएका थिए ।

'बाबा ब्रिटिस लाहुरे थिए, तर ब्रिटिस लाहुरे भन्दैमा अहिले र उहिलेको लाहुरेको जीवनशैली तुलना गर्न मिल्दैन नि' उनले कथा सुनाउँदै भने, त्यसबेलाका ब्रिटिस लाहुरे भनेका इन्डियन लाहुरेजस्तै हुन् ।

२ हजार ३ सय मिटर उचाइमा जन्मिएका महावीरको बाल्यकाल घाँस काट्ने, भेडा हेर्ने, दाउरा काट्ने, पानी बोक्नेजस्ता घरायसी काममै बित्यो । 'उमेर पुगेपछि बाबा जस्तै ब्रिटिस लाहुरमा जाने प्रयत्न गरिन्थ्यो होला', उनले भने- 'रिटायर लाहुरेहरूले नपढेको पीडा भावी पुस्ताले बेहोर्नु नपरोस्, लाहुर जाँदा पनि सावा अक्षर चिन्ने भएर गए भने हाम्रो भन्दा राम्रो हुन्छ भन्ठानेर स्कुल चलाए, जसले मेरो बाटो बदलिदियो ।'

महावीरका अनुसार विद्यालयमा नाम लेख्न सिकाउँथे, बिस्तारै जोड, घटाउ र गुणन सिकाउन थाले । बेलायत बसेर आएको छनक दिन, २-४ वटा अंग्रेजी वाक्य पनि सुनाउँथे ।

परीक्षाप्रणाली पनि गजबकै थियो, आफैंले पनि शैक्षिक प्रमाणपत्र नदेखेका लाहुरे शिक्षकहरू आफ्ना विद्यार्थीहरूलाई १ कक्षा पास भइस्, तँ २ कक्षा भन्दै उपल्लो कक्षामा जाने अनुमति दिने परीक्षा नियन्त्रक थिए । ५ कक्षासम्म त्यसरी पढिसकेपछि ६ कक्षा जाने बेलामा रिटायर लाहुरेहरूले एसएलसी उत्तीर्ण मास्टर ल्याए । त्यसपछि कक्षा ७ सम्म चलाउने निर्णय भयो । 'हिमाञ्चल मिडल स्कुल नामकरण पनि त्यहीबेला भयो,' उनले भने- 'तर हामीले कक्षा ७ सम्म नै पुस्तकको अनुहार देख्न पाएनौं, ड्रेस र जुत्ता लगाउने त कुरै नगरौं ।'

२२ सालतिर ७ कक्षा पूरा गरेपछि उनको अध्ययन यात्रा लगभग समाप्त भैसकेको थियो, तिम्रो छोरो तीक्ष्ण एवं मेधावी छ, यसले अध्ययनको मौका पायो भने केही गर्न सक्छ, भनेर मास्टरले भनेपछि महावीरका बाबाले गाउँबाट नजिकै पर्ने मल्लाजमा रहेको स्कुलमा पढ्न पठाउने निर्णय गरे । '१५ वर्षको लाहुरे जीवन बिताएर बाबा फर्किसक्नुभएको थियो,' महावीरले भने- 'बाबा पल्टनमा रहँदाको एउटा क्षेत्री साथी मल्लाजकै थिए । उनकै घरमा बसेर पढें, तर त्यहाँ पनि कक्षा ८ सम्म मात्र पढाइ हुन्थ्यो ।'

कक्षा ८ मा उनले मल्लाजका विद्यार्थीहरूलाई टप्दै प्रथम स्थान ल्याए, तर फेरि अध्ययन यात्रा रोकियो । कक्षा ९ कहाँ पढ्ने ? बाबाले पढाउँछु भने पनि पैसा थिएन, नजिक भनेको पोखरा थियो, उनले भावुक हुँदै भने-'त्यसैबेला लाहुरे मामाले चितवनमा बस्ने छाप्रोसहितको थोरै जग्गा किनेर आएको सुनाए, बाबाले मामाको जग्गा कमाइ गर्ने र मलाई पढाउने प्रस्ताव राख्नुभयो ।' त्यसपछि अध्ययनको तिर्खा मेट्न बाबासँगै डोको बोकेर महावीर चितवन पुगे । 'यो २४-२५ सालको कुरा हुनुपर्छ', उनले सम्झिए- 'बाबा र म पोखराबाट नारायणगढ हुँदै ६ दिनमा मामाले जग्गा लिएको वीरेन्द्रनगर पुग्यौं ।'

मामाको जग्गामा कमाइ लगाएर घर खर्च धेग्ने चुनौती बाबु-छोराको थियो । चितवन पुगेपछि महावीर दुई घण्टा पैदल हिंडेर पुगिने खैरहनी माध्यमिक विद्यालयमा भर्ना भए । 'बिहानभरि जोतेर १० बजे स्कुल पुग्थें,' उनले भने, 'कक्षा ९ मा पनि फस्ट भए ।' उनले २७ सालमा खैरहनी माध्यमिक विद्यालयबाटै एसएलसी उत्तीर्ण गरे ।

एसएलसी उत्तीर्ण भएपछि बाबाले छोरालाई काठमाडौं राखेर पढाउने निर्णय गरे, तर फेरि पैसा नै समस्या बनेर तेर्सियो । त्यसैबेला भूपू सैनिकका छोराछोरीलाई मासिक ७५ रुपैयाँ अध्ययन छात्रवृत्ति दिने कुरा बाबाले थाहा पाए । बस्ने निःशुल्क तथा खाना र अध्ययन शुल्क ७५ पाउने भएपछि उनी काठमाडौंस्थित अमृत साइन्स क्याम्पसमा आईएस्सी अध्ययनका लागि भर्ना भए । ३० सालमा आईएस्सी गरेपछि उनी चितवन आएर शिक्षक बने ।

दिव्यनगरस्थित दिव्यनगर माविबाट अध्यापन प्रारम्भ गरेका पुनले ४-५ वटा विद्यालयमा शिक्षकका रूपमा काम गरे । १२ वर्षसम्म लगातार शिक्षण पेसा अँगालेपछि महावीरले अमेरिका जाने सोच बनाए । आईएस्सी उत्तीर्ण गरेको तीन वर्षपछि उनले प्राइभेटबाटै बीए उत्तीर्ण गरेका थिए । उनले लगातार दुई वर्ष विभिन्न अमेरिकी विश्वविद्यालयमा पूर्ण छात्रवृत्तिका लागि आवेदन दिए । 'अमेरिकास्थित युनिभर्सिटी अफ नेब्रास्काले त्यो अवसर दियो', पकेट मनि पनि दिने त्यो विश्वविद्यालयमा उनले विज्ञान संकायमै स्नातक तहको अध्ययन प्रारम्भ गरे । सन् १९८९ मा अमेरिका पुगेका महावीरले स्नातक तह पुरा गरेपछि मास्टर्स लेभलको थुप्रै क्रेडिट आवर पूरा गरे पनि क्लियर गरेनन् ।



'मैले १२ क्रेडिट आवर लिए पुग्थ्यो' उनले भने- 'तर ज्ञान हासिल गर्दा केही फरक पर्दैन भनेर १८ क्रेडिट आवर लिए । मलाई विश्वविद्यालयले सबै खर्च दिन्थ्यो, त्यसकारण मैले पैसा कमाउनेतर्फ ध्यान दिइन ।' पहिलो चार वर्ष बसाइका क्रममा एकाध पटक साथीहरूसग विकेन्ड सेलिब्रेट गर्न विश्वविद्यालयबाहिर निस्किनुबाहेक प्रायः उनी विश्वविद्यालयमै बस्थे । अमेरिकामा ४ वर्ष बस्दा उनले २ क्यान बियर पिएको सम्झिए ।

सन् १९९३ मा नेपाल फर्किएर उनी सबैभन्दा पहिले आफू जन्मिएको नांगी पुगे । जहाँ उनले अध्ययन गरेको विद्यालय कक्षा ८ सम्म सञ्चालन भैरहेको थियो । 'मैले हिमाञ्चल मिडल स्कुललाई हाइ स्कुल बनाउने प्रस्ताव गाउँलेहरूसमक्ष राखें', उनले भने- 'सबैको सहयोगमा स्कुल सञ्चालन हुने भयो, पढाउने एउटा शिक्षकका रूपमा म नियुक्त भए ।' स्कुलको विकासमा अहोरात्र खट्ने योजनाका साथ आएका महावीरले विद्यालयको आयआर्जनको कार्यक्रम सञ्चालन गरे । ब्रेडमा हाल्ने जाम बनाउने, खरायो, कुखुरा, चौरी पाल्ने सामूहिक विकासका कार्यक्रमलाई विद्यालयको कोषमार्फत उनले सञ्चालन गरे । उनी आउनेबित्तिकै विद्यालयका ४ जना शिक्षकलाई बीएड अध्ययनका निम्ति पोखरा पठाइयो । अमेरिका नेपाल एजुकेसन फाउन्डेसनले कलेज अध्ययनका लागि शिक्षकहरूलाई छात्रवृत्ति दियो । स्कुलकै व्यवस्थापनमा बिस्तारै चीज फ्याक्ट्री तथा अहिले कागज उत्पादन पनि सुरु गरिसकेका महावीरले नांगीलाई पर्यटकीय स्थलका रूपमा विकास गर्न लजसमेत निर्माण गरिसकेका छन् ।

'सन् १९९५ मा उनी ६ महिनाका लागि फेरि अमेरिका गए, अमेरिका जानुको उद्देश्य थियो, स्कुल र नाङ्गीका सम्बन्धमा वेबसाइट निर्माण गर्नु । अमेरिकामै रहँदा इन्फरमेसन टेक्नोलोजीको क्षेत्रमा विकास भएका चमत्कारिक कुरा आत्मसात् गरिसकेका महावीर अत्यन्तै पिछडिएको पहाडी बस्ती नांगीमा जीवन बिताउने निर्णय गरेर आएका थिए । नांगी विकासकै लागि वेबसाइटमार्फत भोलन्टियर भएर आउनेहरूलाई बाटो खोल्न उनले वेबसाइट विकास गरेको बताए । उनले भने- 'सन् १९९६ बाट भटाभट विदेशी भोलन्टियर आउन थाले । वेबसाइट भए पनि नांगीमा त्यसलाई हेर्ने सुविधा थिएन । पोखरा वा काठमाडौं आउँदा उनी वेबसाइट अपरेट गर्न पाउँथे । सन् १९९७ मा उनले अस्ट्रेलियन स्कुलको सहयोगमा नांगीमा कम्प्युटर त पुऱ्याए, तर इन्टरनेट पुऱ्याउने कुरा सपनाजस्तै थियो । कम्प्युटर पुगेपछि उनले स्कुलमा कम्प्युटर शिक्षा पनि प्रारम्भ गरे । 'मैले ९८ देखि कम्प्युटर क्लास सुरु गरिहालें,' उनले भने-'भोलन्टियरमा आएका विदेशीहरूसँग कसरी इन्टरनेट पुऱ्याउने भनेर होमवर्क सुरु गरें ।'

त्यसबेलासम्म नेपालमा डायल अप इन्टरनेट सेवा थियो । डायल अप भए पनि उनले गाउँमा टेलिफोन सेवा पुऱ्याउने प्रयास गरे पनि त्यो सम्भव भएन । 'गाउँलेहरूलाई इन्टरनेटमार्फत देश दुनियाँ देखाउने, इमेल गर्न सिकाउने मेरो योजना थियो', उनले भने- 'खासमा व्यक्तिगत स्वार्थ मेरो थियो, विदेशमा बसेका साथीभाइसँग सम्पर्क गर्न पनि इन्टरनेट चाहिएको थियो ।' सन् २००१ मा वायरलेससम्बन्धी काम गर्ने दुई जना भोलन्टियर नआउन्जेल उनको इन्टरनेट सपनाले गति लिन सकेको थिएन । चर्किएको माओवादी द्वन्द्वका कारण सरकारले फोन, भीएचएफ स्याटलाइट फोन चलाउन नदिइरहेका बेला उनले पोखराबाट नांगी वायरलेस नेटवर्क गराउन सफल भए । बिनालाइसेन्स नै पोखराको टेलिफोनलाई वायरलेस सिग्नलमार्फत तानेर टेलिफोन चलाएको उनले बताए । महावीरका अनुसार इन्टरनेट पनि पोखराको आइएसपीबाट सिग्नलमार्फत तानिएको थियो ।

'महावीर वायरलेस प्रविधिमा सफल भैसकेका थिए', गाउँमा इन्टरनेट पनि पुगेपछि स्कुले बालबालिकालगायत थुप्रैलाई उनले देश दुनियाँबाट परिचित गराए । नांगीपछि वरिपरिका गाउँहरू राम्चे, टिकोटमा वायरलेसको सञ्जाल फैलिँदै गयो । सन् २००१ म उनी फेरि अमेरिका गए । अनि एजुकेसन एडमिनिस्ट्रेसनमा मास्टर्स डिग्रीको सर्टिफिकेट लिएर फर्किए ।

'इन्टरनेट पुगेपछि गाउँको महारमै परिवर्तन आएजस्तो अनुभूति भयो', महावीरले भने- 'गाउँमा फोन र इन्टरनेट भएपछि देशविदेशमा भएका आफन्तहरूसग उनीहरूको नियमित सम्पर्क बढ्यो ।' इन्टरनेट पुगेपछि महावीरले पोखराको ओम अस्पतालसँगको सहकार्यमा टेलिमेडिसिन सेवा प्रारम्भ गरे । हाल ३ सय विद्यार्थी अध्ययन गर्ने हिमाञ्चल माविमा कम्प्युटरको अध्ययन अनिवार्य छ । करिब २ दर्जन कम्प्युटर राखेर निर्माण गरिएको कम्प्युटरल्याबबाट विद्यार्थीले सूचना-प्रविधिका सम्बन्धमा नांगीमै बसेर ज्ञान हासिल गरेका छन् ।

## सफलताको सूत्र

- कहिल्यै पनि हरेश खानुहुँदैन, कुनै एउटा कुरामा असफल भइयो भनेर निराश हुनुहुँदैन । सोच जहिले पनि सकारात्मक हुनुपर्छ । मेहनत गर्नुपर्छ, मेहनत नगरी केही हुँदैन ।
- म एउटा क्षेत्रमा जागिर खाएर अडिने किसिमको मानिस होइन, १२ वर्षको मास्टरी पनि भाइबहिनीको अध्यापनका लागि गरेको थिएँ, म कसैले यो गर वा त्यो गर भनेर काम गर्ने मानिस पनि होइन, त्यसैले आफ्नै प्रयासबाट नयाँ-नयाँ काम गर्ने मन गरें, जसमा थुप्रै पटक असफल भए पनि अन्तत सफल भए ।
- चाहेको भए विदेश बस्न सक्थें, राम्रो जागिर पनि पाउँथें, तर त्यसमा उसले भनेबमोजिमको काम गर्नुपर्थ्यो, मैले स्वतन्त्रता गुमाउँथें, मानिसले आफ्नो जीवनमा आफूले चाहेको काम गर्नुपर्छ, जसमा उसले सन्तुष्टि पनि पाउँछ ।
- मानिसहरू गल्ती गर्न डराउँछन्, मैले गल्ती गर्न कहिल्यै डराइनँ, गल्तीले नयाँ पाठ मात्र होइन, सिर्जनात्मक क्षमता पनि वृद्धि गर्छ । माओवादी जनयुद्धका बेलामा सरकारी अनुमतिविनै उपकरण भित्र्याएर वायरलेस नेटवर्क विस्तार गरेरै छोडें ।
- धेरैले सफलताका पछाडि पैसाको हात हुन्छ भन्छन्, तर म यो कुरा मान्न तयार छैन, मैले प्रोजेक्ट सुरु गरें, अनि पैसालाई त्यसको पछाडि दौडाएँ, पैसा जुटाएर प्रोजेक्ट सुरु गर्छु भनेको भए म आजसम्म पनि सफल हुन्नथें ।
- कुनै पनि काम थालनी गर्दा जनता वा समुदायलाई मोटिभेट गरियो भने पैसा त्यहीबाट निस्कन्छ, विदेशीको मुख ताक्ने हो भने कहिल्यै विकास हुँदैन । मैले सरकारको सहयोग पनि खोजिनँ, अहिले सरकार आफैं सहयोग गर्न तयार छ । डेढ वर्षयता एक डलर कार्यक्रमबाटै मैले ३० हजार डलर संकलन गरें, जुन वायरलेस नेटवर्क विस्तारमै खर्च भयो ।
- सेवाभाव निष्पक्ष देखियो वा स्वार्थहीन देखियो भने नजिकका साथीभाइले सधैं सहयोग गर्छन्, मैले आजसम्म निःशुल्क स्वयंसेवक परिचालन गरेरै यति काम गरें भने अब त पैसाले पनि मलाई अघि बढ्न सहयोग गर्छ ।

# आईसीटी जनचेतनाका लागि इन्फोटेक

**राजनैतिक गतिरोध एवं अन्यौलग्रस्त परिस्थितिलाई चिर्दै सूचना प्रविधिको विकासले निरन्तर गति लिइरहेको छ । ठूलो फड्को मार्न नसके पनि तुलनात्मक रूपमा अन्य क्षेत्रमा भन्दा सूचना प्रविधिको क्षेत्रमा भएको विकास उल्लेख्य मान्न सकिन्छ । यसै मेसोमा सूचना प्रविधिका सम्बन्धमा जनचेतना फैलाउन वर्षेनी क्यान इन्फोटेक हुने गरेको छ । कम्प्युटर एसोसिएसन अफ नेपालले आयोजना गर्ने क्यान इन्फोटेकले यतिवेला सोह्रौं संस्करणमा पाइला टेकेको छ । नेपाल जस्तो विकासोन्मुख मुलुकका लागि क्यान इन्फोटेकको औचित्य के छ त ?**



**विप्लवमान सिंह**
**पूर्व अध्यक्ष, क्यान**

आईसीटीका बारेमा जनचेतना फैलाउन क्यान इन्फोटेक कोशेढुंगा सावित भएको छ । सन् १९९४ मा पहिलो पटक यो इभेन्ट सुरु गर्दा जम्मा ३६ स्टल थिए भने २७ सय जनाले मेला अवलोकन गरेका थिए । गत वर्ष ३ लाख अवलोकनकर्ताले भ्रमण गरे । यसरी हेर्दा पनि थाहा हुन्छ, क्यान इन्फोटेकले सार्थक गन्तव्य पहिल्याएको छ । खासमा भन्ने हो भने सूचना प्रविधिका बारेमा नयाँ जानकारी प्रवाह गर्न क्यान इन्फोटेक राम्रो अवसर बनेको छ । त्यस्तै, ग्राहक र बिक्रेताबीच अन्तर्क्रिया गर्ने थलोका रूपमा पनि क्यान इन्फोटेकको महत्त्व रहिआएको छ । क्यान इन्फोटेकका अवसरमा हुने सूचना प्रविधि सम्मेलनले पनि जनचेतना फैलाउन मद्दत मिलेको छ ।



**डा.सुवर्ण शाक्य**
**कार्यकारी निर्देशक,**
**राष्ट्रिय सूचना प्रविधि केन्द्र**

नेपाल जस्तो विकासोन्मुख मुलुकमा सर्वसाधरणमाझ सूचना प्रविधिको पहुँच पुऱ्याउन क्यान इन्फोटेकले महत्त्वपूर्ण भूमिका खेलेको छ । सूचना प्रविधिको क्षेत्रमा विश्वमा के कस्ता उत्पादनहरू आए भन्ने कुरा थाहा पाउन पनि यो मेला सहयोगी हुनसक्छ । नेपालमा सूचना प्रविधिको विकास कसरी भैरहेको छ भन्ने जानकारी मेलाबाट पाउनु अर्को राम्रो पक्ष हो । कम्प्युटरका विविध पक्षमा थुप्रै कुरा देख्न, जान्न पाइन्छ । हार्डवेयर, सफ्टवेयरको ज्ञान लिनेदेखि नयाँ प्रविधि के कस्ता छन् भनेर हेर्न पनि मेला गए हुन्छ । समग्रमा आईसीटी क्षेत्रको विकासका सम्बन्धमा अवलोकनकर्ताले सहज ढंगबाट जानकारी हासिल गर्न सक्छन्, यो नै ठूलो कुरा हो ।



**राजनराज पन्त**
**नियन्त्रक, प्रमाणिकीकरण**
**नियन्त्रकको कार्यालय**

कम्प्युटर प्रविधि, मोबाइल, हार्डवेयर आदि प्रविधिका सामग्री एउटै छानोमुनि हेर्न, बुझ्न र आवश्यक परे किन्ने राम्रो प्लेटफर्म हो- क्यान इन्फोटेक । इन्फर्मेसन टेक्नोलोजीको क्षेत्रमा नेपालमा के कस्ता विकास भएका छन् भनेर जान्ने अवसर पनि हो यो । विश्व बजारमा आएका थुप्रै प्रविधि क्यान इन्फोटेकमा पाइनु यसको राम्रो पक्ष हो । यसले समग्र नेपालीमा आईटीका बारेमा जनचेतना फैलाउन सघाउ पुऱ्याएको छ । ग्राहक र व्यापारीबीचको सोझो सम्पर्क स्थापित गराएको छ । नेपाल जस्तो विकासोन्मुक मुलुकका लागि त क्यान इन्फोटेकले उल्लेख्य भूमिका खेलेको छ, खासगरी जनचेतना फैलाउन ।



**गुनकेशरी प्रधान**
**उपप्रबन्धक, नेपाल टेलिकम**

आईटीसम्बन्धी सम्पूर्ण जानकारी लिन सकिने भएकाले क्यान इन्फोटेकको महत्त्व छ । आईटी प्रोफेनलहरूका लागि त यो ठूलो उत्सव नै हो । नयाँ-नयाँ प्रविधिहरू त्यहाँ पाइने भएकाले के कस्ता प्रविधि भित्रिए, त्यसको उपयोगिता के छ जस्ता विषयमा जानकारी लिन सकिन्छ । आईटी सम्बद्ध विभिन्न संघ-संस्थाहरूको सेवा सुविधाका बारेमा बुझ्न सक्नु राम्रो पक्ष हो । विशेषतः आईसीटीका सम्बन्धमा जनचेतना फैलाउन क्यान इन्फोटेक राम्रो माध्यम भएको छ तर सामग्री किनबेच गर्ने थलोका रूपमा मात्र क्यान इन्फोटेकलाई लिनु वा बुझ्नु राम्रो होइन । यसअघिका इन्फोटेकमा मैले रियल भिजिटरभन्दा पनि सामान किन्न आउनेहरूको भीड देखेकी छु । क्यान इन्फोटेक क्रेता र बिक्रेताको जमघटभन्दा पनि आईसीटीका सम्बन्धमा जनचेतना फैलाउनतर्फ उन्मुख हुनु आवश्यक छ ।



# मोबाइलको बढ्दो आकर्षण

पृष्ठ ९ बाट जारी

महँगो सेटमा अनेक प्रविधि र सुविधा भएर पनि त्यसको अधिकतम उपयोग गर्ने बाटो मोबाइल सेवा प्रदायकहरूले उपलब्ध नगराएकाले मध्यम तहकै सेट बढी बिक्री हुने गरेको छ । ७ देखि १० हजार मूल्यका सेट नेपालमा दैनिक १ हजारसम्म बिक्री हुने अनुमान अलाइभ ग्लाइडर गर्छन् । नेपालमा सबैभन्दा बढी बिक्री हुने नोकिया ब्रान्डको मोबाइल सेटको अधिकृत विक्रेता न्युटेरिक नेपालका अजय साडेब्राका अनुसार प्रत्येक महिना नेपालमा ८० हजार मोबाइल सेट बिक्री हुने गरेका छन् । 'त्यसमध्ये ७० प्रतिशत बजार नोकियाको छ' साडेब्रा भन्छन्- 'पछिल्लो केही समययता काठमाडौंमा सेट बिक्रीको गति स्थिरजस्तो देखिए पनि काठमाडौंबाहिर मोबाइल सेटको बजार बढिरहेकै छ ।' गत वर्ष यही समयको तथ्याङ्क हेर्ने हो, प्रतिमहिना ६० हजार मोबाइल सेट बिक्री हुन्थ्यो । साडेब्रा भन्छन्- 'सन् २०१० मा प्रतिमहिना १ लाख मोबाइल सेट बिक्री हुने निश्चित छ ।'

'अन्तर्राष्ट्रिय बजारमा सार्वजनिक भएका मोबाइल सेट केही दिनभित्रै नेपाली उपभोक्तामाझ आइपुग्छ,' शर्मा भन्छन् । यस आधारमा हेर्दा विश्व बजारमा भित्रिने कुनै पनि प्रविधिमध्ये 'मोबाइल फोन सेट नै सबैभन्दा छिटो नेपाली बजारमा भित्रिने प्रविधि हो' अब गाह्रो छैन । अलाइभ ग्लाइडरका अनुसार कुनै बेला उच्च ब्रान्डको घडी लगाएर सामाजिक प्रतिष्ठा देखाउनेहरू अहिले उच्च ब्रान्डका मल्टिफंक्सन युक्त सेट बोक्छन् । त्यसैले ४० हजारदेखि ७० हजार रुपैयाँका सेट पनि नेपालभरमा दैनिक ५० भन्दा बढी बिक्री हुन्छ । 'उच्च शिक्षा अध्ययन गर्ने तथा राम्रो आयस्रोत भएका युवायुवती एप्पलको आइफोन किन्न हिचकिचाउँदैनन्' साडेब्रा भन्छन्- 'प्रयोगका दृष्टिकोणले पनि यो सेट उपयोगी हुनु अर्को फाइदाको कुरा हो ।'

नोकियापछि सामसुङ, स्पाइस, सोनी इरिक्सन, एलजी, मोटोरोला, यसुदा, आइफोन, एचटिसी, जी फाइभ, भोडाफोन, सिग्मातेल, इन्डिकम, एचएमटी, एमबीएम, बर्ड आदिका सेट नेपाली बजारमा उपलब्ध छन् । क्यान इन्फोटेककै अवसरलाई छोप्दै कल मोबिलिटीले मोटोरोलाको डब्ल्यु एच सिरिज नेपाली बजारमा सार्वजनिक गरेको छ । यो सहित मोटोरोलाको २२ मोडल नेपाली उपभोक्तामाझ पुगिसकेको छ । कल मोबिलिटीले जी फाइभका २३ मोडल तथा यशोडाका ६ मोडलको पनि बजार प्रवर्द्धन गरिरहेको छ ।

नेपालमा मल्टिनेसनल मोबाइल कम्पनीका करिब डेढ दर्जन आधिकारिक विक्रेता छन्, जसले २ हजारदेखि लाखौं मूल्यबराबरका मोबाइल सेट नेपाली वजारमा उतारेका छन् । अन्तर्राष्ट्रिय ब्रान्डका मोबाइलसँगै चाइनिज मोबाइल पनि बजारमा छ्यापछ्याप्ती भेटिन्छ । दुई वर्षअघि चाइनिज मोबाइल सेटको बजार ह्वात्तै बढेजस्तो देखिए पनि कम गुणस्तरका कारण अहिले यस्ता सेटप्रति उपभोक्ताको चाहना घट्दै गएको साडेब्रा बताउँछन् ।

पछिल्ला दिनमा पुरानो मोबाइल सेट ल्याएर नयाँ सेट लाने सुविधा पनि विक्रेताहरूले दिन थालेपछि अहिले उपभोक्ताहरूले धेरै समयसम्म एउटै सेट बोक्न छाडेको विक्रेता जीवन मगरले बताए । मगरका अनुसार नेपालीहरूमा सेट फेर्ने ट्रेन्ड व्यापक नभए पनि विद्यार्थी, व्यापारी तथा कर्मचारीहरू एउटै सेट बोक्दा-बोक्दा इरिटेसन भयो भन्दै सेट रिप्लेस गर्न आउँछन् ।



'सहयोगीको साथ छुट्न सक्छ, मायालुको हात छुट्न सक्छ तर जीवनबाट मोबाइल नेटवर्क र मोबाइल कदापि छुट्न सक्दैन,' मोबाइलको महत्व प्रकाश पार्न व्यवसायी अलाइभ ग्लाइडरले यी पंक्तिको साथ लिए। राजधानीको मुटु न्युरोड खिचापोखरीस्थित सिटिभी मोबाइल बिक्रीकेन्द्रका प्रमुख अलाइभ ग्लाइडर नेपाली बजारमा मोबाइल सेटको बिक्री बढ्दै गएको बताउँछन्। सिटिभी, डबल भिजन, सिटिभी टु एलोन तथा लोटस मोबाइल बिक्री केन्द्र संचालन गरेका ग्लाइडरसँग साप्ताहिकको संवाद :

**नेपालमा मोबाइल सेटको बजार कस्तो देख्नुहुन्छ ?**

एकदमै राम्रो छ, यो क्षेत्रमा आधा दशकयता निरन्तर क्रियाशील भएका आधारमा भन्नुपर्दा मोबाइल सेटको बजार बढ्दो क्रममा छ । मोबाइल लाइन वितरण बढ्दै गएकाले पनि बिक्री बढेको हुनसक्छ । मेरो पसलमा सबैभन्दा बढी ब्रान्डका सकेसम्म मोडल राखेको छु, नेपाली बजारमा आएका सबै मोडल उपलब्ध हुने भएकाले होला, उपभोक्ताको क्रेज राम्रै पाएको छु ।

**प्रतिस्पर्धा कस्तो छ ?**

न्युरोडमा मात्र १ सयवटाभन्दा बढि मोबाइल पसल होलान, त्यसमा २० वटा ठूला विक्रेता छन् । धेरै पसल भएपछि उपभोक्तालाई त फाइदै हुन्छ, प्रतिस्पर्धाकै कारण हामी ५० रुपैयाँ नाफा राखेर पनि सेट बिक्री गर्छौं ।

**तपाईंको अनुभवमा कुन उमेरकाले बढी मोबाइल सेट खरिद गर्छन् ?**

मोबाइल फोनका प्रयोगकर्ता यो उमेरका हुन् भन्ने नै रहेन, पहिले धेरै आयस्रोत हुने प्रौढहरू मोबाइल बोक्थे भने अहिले स्कुले बालबालिका पनि मोबाइल प्रयोगकर्ता भएका छन् । त्यसैले मोबाइल सेट खरिद गर्न सबै उमेर समूहका आउँछन् । धेरैजसो युवायुवती आकर्षक सेट खोज्न आउँछन् भने कतिपयले सामान्य सेट भए पनि किन्छन् ।

**मोबाइल विकृति हो कि होइन ?**

कस्तो कुरा गर्नुभएको ? मानिसको जीवनशैलीमा मोबाइल एकदमै आवश्यक उपकरण सावित भैसकेको छ, कसैले यसको महत्त्व नबुझेर अनावश्यक प्रयोग गर्न सक्छन्, तर आयआर्जनका हरेक कदममा मोबाइल अपरिहार्य भैसकेको छ ।

## ● तालुमा आलु ●



प्रकाश ओझा

दुई साथी टेन्सनमा एउटा बारमा बसेका थिए ।

'के भयो यार, बडो टेन्सनमा देखिन्छस् ?'

'म बाउ बन्ने भएँ यार !'

'अरे, यो त खुसीको कुरा हो, किन दुःखी ?'

'अहिलेसम्म यो खबर मेरी श्रीमतीलाई थाहा छैन ।'

०००

एउटा बालक एकदमै जिद्दी स्वभावको थियो । बालकलाई सुधार्न सुरु-सुरुमा उसले जे-जे कुराको लागि जिद्दी गर्छ त्यो पूरा गर्नुपर्छ भन्ने सल्लाह गाउँको एउटा विद्वान् भनाउँदोले उसकी आमालाई दियो ।

'तपाईंले सोँचेभन्दा धेरै बाठो र जिद्दी छ मेरो छोरो'- आमाले भनी ।

'तपाईं आफ्ना छोरालाई मकहाँ लिएर आउनुस्' विद्वान्ले भन्यो ।

आमाले छोरालाई लिएर आई, विद्वान्को अगाडि आउनेबित्तिकै बालक रुन थाल्यो ।

'किन रोएको बाबु ?' विद्वान्ले सोध्यो ।

'भोक लाग्यो,' बालक रुँदै बोल्यो । 'खानेकुरा खानुपर्छ, भन के खान्छौ ?' 'म छेपारो खान्छु ।'

विद्वान् छक्क पऱ्यो तर ऊ आमाका अगाडि देखाउन चाहँदैनथ्यो । उसले मरेको छेपारो मगायो र प्लेटमा राखेर केटालाई दियो ।

'तारेको छेपारो खान्छु' केटो झन् साह्रो रुन थाल्यो ।

छेपारोलाई तेलमा तारियो र केटोको अगाडि पेस गरियो ।

'म आधा छेपारो खान्छु' केटोले जिद्दी गऱ्यो ।

तारेको छेपारो दुई टुक्रा पारियो ।

'आधी तपाईं खानुस् ।'

नाक राख्न भए पनि मरीतरी आधा छेपारो खायो र बिरामी आवाजमा केटोलाई विद्वान्ले भन्यो- 'ल बाबु, अब रुन छोड र यो आधी छेपारो खाऊ ।'

तर केटा अघिभन्दा साह्रो चिच्याई-चिच्याई रुन थाल्यो ।

'अब के भयो ?' थकित हुँदै विद्वान्ले सोध्यो ।

'मैले खाने आधा त तपाईंले खानुभयो । म त त्यही आधा छेपारो खान्छु छिटो निकाल्नु ।'

०००

## ● कविता ●

### छैन धाएको



मीठो थियो तिम्रो हाँसो त्यो ओंठमा आएको
चोखो थियो मेरो माया तिमीलाई लाएको
भुली गयौ तिमीले, तिमीलाई मैले चाहेको
तिम्रो यादमा तड्पे पनि छैन मैले धाएको
अझै पनि याद छ मलाई हामीले कसम खाएको
तिम्रो उपहारले मेरो वियोग हुन पाएको
वेदना पोखेको हो हैन गीत गाएको
ओँठको हाँसो मनको चाहा छैन लुकाएको
छैन मैले कसैको मुटुमा घाउ लगाएको
जति रोए पनि पुग्दैन मानिसले चाहेको
तिमीले जति नै मलाई उपनाम दिए पनि
चोखो माया लगाएको थिएँ थिइनँ मैले धाएको ।

**अनुप भट्टराई**

### मलाई नै पर्खिन्छ्यौ रे

किन तिमी हिंजो आज सबैसँग झर्किन्छ्यौ रे
सुन्छु अचेल लुकीलुकी मतिरै फर्किन्छ्यौ रे
यसो किन गर्छ्यौ भन सन्चो नभएर हो कि
साँच्चै हो त तिमी अचेल सानै स्वरमा थर्किन्यौ रे
पढ्ने लेख्ने समयमा के भयो त तिमीलाई
आफ्नै साथी-संगीसित दिक्क मान्दै तर्किन्छ्यौ रे
केही पनि छैन ममा किन यसो गर्छ्यौ सानु
मेरो बाटो हेर्दै तिमी मलाई नै पर्खिन्छ्यौ रे ।

**बद्री शिवाकोटी**

### भन्ने गर्थ्यौ

सपनीमा ब्युँझिकन, मध्यरातमा फोन गर्थ्यौ
लम्बा-चौडा मलाई पाउने, मायाका नै कुरा गर्थ्यौ
अनायासै मनमा राखेँ, कुन्नि किन थाहा छैन
तिम्रो यादमा तड्पिएरै, रात काटे भन्ने गर्थ्यौ
स्वीकारिन तिम्रा कुरा, रात बस्ने साथ-साथ
अनिंदो मै रात बिते, दिनमा भेट्ने कुरा गर्थ्यौ
मैले तिम्लाई हेरिरहें, मेरो मन जाँचिराख्यौ
तिम्ले भन्दा उसले बढी माया गर्छ भन्ने गर्थ्यौ
सोझो मनले जीवन काट्दा, लोभ लाग्थ्यो होला कति
चाह छैन त्यस्तो भन्दा, अनुभव हो भन्ने गर्थ्यौ
कति उदार तिम्रो मन, नमागी नै यौवन दिने
अन्त कतै नजाऊ तिमी, छँदैछु म भन्ने गर्थ्यौ
अनेकौंका प्रस्ताव राख्ने, त्यस्तो मन तिम्रो किन
तिम्लाई यदि पाइनँ भने, जे नि गर्छु भन्ने गर्थ्यौ ।


**रविन**

### जुँगा मुसार्नेहरू देखेँ

मुखले भने चिप्लो घस्दै धाप मार्नेहरू देखेँ
पेटले चैं कैंची मार्दै फत्रक्क पार्नेहरू देखेँ
क्या दुनियाँ छ जानी बुझी नसक्नु अपार
छली कुचोले सत्यतालाई बढार्नेहरू देखेँ
विकास निकास कामतर्फ सिन्को पनि नभाँचेर
नानाभाँती कुरै मात्र दोचार्नेहरू देखेँ
न उन्नति, न प्रगति, न त नै नवनिर्माण
सपार्ने सुधार्नेभन्दा ज्यादा बिगार्नेहरू देखेँ
जो हुनुपर्ने गुण मानवमा इमानदारिता
ग्रहण नगरेर बरु उल्टै लछार्नेहरू देखेँ
देखेँ खुसीले उन्मत्त भै रमाउनेहरूलाई पनि
यै संसारमा पीर सन्तापले आँसु झार्नेहरू देखेँ
धरतीका पाटाहरूमा कतै भने भोको पेट त
कतै टन्न अघाई जुँगा मुसार्नेहरू देखेँ
निर्धक्क भन्छ सदाशिवले जता जहाँ जे देख्यो
हरबखत स्वार्थकै ढोका झ्याल उघार्नेहरू देखेँ ।

**सदाशिव के.सी.**

## ● लघुकथा ●



### मीतज्यू

एकादेशमा एक्ले बिरालो थियो । ऊ भौंतारिएर जंगल पस्यो र वनबिरालो भयो । जंगलमा समूहमा नमिल्ने अर्को एउटा बहुला बाँदर थियो । बिरालो र बाँदर दुवै सिंह, बाघ, चितुवा आदिको डरले रूखमा बस्थे । आपसमा बाँदर र बिरालो घुलमिल भए । पक्का मित्र बन्न मित पनि लगाए । अब दुवै एक घर भए । नजिकै दसैं आएको छ, खानेकुराको प्रबन्ध गरौं न- बाँदरले चोर बुद्धि अगाडि सार्‍यो । बिरालोले भन्यो- म मांसाहारी, हजुर साकाहारी खानेकुराको ऱ्याङठ्याङ नै मिल्दैन । दसैंमा मासु पनि खान्छन् । सेलरोटी पनि पकाउँछन् । दुवैलाई मिल्ने गरी ल्याउँला नि, बाँदरले अड्डी कस्यो । मनासिवै हो भनी दुवै चोर्न गए । एक डालो सेलरोटी चोरेर ल्याई बाँड्न बसे । तराजुमा बराबर राखे पनि पल्ला एकातिर भारी भयो । बिरालोले रोटी मिलाउने प्रयास गऱ्यो तर असफल भयो । बाँदरको पालो जता भारी हुन्छ उतैको भाँच्दै खाँदै गर्दागर्दै रोटी सिध्यायो । बिरालो काँटाको माथिको सियो हेरिरहेको थियो । रोटी सकिएर सीधा भएको तराजुको काँटा हेरेर उसले भन्यो वाह मीतज्यूको बुद्धि ।

**अज्ञात**

# मौलिक सांस्कृति पर्व माघी

**गोपाल मरासिनी**

हाम्रो समाजमा बसोबास गर्ने आदिवासीहरूमध्ये थारू समुदायले हरेक वर्ष माघे संक्रान्तिलाई महान् पर्वका रूपमा धूमधामका साथ मनाउँछन् । माघीलाई थारूहरू आफ्नो समुदायको नयाँ वर्ष र स्वतन्त्रताको दिनका रूपमा समेत लिन्छन् । पुस मसान्तमा आफ्नो लेनदेन हरहिसाब चुक्ता गर्ने र माघ १ गतेदेखि नयाँ कारोबार सुरु गर्ने चलन पनि छ । किसानहरू माघीमा आगामी वर्षका लागि खेतीपातीलगायतका अन्य व्यवहार सञ्चालन गर्न अग्रसर देखिन्छन् । थारू समुदायको मौलिक संस्कृति पर्वका रूपमा लिइए पनि यसलाई स्थानअनुसार माघ, माघी देवानी, मघौटा आदि नामले मनाइन्छ ।

थारू समुदायमा माघी देवानी भनिने माघी परम्परागत विशेषता एवं मौलिक संस्कृतिको महान् पर्व हो । माघीमा वर्षभरि गरिएको अन्याय-अत्याचार तथा राम्रा-नराम्रा कामका बारेमा छलफल गरिन्छ । मालिकको घरमा एक-आपसको समझदारीमा एक वर्षका लागि करारमा राखिएका हरहवा, चरहवा, झलारी, गयरवा, भैसरवा आदि कामदारले माघी पर्वका दिन बिदा पाउँछन् । यो पर्वमा उनीहरूले आफ्ना बारेमा निर्णय गर्ने अधिकार पाएका हुन्छन् ।

यो पर्वका दिन नै विवाह गर्ने, घर बनाउने, कसकी छोरी कसको छोरासँग विवाह गर्ने, सगोलमा बस्ने वा छुट्टिने, कुनै जिम्दारको खेत जोत्ने वा नजोत्ने जस्ता योजना बन्छन् । सबै खाले कुरा खुला हृदयले भन्ने र वार्षिक योजना बनाउने दिन नै माघी हो । यसैले माघीलाई वाषिक योजना बनाउने पर्व, उन्मुक्तिको पर्व वा स्वतन्त्रताको पर्वका रूपमा चिनिन्छ ।

थारू समुदायमा मकर संक्रान्तिको दिन माघी स्नान गरिन्छ । माघे संक्रान्तिको दिन बिहानै उठेर आफ्नो गाउँनजिकको नदी, पोखरी, जलाशय आदिमा समूह-समूहमा स्नान गरी लोटामा पानी, अक्षता लिई नजिकको शिवालयमा पूजाआजा गर्ने चलन छ । यो दिन नुहाइसकेपछि दाल, चामल, नुन छोई आफ्ना मान्यजनलाई ढोगेर आशीर्वाद लिने चलन छ ।

माघी पर्वका दिन पवित्र स्थानमा गै स्नान गरे लुतो निको हुन्छ र वर्षभरिको पाप पखालिन्छ भन्ने जनविश्वास रहँदै आएको छ । माघीमा दाउरा काट्न जाने नयाँ दुलही छिन् भने दुलाहा र सासँससुराले आगो ताप्न एक भारी दाउरा दिने प्रचलन छ । आफ्नी चेलीलाई उपहारस्वरूप आफ्नो क्षमताअनुसार नगद वा जिन्सी प्रदान गरिन्छ । यसलाई थारू भाषामा निस्त्राउ दिने भनिन्छ ।

थारू समुदायमा निस्त्राउ छुट्याइसकेपछि मान्यजनबाट टीका ग्रहण गरिन्छ र सानाले मान्यजनबाट आशीर्वाद लिने चलन छ । यो प्रक्रिया घरबाट सुरु भै छरछिमेक हुँदै समाजमा फैलन्छ । यो परम्पराले थारू समुदायमा आपसी सहयोग, एकता, सुमधुर सम्बन्ध, सद्भाव आदानप्रदान गर्ने कार्यमा सहयोग पुऱ्याउँदै आएको छ ।

गाउँमा कसैसँग मनमुटाव छ भने माघीमा नुहाएर अंकमाल गरी मेलमिलाप गर्ने चलन छ । नयाँ आथिक वर्षका रूपमा लिइने माघी पर्वमा गुण र दोषका आधारमा गाउँमा अगुवा चुन्ने प्रचलन रहिआएको छ । गाउँमा गरिने सामाजिक, धार्मिकलगायत अन्य कार्य सहज बनाउन सरसल्लाहमार्फत आगामी आर्थिक वर्षका लागि वरपर प्रधान अधारी, सधारी तथा गाउँको चौकीदार चुन्ने प्रचलन छ । माघी मनाउने परम्परागत मूल्य-मान्यता संस्कार थारूहरूको मौलिक संस्कार हो ।

३ ईन्च सम्म उचाई बढाउने
Height Plus
१०५० पर्ने Japani Yoko Free मा अन्तर्राष्ट्रिय होलोग्राम प्राप्त ।
जाँड रक्सी र चुरोटको कुलत थाहै नदिई छुटाउने
यौन शक्ति उत्तेजना नहुने, शीघ्रपतन रोक्ने, लिङ्गको साईज बढाउने Herbal product को साथमा ।
Japani Oil
मोटोपना घटाउने तौल बढाउने १२ Kg सम्म
Breast बढाउने, घटाउने र टाईट गर्ने।
१००% ग्यारेण्टि ०% साईडईफेक्ट
फ्रि होम डेलिभरी
तुरुन्त केश झर्न रोकी उमार्ने ।
Gorkha Herbal
Hotline: 4282138, 9841079654, 9851026391 चितवन: 9845279326

सिट सिमित छ । सुवर्ण मौका
५०% छुट



के तपाईपनि सिप सिकि आत्मनिर्भर हुन चाहनु हुन्छ ? यदि चाहनु हुन्छ भने आजै सम्पर्क राख्नु भई यस "शान ब्यूटि होम" मा एरोमा तथा हर्वल ब्यूटी क्लीनिकमा अन्तर्राष्ट्रियस्तरका ब्यूटिशियन डिप्लोमा । एडभान्स । स्पेसल तथा विदेश जानेहरुका लागी विशेष कोर्षहरुका साथै डिजिटल पर्म । मल्टीकलर हाई लाईट । हेयर एक्स्टेन्सन तथा आधुनिक नयाँ प्रविधियुक्त फेशियलहरु समावेश गरिएको कोर्षहरु ५०% छुटमा संचालन भईरहेको हुँदा ईच्छुक दिदीबहिनीहरुलाई भर्ना हुनको लागी आव्हान गरिन्छ ।

सम्पर्क: Shaan BEAUTY HOME HERBAL BEAUTY CLINIC
शान ब्यूटी होम
एरोमा तथा हर्बल ब्यूटी क्लीनिक तथा ट्रेनिङ्ग इन्ष्टिच्यूट
मानभवन, जावलाखेल । फोन: ५५२५८३३

Hellotunes (CRBTs) - आफुलाई मनपर्ने गीत सुनाउनुस् सबैलाई



मोहित / विवेक
recharge

| Song | NT | Mero Mobile | UTL |
|---|---|---|---|
| खोलाको त्यो सङ्लो पानी | 0140001709 | 602272 | 7784650 |
| आउ बस | 0140001710 | 602392 | 7784651 |
| भएपनि ठिकै | 0140001711 | 602393 | 7784652 |
| गुराँस फुलेर | 0140001712 | 602394 | 7784653 |
| हिमचुली | 0140002808 | 6021576 | 7785704 |

Most Popular Hellotunes



| Song | Singer | NT | Mero Mobile | UTL |
|---|---|---|---|---|
| दर्शन नमस्ते | राजेश पायल राई | 0140001695 | 60267 | 7784351 |
| लाग्छ मन | आनन्द कार्की | 0140002819 | 6021540 | 7785668 |
| भीजेका यी | इन्दिरा मगर | 0140001981 | 602521 | 7784817 |
| धेरै यी | शशी रावल / सुरज लम्साल | 0140001980 | 602520 | 7784816 |
| कतै तिमीले | अञ्जु पन्त | 0140001807 | 602387 | 7784707 |
| के के भन्छ | मौसमी गुरुङ्ग | 0140002310 | 602759 | 7785044 |
| तिमीलाई मन पराउँछु | नविन के. भट्टराई | 0140002140 | 602696 | 7784983 |
| दुई थुङ्गा | सबिन राई | 0140002541 | 6021287 | 7785412 |

Recommended Hellotunes



| Song | Singer | NT | Mero Mobile | UTL |
|---|---|---|---|---|
| तिमी पारी | विनय K2 | 0140003143 | 6021913 | 7786013 |
| जिउँन चाहन्न | सगुन एण्ड डि कम्पनी | 0140002151 | 602707 | 7784994 |
| तिमी त्यसै लजायौ | ज्वाला एण्ड अहगोर | 0140003175 | 6021872 | 7786038 |
| अन्तिम आश | कर्ण दास | 0140003166 | 6021902 | 7786070 |
| भयो गल्ती | दिपेश कि. भट्टराई | 0140003063 | 6021731 | 7785896 |
| नहेरी नी नबोलेनी | क्रान्ति आले | 0140003048 | 6021716 | 7785879 |
| किन रोए | अनिल सिंह | 0140003002 | 6021711 | 7785874 |

NT (नेपाल टेलिकम)प्रयोगकर्ता:
1.DEF < space > CRBT Code(तपाईले रोजेको गीतको CRBT नम्बर) टाईप गरी 1455 मा पठाउनुहोस् ।
MERO MOBILE प्रयोगकर्ता:
1.BUY < space > PRBTcode (तपाईले रोजेको गीतको नम्बर) टाईप गरी 9209 मा पठाउनुहोस् ।
UTL प्रयोगकर्ता:
1.DNSETCRBTcode(तपाईले रोजेको गीतको नम्बर) टाईप गरी 1242 मा पठाउनुहोस् ।

DIGITAINMENT PVT. LTD.
Chakupat, Patan Dhoka
Ph: 5005530, 2237395

## ● सन्देश ●

देशमा सुख, शान्ति, सुरक्षा, उन्नति-प्रगति, समृद्धि एवं भ्रातृत्वको स्थापना होस् भन्ने कामना गर्दै तमाम चिरपरिचित मित्रहरूमा हार्दिक शुभकामना।

tamandas_g@yahoo.com

ज्योति, कहाँ छ्यौ, के गर्दै छ्यौ, कस्तो चल्दै छ जिन्दगी ? तिम्रो जीवन सुखमय रहोस्। यही साप्ताहिकले हाम्रो मित्रता गाँसिदियो। आज विछोडका दिनमा पनि यसैको सहारा लिंदैछु। तिम्रा बस्तीहरूतिर पुग्दा तिम्रो सम्झनाले सताउँछ।

**मित्र**

आत्मीय साथी नारायणको सुखद दाम्पत्य दीवनका लागि हार्दिक शुभकामना। साथीहरू नारायण, प्रयास, रवीन, चन्द्र, शरद, गीता, देवकी, मनु, सुदर्शन, विमल तथा राजनलाई मीठो सम्झना।

**तान्जेन तामाङ**

उर्गेन दोर्जे छोलिङ टुल्बु गुम्बाका आत्मीय साथीहरू तथा स्कुल अनि क्याम्पस लेभलका सम्पूर्ण लामा विद्यार्थी मित्रहरूमा शैक्षिक सफलताको लाखौंलाख शुभकामना।

**टासि गुरुङ**

अञ्जना, तिम्रो जीवनमा नयाँ जोस एवं उमंग छाओस् अनि तिमीले चालेका पाइलाहरू सफलताको शिखर चुमून्, लाखौं लाख शुभकामना।

**टासि लामा**

मेरो नाममा पोष्टबक्सबाट लगातार पत्र पठाउने तर नाम नहुने साथीलाई एक पटक आफ्नो नाम सहितको पत्र पठाउन अनुरोध छ।

**नरबहादुर**

सम्पूर्ण परिचित तथा अपरिचित साथीहरूलाई मेरो नाम एड गरेपछि आफ्नो जानकारी पनि पठाउनुहुन अनुरोध छ। कृपया मलाई झूटा जानकारी नदिनुहोला।

**नारायण कुँवर**

माघे संक्रान्तिको उपलल्यमा दाइ उमेर, अरुण, उपेन्द्र श्याम, तरुण, साथीहरू सुदर्शन, रमेश, सुरेन्द्र, धमेन्द्र, उपेन्द्र, सम्पूर्ण मित्रहरूलाई हार्दिक शभकामना। विशेष सम्पूर्ण थारु र मलाई र ञ्जित भनेर चिनिने नातागोता, इष्टमित्र, सम्पूर्णलाई हार्दिक शुभकामना।

**गजराज रञ्जीत**

साथीहरू रामप्रसाद, उपेन्द्र, प्रवीण, सुवास, सञ्जीव, सुप्रभात, विराट, अनिता, वर्षा, गंगा, खगेन्द्र, किरण, प्रेम,, रञ्जिता, संगीता, सम्झना, बहिनी भावना, सुषमा लगायत सम्पूर्ण परिचित साथीहरूमा माया एवं सम्झना।

**सुबोध लामा**

माइक्रोबसमा चक्रपथबाट रत्नपार्क जाँदा सँगै बसेकी कलेज ड्रेसमा रहेकी अञ्जान सानुलाई आई लभ यु। आइतबार १२ बजे जमलको पुलमा भेट, म तिम्रो प्रतीक्षामा रहनेछु।

**सुदर्शन थापा**

चन्द्रनिगाहपुर र वन बहुअर्वाका सबै आफन्त, इष्टमित्र तथा सरहरूमा सम्झना एवं शुभकामना। पत्र लेख्न नभुल्नुहोला।

**रामेश्वर सिलवाल**



## सूचना

**१४ फेब्रुअरी अर्थात् फागुन २ गते विश्वभर मनाइने प्रेमदिवसका अवसरमा आफ्ना प्रेमी-प्रेमिका एवं आफन्तजनलाई शुभकामना सन्देश पठाउन चाहनुहुने पाठक एवं शुभचिन्तहरूले आफ्नो सन्देश कुपनसहित माघ २२ गतेसम्म साप्ताहिकको कार्यालयमा आइपुग्ने गरी पठाउनुहुन अनुरोध छ।**

## अधुरो प्रेम

## ● जीवनको गोरेटोमा ●



खै के भनेर सम्बोधन गरूँ, म तिमीलाई मेरी भनेर सम्बोधन गरूँ भने अरूले नै तिम्रो सिउँदो रङ्गाउँदैछ। अरू नै नामले सम्बोधन गरूँ भने पाँच वर्षदेखि मेरी भनी सम्बोधन गर्दै आएको मनले मान्दैन, त्यसैले अरूकै हुन लागेको भए पनि अन्तिम पटक मेरी भनेरै सम्बोधन गर्दैछु।

म मानसिक रूपमा विक्षिप्त भए पनि शारीरिक रूपमा कुशल नै छु र त्यहाँ तिमीलाई पनि कसैको कुदृष्टि नपरोस्। आजको यो भीडभाड, व्यस्तता र लोडसेडिङको मारमा रहेर बचेको थोरै समय सदुपयोग गर्दै मैनबत्तीको धिपधिपे उज्यालोको सहारा लिएर खाली पानामा कालो मसीले अन्तरआत्माका भावनाहरू समेट्दै छु। 'एभ्री थिङ इज डिफिकल्ट बट नो इम्पोसिबल' भन्ने महान् व्यक्तिको भनाइ मेरो जीवनसँग मेल नखाँदा उक्त भनाइ कुन आधारमा टेकेर बनाइएको हो ? प्रश्न सोध्न मन लाग्छ। असफलता भन्ने कुरा यो संसारमा नभैदिएको भए सफलता भन्ने कुराको मूल्य हाम्रो देशको बजार भाउजस्तो बढ्ने थिएन होला, तर असफलता हात लाग्दा नै एक रथको दुई पांग्रामध्ये एउटा पांग्रा पन्चर भएर रथको ब्यालेन्स नमिलेजस्तो भैरहेको छ जिन्दगी, थाहा छैन कुन बेला पल्टिने हो।

तिम्रो हात थाम्नेछु, दिन परे ज्यानै पनि तिम्रा लागि दिनेछु र आत्मा एक भएर सदा जिउनेछु भनी हातमा हात राखी खाएको कसम हिजोमात्र जस्तो लाग्छ, तर आज खै के भयो तिमीलाई नै थाहा होला। कति रमाइला थिए ती दिनहरू, लाग्थ्यो यो धर्तीमा म जति खुसी कोही पनि छैन। घरबाट विभिन्न बहाना बनाई एकान्तमा निस्कँदा घण्टौंको समय पनि थोरै लाग्थ्यो, तिमी नै भन्थ्यौ नि, किन पर्छ होला यो रात भनेर। तिम्रो र मेरो माया देखेर माया गर्न नजान्नेहरू ईर्ष्या गर्थे भने शुभचिन्तकहरू यिनीहरूको जोडीलाई भगवान्ले पनि छुटाउन नसकोस् भन्थे। हामीले भगवान् साक्षी राखेर खाएका कसमहरू आज अतीतका सम्झना हुँदा गह आँसुले टम्म भरिन्छ।

यसरी साथ छोड्नु नै थियो त किन मलाई मायाको प्रपञ्चमा फसायौ। तिम्रो र मेरो मायाको कोपिलालाई मलजल गरी जुनी-जुनीभर शिरमा सिउरिने चाहना थियो, तर यो कोपिलाको सुगन्ध चुम्न खोज्ने परजीवीहरू र परजीवीको आहारा बन्न खोज्ने तिम्रो दयालु प्रवृत्तिका कारण आज नफक्रीकनै माटोमा विलीन हुन लागेको देख्दा कुनचाहिँ निष्ठुरीको मन नरोला ?

आफ्नो चाहना पूरा गर्दा अरूको इच्छाको पनि तिमीले ख्याल गर्नुपर्ने थियो, तर तिमीले त सँगै खोला तरिरहेको साथीलाई बीच खोलामा पुगिसकेपछि छाडेर अर्कैको हात समाती पारि गयौ। सँगै आएको साथीलाई बगाउला कि भनेर ख्यालसम्म पनि गरिनौ। ठीकै छ तिम्रो जिन्दगी सुखसँग बितोस्। तिमीले दुःख भन्ने कुरा कहिल्यै महसुस गर्नु नपरोस् तर एउटा कुरा सधैं ख्याल राख्नू, मलाई जस्तो बीच खोलामा लगेर छाड्ने कामचाहिँ अरू कसैलाई पनि नगर्नु।

**– कुमार**

## कुपन सन्देश

**सन्देशका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ।**

पाउने :

पठाउने :

सन्देश :

## साप्ताहिक साथीका लागि फर्म

**साप्ताहिक साथीका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ।**

नाम : ..............................................................................

उमेर : ....................................... उचाइ : ..................................

पेसा : .................................... शिक्षा : ................................

स्वभाव :.................................... वैवाहिक स्थिति : ......................

अभिरुचि : ...................................वर्ण : ...................................

इमेल : ..............................................................................

ठेगाना :..............................................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..............................................................................

..............................................................................

आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

## ● साथी ●



१९ वर्षीय विक्रमअर्पण मगर ५ फिट ६ इन्च उचाइका छन्। हाल स्नातक प्रंथम वर्षमा अध्ययनरत विक्रम मिलनसार तथा भावुक स्वभावका छन्। अविवाहित विक्रम साहित्य तथा उद्घोषणमा रुचि राख्छन्। धूमपान-मद्यपान नरुचाउने विक्रम गहुँगोरो वर्णका छन्। मिडियाप्रति झुकाव भएको मित्रता गाँसिसकेपछि निरन्तरता दिने, देश निर्माणमा अग्रसर साथीको खोजीमा रहेका विक्रमलाई प्राङ्बुङ- ४ संग्रटार, अर्पणपुञ्ज, पाँचथरमा पत्राचार गर्न सकिन्छ।



नवीन अधिकारी 'स्वर्णिम' अविवाहित छन्। अध्ययन तथा पत्रमित्रतामा अभिरुचि राख्ने नवीन ५ फिट ५ इन्च अग्ला छन्। कक्षा १२ सम्मको अध्ययन पूरा गरिसकेका उनी गहुँगोरो वर्णका छन्। मिलनसार स्वभावका नवीन काठमाडौं, कोटेश्वरका बासिन्दा हुन्। मिलनसार, दुःख बुझ्ने र आपत्‌विपद्‌मा सहयोग गर्ने साथीको खोजीमा रहेका नवीनलाई sornimsapna11@yahoo.com मा इमेल गर्न सकिन्छ।




व्यवसायमा संलग्न राज जिरेल सबैसँग मिल्ने स्वभावका छन्। ५ फिट ९ इन्च अग्ला राज आफूलाई पुग्ने शिक्षा हासिल गरिसकेको बताउँछन्। २२ वर्षीय राज हालसम्म अविवाहित छन्। गहुँगोरो वर्णका राज गीत-संगीत सुन्ने तथा मोडलिङ गर्ने अभिरुचि राख्छन्। जातपात अनि धनी-गरिबको भेदभाव नराख्ने, सुख-दुःखमा साथ दिने मिलनसार साथीको खोजीमा रहेका राजलाई जीपीओ बक्स-८९७५ मा पत्राचार गर्न सकिन्छ।



चन्द्रकला तामाङ 'अभागी' प्लस टु अध्ययनरत छिन्। १८ वर्षीया चन्द्रकला ५ फिट १ इन्च अग्ली छिन्। नयाँ-नयाँ ठाउँ घुम्न रुचाउने तामाङ हँसिलो स्वभावकी छिन्। गहुँगोरो वर्णकी चन्द्रकला पत्रपत्रिका पढ्ने साथी बनाउन चाहन्छिन्। दुःखसुखमा साथ दिने, भावना बुझ्ने, मित्रतामा विश्वास दिलाउने साथीको खोजीमा रहेकी चन्द्रकलालाई धरान-१५/१६ चन्डेश्वरी मार्ग, बाँझगरामा सम्पर्क गर्न सकिन्छ।



२२ वर्षीय सुमनकुमार राई ५ फिट अग्ला छन्। प्रमाणपत्र तहमा अध्ययनरत राई मिजासिलो स्वभावका छन्। अविवाहित सुमन धेरै साथी बनाउने अभिरुचि राख्छन्। गहुँगोरो वर्णका सुमन साइनो गाँसिसकेपछि नछुट्टिने मित्रको खोजीमा छन्। सुमनलाई खोटाङ, दिक्तेलमा पत्राचार गर्न सकिन्छ।



चञ्चले स्वभावका पूर्ण सुब्बा नोकरी गर्छन्। उमेरले २२ वर्ष पुगेका सुब्बा ५ फिट ४ इन्च अग्ला छन्। प्रमाणपत्र तह उत्तीर्ण सुब्बा अविवाहित नै छन्। उनी पत्रमित्रतामा अभिरुचि राख्छन्। गहुँगोरो वर्णका सुब्बा सबैप्रति समान व्यवहार गर्ने, सामाजिक भेदभाव नगर्ने, सुखमा नमात्तिने, दुखमा नआत्तिने तथा धर्मसम्बन्धी ज्ञान भएका साथीको खोजीमा छन्। उनलाई पोष्टबक्स नम्बर-४ सप्तरीमा सम्पर्क गर्न सकिन्छ।

# पुरुषहरू महिलाको चरित्र र चालचलनको कुरा किन बढी गर्छन् ?

कुनै पनि व्यक्तिलाई अरूको चालचलन र रुचिका बारेमा बढी चासो हुन्छ ।

**केशमान पुन** (२०)

पुरुषहरू मात्र होइन, महिलाहरूले पनि पुरुषको उत्तिकै कुरा गर्छन् । यो विपरीतलिङ्गीप्रतिको आकर्षण हुन सक्छ ।

**मीनबहादुर परियार, कोटेश्वर**

महिलाहरूलाई पनि कम आँक्न मिल्दैन, यो मामिलामा उनीहरू पनि खप्पिस छन् ।

**सचिन**

सायद विपरीत लिंगी भएर होला ।

**उपेन्द्र गोले** (२६)

त्यो कुरा तपाईंलाई नै थाहा होला, तपाईं पनि त पुरुष हो ।

**देवराज दाहाल**

चरित्र र चालचल नै मानिसको सबैभन्दा ठूलो सम्पति हो । राम्रो र चाहिने गफ गर्नु त ठीकै हो तर कामै नपाएर कुरैचाहिँ काटिहाल्नु हुँदैन ।

**सुजित खतिवडा**

द्वापर युगमा सीताले त आफ्नो चरित्रका लागि अग्नि परीक्षा दिनु परेको थियो यो त झन् कलियुग हो ।

**कुमार श्रेष्ठ** (१८)

त्यति पनि थाहा छैन तपाईंलाई ?

**bnkoirala@hotmail.com**

महिलाहरू सीमा नाघेर व्यवहार गर्न खोज्छन् साथै बढी खर्चालु भएको हुनाले पनि हो ।

**दुर्गाबहादुर माझी**

नेपालका सबैजसो पुरुष बेरोजगार छन्, दिन काट्ने मेसो त मिलाउनैपर्‍यो नि ।

**मीनु हिताङ**

विपरीत लिंगीप्रतिको आकर्षणले गर्दा होला । के गर्नु सम्पादकज्यू, मनै त हो ।

**प्रदीप चौलागाईं**

अँ साँच्ची भनूँ, महिलाको चालचलन र बानीले त पुरुषलाई मोहित तुल्याइरहेको छ ।

**आर.एस., पाल्पा**

## ● अब हाम्रो पालो ●

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. पढेर जानिन्छ कि परेर ?
२. नेपालको सबैभन्दा ठूलो समस्या के हो ?
३. वेश्यावृत्तिलाई कानुनी मान्यता दिनु हुन्छ कि हुँदैन ? किन ?
४. नेपालमा जातीय आधारमा राज्य बनाउनु कत्तिको उपयुक्त हुन्छ ? किन ?
५. कस्ता मान्छेले राजनीति गर्नुपर्छ ?
६. तपाईं वान साइडेड लभमा पर्नुभएको छ ?
७. रोमान्टिक गीत राम्रा हुन्छन् कि ट्र्याजिक ? किन ?
८. नेपालले खेलकुदमा किन सधैं हार्छ ?
९. अश्लील भिडियोको बढ्दो चलनका सम्बन्धमा के भन्नुहुन्छ ?
१०. तपाईं एक्लै हुादा के सोच्नुहुन्छ ?



नेपाली संस्कारमा पुरुषलाई बढी स्वतन्त्रता भएर पो हो कि ?

**टीकाराम अर्याल**

आफूलाई जुन कुरा मनपर्छ अथवा आफूसँग भैदिए हुन्थ्यो भन्ने चाहना भएको कुराको बढी कुराकानी हुन्छ, त्यही भएर पुरुषहरू महिलाको चरित्र र चालचलनको कुरा बढी गर्छन् ।

**पेशल दाहाल**

यो त काम नपाएको जमातको उपज बाहेक अरू के हुन सक्छ र ?

**रेशम**

महिलाको व्यवहार नै त्यस्तै हुन्छ । यो कुरा मैले तपाईंको कानमा खुसुक्क भनेको हुँ फेरि मेरी कान्छुले सुनिन् भने मारिहाल्छिन्, यसको पनि स्पष्टीकरण दिनुपर्छ मैले ।

**प्रवीण**

महिलाहरूले पनि पुरुषको कुरा गर्छन् नि, अनि बराबर हुनुपरेन त ?

**मीनबहादुर**

पूर्ण ज्ञान नभएर, भनिन्छ नि अल्पज्ञान भयंकरी ।

**खेमराज लुइँटेल** (३८)

पुरुषहरू स्वार्थी भएर ।

**के.के झा, (२८) राजविराज**

जो कोही सती सावित्रीको खोजीमा हुन्छन् त्यसैले ।

**जनक दास (२१), कलैया**

## ● यौन जिज्ञासा र समाधान ●



डा. राजेन्द्र भद्रा

**प्रश्न : म २७ वर्षीय विवाहित पुरुष हुँ । विवाह गरेको २० दिनमै मैले वैदेशिक रोजगारीको सिलसिलामा विदेश आउनुपर्‍यो । म विगत १५ महिनादेखि इराकमा छु । मलाई यहाँ एकदम यौनचाहना हुन्छ, तर बिडम्बना यहाँ यौनसन्तुष्टि लिने कुनै उपाय छैन । त्यसैले दैनिक हस्तमैथुन गरेर यौनसन्तुष्टि लिँदै आएको छु । दिनको एक-दुईपल्ट हस्तमैथुन गर्दा मेरो भविष्यमा यसले कस्तो असर गर्ला ? अनि मेरो लिङ्ग सानो छ । उत्तेजित हुँदा ३ दशमलव ५ इन्च मोटाइ र १० सेन्टिमिटर लम्बाइ हुन्छ । यो कुराले म धेरै चिन्तित छु । लिङ्ग बढाउने कुनै उपाय छ कि ? के विज्ञापनमा भनिएजस्तै लिङ्ग मोटो र लामो बनाउन सकिन्छ ? के लिङ्गको टुप्पाको छाला काट्नु राम्रो हो ? हो भने नेपालमा यो सुविधा छ कि छैन ?**

**–एस. टी.**

**उत्तर** : तपाईं घर-परिवारबाट टाढा अन्य कठिनाइका साथसाथै यौनसम्बन्धी असजिलोलाई सहेर पनि वैदेशिक रोजगारीमा हुनुहुन्छ । अन्य कतिपय असजिला सजिलै भन्न सकिने भए पनि यौनसम्बन्धी असजिलोपनको चर्चा गर्न सजिलो छैन । तपाईंलाई त्यहाँ असजिलो भएजस्तै यहाँ तपाईंकी नवविवाहिता श्रीमतीलाई पनि पक्कै असजिलो भएको हुनुपर्छ । आशा गर्छु, तपाईंले आपसी सम्बन्धको आत्मीयतालाई टाढैबाट भए सुमधुर बनाउनुभएको छ । तपाईंकी श्रीमतीसँग तपाईंको सम्बन्ध कति लामो हो, थाहा भएन । विवाहपछि विदेश जाने चटारोमा श्रीमतीसँगको सम्बन्ध कति आत्मीय बन्न सक्यो, त्यो पनि थाहा भएन ।



**परदेशमा कसरी यौनेच्छा शान्त पार्ने ?**

घरपरिवारबाट टाढा हुँदा व्यक्तिले यौनेच्छा शान्त पार्न अनेक उपाय गर्छन् । यौनेच्छा शान्त पार्न नै देहव्यापारी महिलासँग सम्पर्क गर्दा एच.आई.भी.लगायत अनेक यौनरोग लागेर देश फर्कनेहरू पनि छन् । कमाउन गएको पैसा उतै रमाइलोमा सकेर आउनेहरू पनि छन् । तपाईंको रोजगारी भएको देशमा यस्ता कार्यमा संलग्न हुन अन्य कतिपय देशको तुलनामा सजिलो नहुन सक्छ ।

तपाईंले हस्तमैथुनलाई यौनेच्छा शान्त पार्ने उपाय बनाउनुभएको रहेछ, जुन कुरा कतिपय कारणले निकै राम्रो मान्नुपर्छ । यसले अनावश्यक रूपमा खर्च हुने पैसा र समय त बचाउँछ नै, गोपनीयता पनि भङ्ग हुन दिँदैन । अन्य कुनै व्यक्तिसँग सम्पर्क नहुने भएकाले एचआईभी वा अन्य कुनै यौनरोग लाग्ने कुरा पनि भएन । हस्तमैथुन आफैंले गर्ने भएकाले यसमा अनेक यौन परिकल्पना जोड्न सकिन्छ, जसले थप आनन्द दिनसक्छ ।

**के हस्तमैथुनले हानि गर्ला ?**

तपाईंमा यौनेच्छा तीव्र छ र यसो हुनु एकदमै स्वाभाविक हो । तपाईंले दैनिक एक-दुई पटक हस्तमैथुन गर्ने गर्नुभएको छ भने त्यो शरीरले नै मागेअनुसार भएकाले यस विषयमा चिन्ता लिनुपर्ने कुनै कारण छैन । एक सामान्य व्यक्तिले शरीरले मागेभन्दा बढी हस्तमैथुन गर्न सम्भव हुँदैन । हस्तमैथुन गरेर यौनेच्छा शान्त भएको स्थितिमा व्यक्तिले हस्तमैथुन नै गर्दैन ।

तपाईंलाई पक्कै थाहा होला– हस्तमैथुन एउटा स्वाभाविक प्रक्रिया हो । लिङ्गको घर्षणका कारण हाम्रो यौन उत्तेजना बढ्दै पछि गएर चरमसुखको स्थितिसम्म पुग्छ । योनिसँगको होस् वा तपाईंको हात, लिङ्गलाई खास फरक पर्दैन । त्यसैकारण यस विषयमा अनावश्यक चिन्ता नलिनुभए हुन्छ ।

**लिङ्ग बढाउने उपाय**

यौनसुख प्राप्त गर्न तपाईंको लिङ्गको नाप पर्याप्त छ भन्ने कुरा त तपाईंले गर्नुहुने हस्तमैथुनबाट नै थाहा भैसक्यो, तर पनि किन लिङ्गको लम्बाइ बढाउन खोज्नुभएको हो, थाहा भएन । तपाईंकी श्रीमतीको कुरा गर्ने हो भने योनिको बाहिरी भागमात्र यौन संवेदनशील हुन्छ, न कि भित्री भाग । त्यसभन्दा पनि महत्त्वपूर्ण कुरा के हो भने महिलाको सबैभन्दा यौन संवेदनशील अङ्ग भगांकुर भगक्षेत्रको बाहिरतिरै हुन्छ । दुवैले यौनसुख प्राप्त गर्न केही कुरामा ध्यान दिनुपर्छ । पुरुष र महिलाले यौनसुख प्राप्त गर्ने कुरामा केही फरक हुनसक्छ । यौनचरमसुखसम्म पुग्न महिलालाई केही बढी समय लाग्न सक्छ, त्यसैले योनिमा लिङ्ग प्रवेश गराउनुभन्दा पहिले पर्याप्त पाक्क्रीडा गर्नुपर्छ । लिङ्गको नाप बढाउन विभिन्न उपाय प्रयोग गरिएको पाइन्छ : १. कसरत तथा हातैले तन्काउने विधि, २. तौल वा यन्त्रको सहायताले तन्काउने विधि, ३. पम्प प्रयोग गर्ने विधि, ४. शल्यक्रिया । शल्यक्रिया कुशल शल्यचिकित्सकबाट गरिनु आवश्यक छ । यसका बाबजुद कतिपय स्थितिमा आशाअनुरूप नतिजा नआएको स्थिति पनि छ, जसले असन्तोषलाई थप्छ नै ।

अर्को महत्त्वपूर्ण कुरा पनि छ । कुनै पनि व्यक्तिले उसको आफ्नै इन्द्रियहरूबाट सुख प्राप्त गर्छ । भनौं संगीतको आनन्द होस्, मीठो खानेकुराको स्वाद व्यक्ति आफैंले लिनुपर्ने हुन्छ । अर्को व्यक्तिले त्यसको सुनिश्चिता वा ग्यारेन्टी गर्न सक्दैन । यौनसुख प्राप्तिको सन्दर्भमा पनि यो कुरा लागू हुन्छ । अर्को कुनै व्यक्तिले सुख प्राप्त गरोस्, भन्नाका खातिर कसैले सहयोगीको भूमिका निर्वाह गर्न सक्छ तर सुख प्राप्त गर्ने ग्यारेन्टी गर्न सक्दैन ।

**अग्रचर्म काट्नु राम्रो हो ?**

तपाईंले कुन सन्दर्भमा यो प्रश्न सोध्नुभएको हो, थाहा भएन । कतिपयले धार्मिक तथा सांस्कृतिक कारणले लिङ्गको आगाडिको छाला अर्थात् अग्रचर्म काट्छन् भने अन्य कतिपयले स्वास्थका कारणले । नेपालमा पनि यसको प्वाल सानो भएर पिसाब फेर्न वा लिङ्ग उत्तेजनामा समस्या पर्दा अग्रचर्म काटिन्छ । यो सामान्य शल्यचिकित्सा भएकाले यसलाई वहिरङ्ग सेवाकै रूपमा सम्पन्न गरिन्छ र शल्यक्रियाको केही समयपछि घर जान सकिन्छ । पारसी, मुसलमान अनि केही इसाई समुदायका साथै कतिपय अफ्रिकी समुदायमा यस्तो चलन छ । सानै उमेरमा यसरी अग्रचर्म काटिएका व्यक्तिमा क्यान्सर हुने सम्भावना नकाटिएको तुलनामा कम देखिएको छ भने अचेल एचआईभी सर्ने सम्भावना पनि कम भएको कुरा आएको छ । अग्रचर्म काटेपछि शिष्नमुण्डको संवेदनशीलतामा कमी आउने भएकाले यौनसम्पर्कका बेला आनन्द कम हुने कतिपयको विश्वास छ भने कतिपयले यौनसम्पर्क अझ आनन्ददायक हुने कुरामा विश्वास गर्छन् । मास्टरर्स र जोनसनले आफ्नो अध्ययनमा अग्रचर्म काटेका तथा नकाटेका पुरुषमाझ खासै भिन्नता भेट्टाएका थिएनन् ।

के तपाईमा यौन सम्बन्धी समस्या छ ?
पुरूषहरुमा देखिने
शीघ्र पतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष, सरुवा यौनरोगका साथै उमेर अनुसार यौनाङ्ग विकास नहुनु ।
महिलाहरुमा देखिने
सेतो पानी बग्ने, योनी चिलाउने, यौन सन्तुष्टिमा कमी भएको महसुस हुने, स्तन सानो वा ठूलो हुने, तल्लो पेट दुख्ने तथा महिनावारी सम्बन्धी समस्याहरु ।
मानसिक
निराशा उदासिपन, मानसिक डर, भय, दिमागको वोधोपन ।
महिला वा पुरुषहरुमा हुने बाँझोपन (नि:सन्तान) को गोपनियताका साथ उपचार
सम्पर्क स्थान: माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिष्ट डाक्टर्स क्लिनिक
पुतलीसडक, काठमाडौं (साडी प्यालेस माथि) फोन: ४२४०३८१, ४२२५५३५
शाखा कार्यालय
पोखरा – ०६१–५३९१९४
वुटवल – ०७१–५४८८९३
भरतपुर – ०५६–५२०९६८
इटहरी – ०२५–५८४०८८
दाङ– ०८२–५६२९८३,
हरिओन सर्लाही – ०४६–५३०४८४
हेटौडा – ०५७–५२६०४६
सप्तरी, फत्तेपुर – ०३१–५५०११२

सुखी विवाहित जीवनको लागि
सेवाको १६ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएको यौन रोग, शीघ्रपतन, यौनदुर्बलता, स्वपनदोष, पिसाब सित धातु खस्ने, नपुंसकता, शुक्राणुको कमि, नि:सन्तानपन आदिको सफल उपचारको लागि आज नै भेट्नुहोला ।
भेट्ने ठेगाना: फोन नं.: ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल (पारिपट्टी) काठमाडौं

आकर्षक व्यक्तित्व
Acupuncture, अक्युप्रेसर (VASTU) उपकरणहरू
● अनुहार गोरो बनाउन (Roop Amrit)
● डण्डीफोर, चायापोतो, चारीपना हटाउने
● स्तन घटाउन, बढाउन, टाइट गर्न (Cream)
● YOKO (Height) बढाउन
लिङ्गको लम्बाई, मोटाई बढाउन
स्खलन रोक्न (Handsum up)
● केश झर्न रोकी उमार्ने (Oil)
● रक्सी, चुरोटको कुलत छुटाउन
● मोटापा घटाउन, बढाउन
● ढाड दुखाई कम गर्ने चुम्बकीय (Belt)
Abking Pro Suna Belt, Home Jogger
Blood Circulation Machine
Free Home Delivery
TELE-SHOP INTERNATIONAL
सम्पर्क Thamel, Galkopakha (ओरालोमा)
98030-87729, 97213-19662

LATEST LASERS
FOR ANY SCARS
ACNE/CHICKEN POX
BURN MARKS
ACCIDENT/STITCH
SKIN RESURFACING
and many more .........
TOUCH BEAUTY LASER CLINIC
Tel : 4469302, 4469305 Old Baneshwor
Customer Service : 9841549320

बिहेवारी
विदेशी केटाहरु सँग विवाह गर्न इच्छुक नेपाली केटीहरुले सम्पर्क गर्नुहोला ।
NEPAL ESOL INT'L WEDDING COMPANY P. LTD.
4257928, 9803626710
9806652952

मुहार
बेदाग गोरो बनाउने आयुर्वेदिक
रूपअमृत - Rs.1650/-
Anti Pimple [Rose Sunscream Free]
मुहारको दाग चायापोतो हटाउने Dr. Japan - Rs.350/-
मुहारको चाउरीपना हटाउने Cream - Rs.1250/-
स्तन बढाउने/घटाउने Cream - Rs. 1650/-
ग्याष्ट्रिक, सुगर, ब्लडप्रेशर, दम समाधान
शरीरको तौल + उचाई बढाउने
सफल आयुर्वेदिक/प्राकृतिक उपचार
शरीरको weight घटाउने
No Side effect 100% Guaranteed
केश
झर्न तुरुन्तै रोकी उमार्ने तेल
Before Herbal44 Rs. 750/- After
आस्था हेल्थ केयर
काठमाडौं, गोशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 9841330144
9845275046 Chitwan, इटहरी 025-580944

# ब्यान्ड च्यालेन्जमा साउन्ड कडल्स उत्कृष्ट



**साप्ताहिक समाचार**

काठमाडौं– झन्डै चार महिना लामो प्रतिस्पर्धापछि सांगीतिक समूह 'साउन्ड कडल्स' ले स्प्राइट ब्यान्ड च्यालेन्जमा सर्वोत्कृष्ट ब्यान्डको उपाधि जितेको छ। अघिल्लो बुधबार सम्पन्न निर्णायक प्रतिस्पर्धामा यो समूह अन्य दुई सांगीतिक समूह बाप्टिज्मा तथा इन्फ्लेक्टेडलाई पाखा लगाउँदै आफूलाई सर्वोत्कृष्ट बनाउन सफल भएको हो।

पाँच वर्षअघि बौद्धस्थित अरुणिमा माध्यमिक विद्यालयमा अध्ययनरत छँदै 'अल टाइम लुजर्स' सांगीतिक समूह स्थापना गर्ने संगीतकर्मीहरू नै विगत दुई वर्षदेखि 'साउन्ड कडल्स' समूहमा आबद्ध छन्। समूहमा अहिले सात जना सहकर्मी छन्। समूहमा राजन योञ्जन (गायक), नवीन लामा (गिटारिस्ट), साजन लामा (गिटारिस्ट), दिनेश श्रेष्ठ (ड्रमर), विराट श्रेष्ठ (बेस गिटारिस्ट) तथा सुमन गुरुङ र प्रकाश भट्टराई मेनेजरका रूपमा सक्रिय छन्। 'अल टाइम लुजर्स' मै रहेको बेला सांगीतिक कार्यक्रम सक्रिय भैरहने 'साउन्ड कडल्स' का संगीतकर्मीहरू विगत दुई वर्षदेखि यो क्षेत्रमा सक्रिय छन्। काठमाडौंका अधिकांश स्थानमा लाइभ कन्सर्ट प्रस्तुत गरिसकेको यो समूह कर्णप्रिय स्लो रक तथा अल्टरनेटिभ फ्लेवरका गीतका कारण लोकप्रिय छ। 'हाम्रो प्रस्तुतीलाई श्रोताले मन पराएकै कारण आज हामी ब्यान्ड च्यालेञ्ज विजेता बन्न सफल भएका छौं, समूहका गिटारिस्ट साजन लामा भन्छन्– 'हामीलाई एसएमएस गर्ने श्रोताहरूलाई *साप्ताहिक*मार्फत धन्यवाद भन्न चाहन्छौं।'

ब्यान्ड च्यालेन्जको निर्णायक प्रतिस्पर्धालाई कान्तिपुर टेलिभिजनले प्रत्यक्ष प्रसारण गरेको थियो। झन्डै तीन घण्टासम्म लाइभ कन्सर्टमार्फत निर्णायक चरणमा पुगेका तीनवटा समूहले आ-आफ्नो कला प्रस्तुत गरेका थिए। निर्णायक चरणमा आफूलाई सर्वोत्कृष्ट सावित गर्न तीनवटै समूहले उत्कृष्ट प्रस्तुति दिएका थिए।

सर्वोत्कृष्ट समूह घोषित भएलगत्तै उनीहरूले नगद १ लाख रुपैयाँ पनि प्राप्त गरे। यसबाहेक उनीहरूले एउटा म्युजिक भिडियोको निर्माण पनि पुरस्कारकै रूपमा हासिल गरे। अन्तिम परिणामअनुसार बाप्टिज्मा समूहले फस्ट रनर्सअपको उपाधि जित्दै नगद ५० हजार रुपैयाँ जित्यो भने इन्फ्लेक्टेड समूहले सेकेन्ड रनर्सअपमा चित्त बुझाउँदै नगद ३० हजार रुपैयाँ प्राप्त गऱ्यो।

# पवन भए प्रदर्शनी आइडल



बुटवल– आधुनिक, पप तथा नेपाली चलचित्र गीतको क्षेत्रीय स्तरको प्रतियोगितामा ४७ जना प्रतिस्पर्धीलाई पछि पार्दै पाल्पा आर्यभन्ज्याङका पवन थापाले प्रदर्शनी आइडल-२०६६ को उपाधि चुमेका छन्। अडिसन राउन्डदेखि लगातार १२ दिनसम्म आफ्नो प्रस्तुतिमार्फत हजारौं दर्शक एवं निर्णायकको मन जित्दै उत्कृष्ट बनेका पवनले फाइनलमा गुल्मीकी मायालक्ष्मी कुँवरलाई दर्शक मतका आधारमा पराजित गरेका थिए। रूपन्देही उद्योग संघको आयोजनामा बुटवलमा सञ्चालित एघारौं राष्ट्रिय औद्योगिक प्रदर्शनीमा संगीतपारखी दर्शकहरूको मुख्य आकर्षण बनेको आइडल प्रतियोगिताका विजेता तानसेन क्याम्पसमा बीबीएस तेस्रो वर्ष अध्ययनरत २२ वर्षीय पवनले उपाधिसँगै नगद १५ हजार र अन्य थुप्रै आकर्षक पुरस्कार तथा उपहार प्राप्त गरे। संगीतमा सानैदेखि रुचि भए पनि संगीतको औपचारिक शिक्षा दुई महिनाअघि मात्र लिएका पवन 'खोजी प्रतिभाको' शीर्षकको राष्ट्रिय स्तरको प्रतियोगिताको छनौटमा पनि परेका छन्। आइडलको उपविजेता मायालक्ष्मीले १० हजार, तृतीय हुने बुटवलकी सुष्मा विकले ७ हजार तथा सान्त्वना हुने बाग्लुङका छवि रास्कोटी मगरले ४ हजार नगद प्राप्त गरे। पश्चिमाञ्चल क्षेत्रमा ४७ जनाले भाग लिएको अडिसनबाट २२ जना छनौट गरी तीमध्येका ११ जनालाई प्रदर्शनी अवधिभर स्टेजमा उतारी कम मत पाउने प्रतियोगी पालैपालो बाहिरिने प्रतियोगितालाई कार्यक्रम सञ्चालक गोपाल अधिकारीको कलापूर्ण उद्घोषणले रोचक बनाएको थियो। यता राष्ट्रियस्तरको दोहोरी गीत प्रतियोगितामा १६ वटा टिमलाई उछिन्दै क्षेत्री समाज बुटवल प्रथम भयो भने राष्ट्रिय लोकदोहोरी गीत प्रतिष्ठान दाङ दोस्रो तथा नेपाल सांस्कृतिक संघ बागलुङ तेस्रो भयो। लोकगीततर्फ प्रचण्ड जीसी प्रथम भए।

**–टोपराज शर्मा**



# पार्टी जोनमा होमियो धरान

धरान– डिजे दोर्जे तथा डिजे सोडाको जबर्जस्त मिक्सिङ रिमिक्स नम्बरहरू डान्स फ्लोरमा पूरै छरिएको थियो। त्यसले पार्टीमा रम्न आएका पार्टी क्रेजी युवाहरूको मन छोएको देखिन्थ्यो। सबै जना ज्यान छाडेर डान्समा मस्त हुन थालेपछि वातावरण अर्कै बन्यो। पार्टिमा ननस्टप नाच्दानाच्दै डान्सक्रेजीहरू पसिनाले निथ्रुक भए। हलभित्र पनि बाक्लै झुन्ड थियो। सानमिगेल पार्टी जोन शीर्षकको उक्त पार्टीमा उपस्थित सबै बिन्दास बनेका थिए। पार्टी जोन धरानको आयोजनामा सञ्चालित उक्त डान्स पार्टी सबेरै सुरु भएर बेलुकीसम्म चलेको थियो।

# फिदिममा जम्यो डान्सपार्टी

पाँचथर- जिल्ला विकास समितिको कभर्डहलमा सात बजिनसक्दै युवायुवतीको उपस्थिति बाक्लै भैसकेको थियो। पुसे मेलाको अवसरमा आयोजित कार्यक्रममा रातको ठिहिराउँदो चिसोको पर्वाह नगरी युवायुवती झनझन तात्दै थिए। स्थानीय युवाहरूको सक्रियतामा सेवारो टेटु एन्ड आर्ट ग्यालरी ललितपुरले गत बुधबार यहाँ डान्स पार्टीको आयोजना गरेको थियो। सिंहलीला निर्माण सेवा प्रा.लि. तथा युके होटलले प्रायोजन गरेको पार्टीमा रम्नेहरूमा अधिकांश टिनएजर्स थिए।

रात जति छिप्पिंदै गयो सहभागीहरू नाच्न व्यस्त भए। फिदिममा दोस्रो पटक आयोजित डान्सपार्टी राम्रैसँग जम्यो। आयोजक दिपेन योक्पाङदेनका अनुसार पार्टीमा १ हजार जनाको सहभागिता थियो। डिजे पिरेन लिम्बूले बजाएका चर्काचर्का हिन्दी रिमिक्स, लोक, आरएनबी तथा डान्स नम्बरमा नाच्ने युवायुवतीहरू राति १० बजेसम्म व्यस्त देखिए।

**–लवदेव ढुंगाना**

# त्रिवेणेश्वरमा मकर नुहाउन सुरु



उदयपुरको प्रसिद्ध धार्मिक स्थल त्रिवेणीको त्रिवेणेश्वरमा मकर नुहाउने मेला प्रारम्भ भएको छ। परापूर्वकालदेखि धार्मिक महत्त्व बोक्को त्रिवेणेश्वरमा माघे संक्रान्तिदेखि १५ दिनसम्म लाखौं भक्तजनले मकर नुहाएर भाकल गर्ने मात्र होइन, मेलाबाट पर्याप्त मनोरञ्जनसमेत पाउँछन्।

कमल, ककरु, तावाखोलाको संगमस्थल त्रिवेणेश्वरमा मकर नुहाउन खोटाङ, ओखलढुंगा, सोलुखुम्बु, सिरहा, सप्तरी, सिन्धुली, सलार्हीलगायत भारतको विहारबाट समेत भक्तजन आउँछन्। यहाँ नुहाए पापमोचन हुने र मागेको कुरा पुग्ने जनविश्वास छ। यस अवसरमा हजारौं पाठी, हाँस परेवाको बली दिइन्छ। संगम स्थल त्रिवेणेश्वरमा नुहाएर तिलको डाँठको आगो तापे आयु लामो हुने जनविश्वास छ। ५ लाखभन्दा बढी भक्तजन मकर नुहाउन आउने मेला समितिले जनाएको छ।

मेलामा सोलुखुम्बुको घोडा, खोटाङको भोटे कुकुर तथा ओखलढुंगाको राडीपाखी प्रमुख आकर्षण बन्ने गरेको त्रिवेणी गाविसका सचिव पेशल पोखरेलले बताए। कृषि प्रदर्शनी, सांस्कृतिक कार्यक्रम, विभिन्न जनजातीको झाँकी तथा खेलकुद प्रतियोगिता मेलाको अर्को आकर्षण हुनेछ। १५ दिनसम्म चल्ने त्रिवेणी मैनी मेला स्थलमा सतीदेवीको अंग पतन भई त्रिवेणेश्वर महादेव उत्पत्ति भएको विश्वास गरिन्छ।

**– हीरालाल दनुवार**

# धीरजले तताए महोत्सव



धरान- महोत्सवमा घुम्न आउने सबैको हात गोजीभित्र थियो। जब स्टेजमा गायक देखा परे। एक दर्शकले प्याट्ट भनिहाले- 'अबचाहिँ जम्ने भो'। मंगलबार धीरज राईले स्टेजबाट अघि बढ्दै- 'धिरजलाई के चाहिन्छ ?' भन्ने प्रश्न गरे। त्यसपछि महोत्सवको सांगीतिक कार्यक्रममा रमाउन आउने भीडले जवाफ फर्काईहाले- 'हल्ला चाहिन्छ।' राईले आफूसँग नाच्न, गाउन र हल्ला गर्न अनुरोध गर्दै आफ्ना चर्चित गीत गाउन थाले।

उनले आफ्नो चर्चित गीत लुकी-लुकीबाट गीत गाउन सुरु मात्र के गरेका थिए, उपस्थित दर्शकको गोजीभित्रको हात माथि-माथि नाचिरहेका थिए। धीरज सबैलाई आफूसँगै कार्यक्रम नसकिउन्जेलसम्म बाँधेर राख्न सफल देखिन्थे।

कार्यक्रममा नवोदित गायक भुवन सुप्तिहाङ राईले इलाम बजार घुम्ने मेरो गीतलाई घुमाएर धरान बजार घुम्ने रहर बल्ल पूरा भो गाउँदा धरानेहरू मख्ख परेका थिए। भुवनले पनि आफ्नो गायकीको दम देखाए। धरानमा सञ्चालित दसदिने पूर्वाञ्चल क्षेत्रीय महोत्सवमा गायक मिङ्मा शेर्पा, कृष्णराजा श्रेष्ठ, नवराज बस्नेत, रमेश बोखिम राईले पनि वातावरण तताए। पूर्वाञ्चल क्षेत्रीय महोत्सवमा धराने गायक सविन राई, सपन श्रेष्ठ, गायिका सरिता राई तथा दोहोरी गायक महेश बुढाथोकीको दोहोरी प्रस्तुति रहनेछ भने हिमाल सागर, मनोज गजुरेलको हास्यव्यंग्य प्रहसन र जीरे खुर्सानीको पनि प्रस्तुति रहनेछ।

धरानमा सञ्चालन भैरहेको पूर्वाञ्चल क्षेत्रीय महोत्सवमा रमाउनेहरूको भीड बढेको छ। महोत्सवमा प्रत्येक बेलुकी राष्ट्रिय तथा स्थानीय कलाकारहरूको जमघटले पनि भीड बढेको हो। महोत्सव भोलि माघ २ गतेसम्म चल्नेछ।

**–भीषण राई**

# धुमधाम खिचडी महोत्सव



बुटवल– थारू समुदायले नवलपरासीमा पाँच दिन महोत्सव सम्पन्न गरेका छन्। जिल्लाको डण्डाबाट दक्षिणमा पर्ने थारु बाहुल्य गाउँ गोडारमा शनिबार प्रारम्भ भएको महोत्सवमा थारूहरूको परम्परागत घर, भाँडावर्तन, लत्ताकपडा, गरगहना, चिच्चर, माछा, रोटी, घोंगी आदि परिकार, जाल, डुङ्गा आदिका तस्बिर प्रदर्शन गरियो। थारू भाषाको विविध सांस्कृतिक कार्यक्रम, झाँकी प्रदर्शन र कलशयात्राले गोडारक्षेत्रमा छुट्टै रौनक थपेको थियो। महोत्सव अवलोकनका लागि नवलपरासी आएका दर्शकहरू थारू समुदायमा प्रख्यात मेडेरी, झाम्टा, रास झुमरा, लाठी आदि परम्परागत नृत्य र झाँकीमा रमाएका थिए भने उनीहरूले गोरुगाडा तथा हात्तीमा चढेर गाउँ परिक्रमा गर्दै बेग्लै आनन्द लिए।

आधुनिक रहनसहनमा हुर्किएका थारू युवायुवतीहरूले समेत लोप हुन लागेको आफ्नो परम्परागत वेशभूषा एवं संस्कारहरूका बारेमा जान्न पाएकोमा खुसी व्यक्त गरे। महोत्सवअन्तर्गत विद्यालयस्तरका थारू बालबालिकाबीच चित्रकला प्रदर्शनी, खेलकुद तथा साइकल दौड प्रतियोगिता आयोजित गरिएको थियो। यो महोत्सव आयोजनको उद्देश्य गोडारमा थारू संग्रहालय निर्माण गर्न सहयोग जुटाउनु थियो।

**–टोपराज शर्मा**





# लिङ्गेरिङ फुटबल लिगाको उदय

अमेरिकामा खेलिने फुटबल लिग 'सुपर बल' को लोकप्रियता बास्केटबलको हाराहारीमा छ। अमेरिकन फुटबलको लोकप्रियताले गर्दा त्यहाँका टेलिभिजन दर्शकले यो खेल हेर्न अतिरिक्त रकम तिर्नुपर्छ। करिब ८५ देशका दर्शकले अतिरिक्त रकम तिरेर हेर्ने यो फुटबलको मध्याह्न भने पट्यारलाग्दो हुन्छ। यो समयमा टेलिभिजन र मैदानमा बसेका दर्शकलाई दिक्क नलागोस् भनेर सन् २००९ देखि नेसनल फुटबल लिगको मध्याह्नमा लिङ्गेरिङ फुटबल लिग प्रारम्भ गरियो। युवतीहरूले हेल्मेट, प्याड, स्पोर्ट्स ब्रा र पेन्टी लगाएर खेल्ने यो फुटबललाई अलग्गै खेल मानिन्छ। पुरुष फुटबलका केही नियमअन्तर्गत खेलाइए पनि यो खेल कम समयको र ग्ल्यामरले भरिपूर्ण हुने हुँदा यसमा दर्शकको आकर्षण बढ्दो छ। गत सेप्टेम्बरमा प्रारम्भ भएको लिङ्गेरिङ फुटबल लिग जनवरी २९ तारिखमा सम्पन्न हुनेछ।







# पाका खेलाडीको लक्ष्य कांस्य


तस्बिर : सुन्दर श्रेष्ठ

**साप्ताहिक समाचार**

काठमाडौं- जम्मा ४०-४५ खेलाडी भएको स्क्वासबाट पनि ११ औं दक्षिण एसियाली खेलकुद (साग) मा नेपालले पदकको आशा गरेको छ। पुरुषतर्फ एकल र टिम इसभेन्ट गरी जम्मा दुई स्वर्णमा स्क्वास प्रतिस्पर्धा हुनेछ र नेपालले दुवै खेलमा चुनौती पेस गर्नेछ। कोलम्बो सागमा रहेको महिला स्पर्धा भने यसपाली समावेश गरिएको छैन।

यसपालि नेपाली टिममा विगतमा जस्तै उमेरले पाका खेलाडीको वर्चस्व छ। चारमध्ये तीन खेलाडी हीराबहादुर थापा, सुदीपबहादुर सिंह तथा सुरेशकुमार गुरुङले चार दशक पार गरिसकेका छन्। २९ वर्षका टककुमार तिलिजा टिमका सबैभन्दा कान्छा खेलाडी हुन्। डेढ महिनायता बन्द प्रशिक्षणमा रहेका उनीहरूले सातदोबाटोस्थित नेपाल स्क्वास एकेडेमीमा दैनिक ३-४ घन्टा प्रशिक्षण गरिरहेका छन्।

उनीहरू चारै जना नियमित खेलाडी हुन्। स्क्वासले पहिलो संस्करणबाटै सागमा लगातार निरन्तरता पाउँदै आएको छ। त्यसमा नेपालले अहिलेसम्म टिम स्पर्धामा दुईवटा रजतपदक जितेको छ। भावना सुनुवार, क्षितिज गुरुङ, कृष्णा थापा तथा मनिता शाहीको टिमले तीन वर्षअघि दसौं सागमा नेपाललाई महिलातर्फ टिम इभेन्टमा कांस्य पदक दिलाएको थियो। त्यसअघि नवौं सागमा नेपालले पुरुष टिम स्पर्धामा कांस्य चुमेको थियो। उक्त टिममा हीराबहादुर थापा, सुरेशकुमार गुरुङ, सत्यनारायण श्रेष्ठ तथा जनकबहादुर थापा सहभागी थिए।

हीरा र सुरेश यसपालिको नेपाली टिममा पनि छन् भने सत्य र जनक स्क्वासबाट टाढिइसकेका छन्। सन् १९९४ देखि नेपालमा भएका राष्ट्रिय तथा सबै किसिमका प्रतियोगिताको उपाधि हीरा एक्लैले जितेका छन्। त्यसैले ढाकामा कांस्य जित्ने नेपालको लक्ष्यमा हीरा र सुरेशको अनुभवले फाइदा पुर्याउन सक्छ। सुदीप र टक पनि कमजोर छैनन्। पोहोरसम्म गरी लगातार १४ वर्षका नेपाल नम्बर दुई स्क्वास खेलाडी हुन् सुरेश। उनलाई हराएर यसपालि पहिलोपल्ट सुदीपले दोस्रो स्थान हत्याएका थिए। सिंगापुर पुलिसमा कार्यरत कटक नयाँ पुस्ताका भरपर्दा खेलाडी हुन्।

राम्रो नतिजा ल्याउन राष्ट्रिय खेलकुद परिषद्ले उपलब्ध गराउने सुविधा बाधक रहेको हीरा बताउँछन्। उनले भने- 'तैपनि कडा अभ्यास गरिरहेका छौं, कांस्य जित्ने लक्ष्य छ।' दक्षिण एसियामा भारत र पाकिस्तान निकै बलिया टिम हुन्। बाँकी देशलाई हराउन सक्ने क्षमता नेपाली टिममा रहेको सुदीपको भनाइ छ। व्यक्तिगत स्पर्धामा सफलता पाउने सम्भावना कठिन रहेको उनीहरू स्वीकार गर्छन्। त्यसैले उनीहरूको लक्ष्य टिम स्पर्धाको कांस्यमा केन्द्रित छ।

**सागमा छनौट भएका स्क्वासका खेलाडी**

हीराबहादुर थापा
सुदीपबहादुर सिंह
सुरेशकुमार गुरुंग
टककुमार तिलिजा

**प्रमुख प्रशिक्षक : ध्रुव बहादुर गुरुङ**



# पथरीलाई उपाधि

विराटनगर- 'लौह पुरुष गणेशमान सिंह स्मृति मोरङ जिल्लास्तरीय अन्तर क्लब फुटबल प्रतियोगिता-२०६६' को उपाधि पथरी-११ पथरीले हात पारेको छ। गत आइतबार विराटनगरको सहिद मैदानमा सम्पन्न प्रतियोगिताको फाइनलमा सम्राट स्पोर्टिङ क्लब विराटनगरलाई हराउँदै पथरीले नगद २५ हजार रुपैयाँ राशि सहितको पुरस्कार जितेको हो।

नेपाल तरुण दल मोरङको आयोजनामा भएको प्रतियोगिताको पाँचौ संस्करणको फाइनलमा सम्राटलाई शून्यका विरुद्ध १ गोलले पराजित गरी पथरीले उपाधिमाथि कब्जा जमायो। दोस्रो हुने सम्राटले नगद १५ हजार रुपैयाँ सहितको पुरस्कार पाएको छ। अत्यन्त रोमाञ्चक खेलमा पूर्वार्धको २० औं मिनेटमा पथरीका लालबहादुर लावतीले बललाई जाली चुमाउँदै आफ्नो टिमको विजय सुनिश्चित गरेका थिए।

प्रतियोगिताको अनुशासित टिम लक्ष्मीमार्गको डाँगीहाट फुटबल क्लबले नगद ५ हजार रुपैयाँ पुरस्कार पाएको छ। उत्कृष्ठ खेलाडी घोषित सम्राटका कमल खवासले ३ हजार रुपैयाँ पुरस्कार पाएका छन्। पुस २० गतेदेखि २६ गतेसम्म सञ्चालित प्रतियोगितामा मोरङ जिल्लाका ए डिभिजनका १० वटा क्लबको सहभागिता थियो। विराटनगरको साइनो क्लबलाई शून्यका विरुद्ध ३ गोलको अन्तरले पराजित गर्दै पथरी फाइनलमा पुगेको थियो। सम्राट स्पोर्टिङ क्लबले लक्ष्मीमार्गको डाँगीहाट फुटबल क्लबलाई पेनाल्टी सुट आउटमा ४-३ को गोलअन्तरले हराउँदै फाइनलको यात्रा तय गरेको थियो।


# विश्वकपमा युरोप-८



● विश्वकप फुटबल विशेष ●



## सर्बिया




सर्बियाले पहिलो पटक विश्वकप फुटबलमा सहभागिता गर्दैछ । सन् २००३ सम्म युगोस्लाभिया नेसनल फुटबल टिमबाट खेल्ने सर्बियन खेलाडीहरूले त्यसपछि सन् २००६ सम्म सर्बिया एन्ड मोन्टेनिग्रो नेसनल टिमबाट अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा सहभागिता गरे । विश्वकपमा सर्बियाले पहिलो पटक सहभागिता जनाए पनि सर्बियन खेलाडीहरूले युगोस्लाभिया र मोन्टेनिग्रोका तर्फबाट विश्वकप फुटबलमा सहभागिता जनाइसकेका छन् । यसपटक विश्वकपमा सर्बिया तुलनात्मक रूपमा बलियो देखिएको छ । विश्वकप फुटबलको फाइनल चरणमा प्रवेशका लागि भएको छनौट खेलमा सर्बियाले पहिलो स्थान हासिल गरेर सिट सुरक्षित गरेको थियो । फ्रान्सलाई प्ले अफमा धकेलेर छनौट भएको सर्बिया आफूले खेलेका १० खेलमध्ये ७ मा जित, १ मा बराबरी र २ खेलमा पराजित भएको थियो । युरोपियन क्षेत्रको समूह ७ को विजेता भएर छनौट भएको सर्बिया विश्वकपको समूह 'डी' मा परेको छ । ग्रुप अफ डेथ मानिएको यो समूहमा जर्मनी, अस्ट्रेलिया र घाना पनि छन् ।

## फ्रान्स




सन् १९९८ मा विश्वकप फुटबल आयोजना गर्दा फ्रान्सले पहिलो पटक विश्वकप उचाल्ने मौका पायो । विश्वकप फुटबलको पहिलो संस्करणमै आफूलाई प्रस्तुत गर्न सफल फ्रान्स विश्वकपको उपविजेता राष्ट्र पनि हो । पहिलो संस्करणको विश्वकपमा पहिलो चरणबाटै घर फर्किएको फ्रान्सले दोस्रो विश्वकपमा पनि त्यस्तै नतिजा सामना गर्‍यो । तेस्रो संस्करणको विश्वकप आफैंले सन् १९३८ मा आयोजना गर्दा फ्रान्सले आफूलाई क्वाटरफाइनलसम्म पुर्‍यायो । सन् १९५८ को स्वीडेन विश्वकपमा तेस्रो स्थान पाएको फ्रान्सले सन् १९८६ मा मेक्सिकोले आयोजना गरेको विश्वकपमा पनि तेस्रो स्थान हात पारेको थियो । फ्रान्सले नसोचेको पराजय सन् २००२ को विश्वकपमा भोग्नुपर्‍यो । विश्वविजेताको गौरव बोकेर मैदानमा उत्रिएको फ्रान्स त्यतिबेला पहिलो चरणबाटै घर फर्किएको थियो । सन् २००६ मा जर्मनीले आयोजना गरेको विश्वकपमा फ्रान्स फाइनलमा पुग्यो र इटालीद्वारा पेनाल्टी सुट आउटमा ३ का विरुद्ध ५ गोलले पराजित भयो । प्ले अफमा आयरल्याण्डसँग परेको फ्रान्सले पहिलो लेगमा शून्यका विरुद्ध १ गोलले सफलता हात पारेको थियो । दोस्रो लेगमा भने फ्रान्सले अतिरिक्त समयमा १ गोल गरेर खेल बराबरीमा समाप्त पारेर आफूलाई छनौटमा पारेको थियो । विश्वकपको समूह 'ए' मा परेको फ्रान्सको समूहमा आयोजक दक्षिण अफ्रिका, मेक्सिको तथा उरुग्वे छन् ।

## ग्रीस



सन् २००४ मा युरोपियन च्याम्पियन भए पनि ग्रीसको विश्वकप फाइनल यात्रा त्यति लामो छैन । ग्रीसले पहिलो पटक सन् १९९४ मा अमेरिकामा आयोजित विश्वकप खेलेको थियो । ग्रीस उक्त विश्वकपमा पहिलो चरणबाटै घर फर्किएको थियो । युरोपियन क्षेत्रबाट प्ले अफमार्फत् दोस्रो पटक विश्वकप फाइनलमा छनौट भएको ग्रीसले युक्रेनलाई पराजित गरेर आफ्नो सिट सुरक्षित गरेको थियो । पहिलो प्ले अफ गोलरहित बराबरीमा टुङ्ग्याएको ग्रीसले दोस्रो प्ले अफमा भने युक्रेनलाई शून्यका विरुद्ध १ गोलले पराजित गरेर फाइनलको सिट सुरक्षित गरेको हो । विश्वकपमा समूह 'बी' मा परेको ग्रीसको समूहमा अर्जेन्टिना, नाइजेरिया तथा दक्षिण कोरिया छन् ।

## पोर्चुगल



सन् १९३४ देखि विश्वकप फाइनलको यात्रा गर्न खोजेको पोर्चुगलले पहिलो पटक सन् १९६६ मा आठौं विश्वकप फाइनल खेल्ने मौका पाएको थियो । पहिलो प्रवेशमै तेस्रो स्थान हासिल गरेको पोर्चुगलले त्यसपछि विश्वकपमा प्रवेश पाउन २० वर्ष कुर्नुपर्‍यो । इङ्ल्यान्डमा भएको विश्वकपको फाइनलमा प्रवेश पाएको पोर्चुगल पहिलो चरणबाटै घर फर्किएको थियो । त्यसको १६ वर्षपछि सन् २००२ को विश्वकप फाइनल चरणमा प्रवेश पाएको पोर्चुगल पुनः पहिलो चरणबाटै घर फर्कियो । पछिल्लो पटक सन् २००६ मा जर्मनीले आयोजना गरेको विश्वकपमा भने पोर्चुगलले चौथो स्थान हासिल गरेर आफूलाई युरोपियन क्षेत्रको बलियो राष्ट्रका रूपमा प्रस्तुत गर्‍यो । यसपटक विश्वकपको प्ले अफमा परेर सिट सुरक्षित गरेको पोर्चुगलले आफूले खेलेका दुवै प्ले अफका खेलमा बोस्निया एन्ड हर्जगोभिनालाई पराजित गरेको थियो । विश्वकपको समूह 'जी' मा परेको पोर्चुगल ग्रुप अफ डेथ पछिको कठिन समूहमा परेको छ । यो समूहमा ब्राजिल, उत्तर कोरिया र आइभोरिकोस्ट समावेश छन् ।

## स्लोभानिया



स्लोभानिया फुटबलको क्षेत्रमा नयाँ राष्ट्र हो । सन् १९९१ भन्दा अघि युगोस्लाभियामा पर्ने स्लोभानिया सन् १९९२ देखि अलग्गै अस्तित्व लिएर देखा परेको हो । युगोस्लाभियाबाट अलग भएपछि स्लोभानियाले सन् १९९८ को फ्रान्स विश्वकपको फाइनल चरण खेल्ने प्रयास गरेको थियो । उक्त अवसरमा छनौट चरण नै पार गर्न नसकेको स्लोभानियाले सन् २००२ मा दक्षिण कोरिया र जापानले संयुक्त रूपमा आयोजना गरेको विश्वकप फुटबलको फाइनल चरणमा पहिलो पटक प्रवेश पाएको थियो । पहिलो सहभगितामा स्लोभानिया आफूले खेलेका तीनवटै खेलमा पराजित भएर घर फर्किएको थियो । सन् २००६ मा जर्मनीले आयोजना गरेको विश्वकप फुटबल प्रतियोगितामा छनौट चरण पार गर्न नसकेको स्लोभानिया दोस्रो पटक आगामी विश्वकपको फाइनल चरणमा छनौट भएको छ । युरोपियन क्षेत्रमा प्ले अफ खेलेर छनौट भएको स्लोभानियाले रूसलाई पराजित गरेको थियो । मस्कोमा भएको पहिलो लेगमा १ का विरुद्ध २ गोलको पराजय भोगेको स्लोभानियाले अन्तिम लेगमा रूसलाई शून्यका विरुद्ध २ गोलले पराजित गरेको थियो । विश्वकपको समूह 'सी' मा परेको स्लोभानियाको समूहमा इङ्ल्यान्ड, अमेरिका तथा अल्जेरिया छन् ।

● मैदान बाहिर ●

## राइसले प्रेमी पाइनन्



टेलिग्राफलाई अन्तर्वार्ता दिँदै राइसले आफ्नो जीवनमा कुनै प्रेमी नरहेको बताइन् । यसअघि राइसका प्रेम अमेरिकी पौडीबाज माइकल फ्लेप, अस्ट्रेलियाका अर्का पौडी खेलाडी निक डी आर्सी, सिड्नीका रग्बी खेलाडी डेभिड विलियम तथा आफ्नो पौडी प्रशिक्षक ब्रेन्डयान क्यापेलसँग थियो । अन्तर्वार्ताका क्रममा राइसले अहिले आफूसँग कुनै प्रेमी नरहेको बताइन् । सबै प्रेमीसँग विभिन्न कारणले गर्दा अलग हुनुपर्‍यो । कुनैसँग के कुरामा मेल नखाने त कसैसँग के कुरा नमिल्ने? राइसको गत बेइजिङ ओलम्पिकको पूर्वसन्ध्यामा इमोन सुलिभानसँगको प्रेम पनि तोडिएको थियो । अहिले जीवनमा कुनै प्रेमी नपाएकी राइसले आगामी वर्षमा आफ्नो मन मिल्ने प्रेमी पाउने आशा राखेको समेत उक्त अन्तर्वार्तामा बताइन् ।

ओलम्पिक प्रतियोगितामा तीन स्वर्ण पदक जितेकी स्टेफनी राइसले आफूले कुनै प्रेमी नपाएको बताइन् । हालै बेलायतबाट प्रकाशित हुने डेलि


साप्ताहिक Classified Advertisement

### रोजगार

NGO संस्थालाई Basic Computer जानेका १३ कर्मचारी part time / full time job तलब- १३९००, २०७२५४५, ९८४१४९३०२६, ९८०३०७५९८१ चाबहिल

जर्मनी, फ्रान्स, नेदरल्याण्डको लागि Aupair girls बचत ४० देखि ५०,०००, ९७४१०५६८८६, ९८०३३८६७१२, ४२४५७६१

नयाँ अफिसकोलागि विभिन्न पदमा कर्मचारी कलंकी ९८४१८८७५२३

Multinational Company लाई Basic Computer जान्ने १३ कर्मचारी मासिक १३५०० ग्यारेन्टी ४७२०१७७, ९८४९१५२०४७, ९८०८४३६७२५ महाराजगंज

लोकन्थलीको अफिसलाई कर्मचारी ६५००, ९७२१३०८६७८

### भर्ना

सजिलै पास गरौ ६ महिनामै +2, ६ महिनामै SLC टेष्ट ग्यारेन्टी सहित SLC कक्षा- ८, कम्प्युटर स्यान्ड्रा ४३६१७१२ चितवन ०५६-५२५९१८

जापानमा अध्ययन, परापर्शस् कुमार १ जापनीज स्कुल ४४७६५००

### सम्पर्क

१००% ट्रायल ग्यारेन्टी कार, मोटर साइकल, स्कुटर सिकाइन्छ, ०१-५०००५०४, ९८४१६७२७०४

केटेश्वर चोकको शहनाज ब्युटिपार्लर बिक्रिमा ९७२१४२२४६५

### उपचार

रक्सी चुरोट छुटाउन यौनशक्ति बढाउन मोटोपना घटाउन बढाउन उचाई बढाउन ९८४९३६८१११

स्तन घटाउन बढाउन, गुप्ताङ्ग टाइट मोटोपना घटाउन बढाउन लिङ्गको साइज बढाउन ९८४१९८१९७६, ९८०३५०२२५९

लिङ्गको लम्बाई मोटाई बढाउन ९८४१५०६१३४, ९८०८३०१२३५

# माघदेखि बूढासुब्बा गोल्डकप हुने



भीषण राई

धरान- खेल क्षेत्रमा धरानकै गरिमा बढाउँदै आएको बूढासुब्बा गोल्डकपको बाह्रौं संस्करण धरान रंगशालामा सुरु हुँदैछ । माघ ५ गतेदेखि १६ गतेसम्म सञ्चालन हुने बूढासुब्बा टुबोर्ग गोल्ड कपमा राष्ट्रिय तथा अन्तराष्ट्रिय गरी १२ वटा क्लबले सहभागिता जनाउने आयोजक समितिले बताएको छ । प्रस्तावित पूर्वाञ्चल क्षेत्रीय रंगशाला धरानमा हुन गैरहेको बूढासुब्बा गोल्डकप एक लाखभन्दा बढी फुटबलप्रेमीले अवलोकन गर्ने अनुमान गरिएको छ ।

बाह्रौं अन्तर्राष्ट्रिय आमन्त्रण बूढासुब्बा टुबोर्ग गोल्डकपका लागि बाँसको प्यारापिटको हाइट बढाएर चार लेनबाट आठ लेन बनाइएको छ । नगद ३ लाख ५० हजार रुपैयाँ राशिको बूढासुब्बा गोल्डकप पहिलो खेल नाइट चेस क्लब झापा तथा एनआरटी काठमाडौंबीच हुनेछ ।

यस पटकको प्रतिस्पर्धामा १२ वटा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय टिमको सहभागिता रहनेछ । प्रतियोगितामा राष्ट्रिय टिमबाट मनाङ मर्स्याङदी क्लब काठमाडौं, नबिल थ्रि स्टार काठमाडौं, एनआरटी काठमाडौं, त्रिभुवन आर्मी क्लब काठमाडौं, सशस्त्र प्रहरी बल काठमाडौं, धरान फुटबल क्लब धरान, सहारा क्लब पोखरा, मोरङ फुटबल संघ मोरङ, नाइट चेस क्लब झापा सहभागी हुनेछन् । त्यसैगरी प्रतियोगितामा भुटान-११ भुटान, सुनाचे क्लब सिक्किम-११ भारत तथा एएचएम कामुज्जामन श्रीति संसद बंगलादेशको पनि सहभागिता रहनेछ ।

यसपटक प्रथम पुरस्कार १ लाख ७५ हजार रुपैयाँ तथा दोस्रो पुरस्कार ७५ हजार रुपैयाँ पुऱ्याइएको छ । यसैगरी उत्कृष्ट खेलाडीलाई २५ हजार रुपैयाँ, म्यान अफ दि म्याचलाई १० हजार रुपैयाँ तथा सर्वाधिक गोलकर्तालाई १५ हजार रुपैयाँ नगद प्रदान गरिनेछ । बूढासुब्बा गोल्डकपको यसपटकको अनुमानित बजेट खर्च २६ लाख ४८ हजार ४ सय रुपैयाँ छ ।

सार्कस्तरसम्म पुग्ने लक्ष्य लिएर बाह्र वर्षअघि प्रारम्भ भएको बूढासुब्बा गोल्डकपमा यसपटक ९ राष्ट्रिय तथा ३ अन्तर्राष्ट्रिय टिमको सहभागिता छ । २०५५ सालतिर धरानका फुटबलप्रेमी सुवास राई, किशोर राई, राष्ट्रिय खेलाडी इन्दु रसाइली, गोविन्द राई, पूर्ण लिम्बू, पदम लिम्बू, धनप्रसाद राई, प्लेयर मिलन श्रेष्ठ तथा किरण शर्माले धरान फुटबल क्लब गठन गरेर गोल्डकपको सुरुवात गरेका हुन् ।

### अहिलेसम्मका विजेताहरू

| वर्ष | विजेता | उपविजेता |
|---|---|---|
| २०५५ | बुल्गेरिया स्पोर्टिङ क्लब | धरान फुटवल क्लब |
| २०५६ | महेन्द्र पुलिस क्लब | धरान फुटवल क्लब |
| २०५७ | धनमण्ड क्लब | महेन्द्र पुलिस क्लब |
| २०५८ | महेन्द्र पुलिस क्लब | धरान फुटवल क्लब |
| २०५९ | महेन्द्र पुलिस क्लब | फ्रेन्ड्स क्लब |
| २०६० | मनाङ मर्स्याङदी क्लब | महेन्द्र पुलिस क्लब |
| २०६१ | थ्रि स्टार क्लब | जावलाखेल युथ क्लब |
| २०६२ | अफ्रिकन युनाइटेड क्लब | धरान फुटवल क्लब |
| २०६३ | नबिल थ्रि स्टार क्लब | अफ्रिकन युनाइटेड क्लब |
| २०६४ | एनआरटी | फ्रेन्ड्स क्लब |
| २०६५ | थ्रि स्टार क्लब | त्रिभुवन आर्मी क्लब |

# प्रशिक्षणको आकर्षण



तस्बिर : सुन्दर श्रेष्ठ

हिमेशरत्न बज्राचार्य

काठमाडौं- महेश्वर मुल्मी र उज्ज्वल मानन्धर । कुनै समय महेश्वरले संकटाको प्रशिक्षण सम्हाल्दा उज्ज्वल टिमका गोलरक्षक थिए । ब्रिटिस गोर्खाकपमा एपीएफ र संकटाबीचको खेलपछि दुवै फेरि एकपल्ट देखापरे, पोस्टम्याच कन्फ्रेन्समा । यसपल्ट भने उज्ज्वल महेश्वरका समकक्षी प्रशिक्षक थिए । उज्ज्वल संकटा सम्हाल्दै थिए भने महेश्वरको काँधमा थियो, एपीएफको जिम्मेवारी ।

महेश्वर गुरुबाका नामले बढी चिनिन्छन् । उज्ज्वलले भने, 'गुरुबा त हामी सबैका प्रशिक्षक । उनका अगाडि हामी केटाकेटी नै हौं ।' लगभग तीन वर्षको अन्तरालपछि दशरथ रंगशालामा माथिल्लो स्तरको फुटबल प्रतियोगिता सम्पन्न भएको छ र यो ब्रिटिस गोर्खाकपमा देखिएको एउटा विशेषता हो, नयाँ प्रशिक्षकहरूको आगमन ।

'फुटबलमा लामो समय बिताइयो' औपचारिक रूपमा खेलजीवनबाट संन्यास नलिएका पूर्व राष्ट्रिय गोलरक्षक उज्ज्वलले भने, 'हामीले जानेको भनेको फुटबल नै हो । खेलसँग माया पनि गाढियो । त्यसैले नयाँ भूमिकामा देखा परेको छु । प्रशिक्षकका रूपमा आफूलाई सिद्ध गर्न मैले धेरै अध्ययन गर्न बाँकी छ ।'

त्यसको केही दिन अघिको पोस्टम्याच कन्फ्रेन्समा पनि लगभग यस्तै दृश्य देखिएको थियो । दुई समकक्षीका रूपमा बालगोपाल महर्जन र मधु कार्की देखापरे । दुवैले सँगसँगै लामो समय आरसीटीमा बिताएका थिए, खेलाडीका रूपमा । आरसीटीले पछिल्लो पटक ०५७ मा बर्थडे कप जित्दा बालगोपाल कप्तान थिए भने मधु 'लिब्रो' ।

बालगोपालले नबिल थ्री-स्टार सम्हालेको लामो समय भएको छ । नयाँ पुस्ताका प्रशिक्षकमध्ये सम्भवत: सैद्धान्तिक ज्ञानमा उनी अगाडि छन् । एसियाली फुटबल महासंघ (एएफसी) ले चलाएको प्रशिक्षक प्रशिक्षण कार्यक्रममा उनले नियमित सहभागिताको अवसर पाएका छन् र त्यसमा अब्बल पनि साबित भएका छन् ।

'प्रशिक्षकलाई पर्याप्त अध्ययनको आवश्यकता पर्छ । अन्तर्राष्ट्रिय फुटबल दिनहुँ परिवर्तन हुँदैछ, त्यससँग आत्मसात् गर्न सकिएन भने हामी पछाडि पर्छौं', महर्जन भन्छन् । यस विषयमा उज्ज्वल मात्र होइन, मधु पनि पछाडि छन् । मधु सहमत पनि छन्, आफूहरूले धेरै सिक्न बाँकी रहेको तथ्यप्रति । उनले आरसीटी हेर्न थालेको पनि यो पहिलो अवसरमात्र हो ।

'फुटबलसँग जोडिएपछि त्यसबाट टाढा हुन गाऱ्हो हुने रहेछ' मधु मान्छन् । उनको पनि प्रशिक्षणका लागि गम्भीर अध्ययन सुरु गर्ने योजना छ । उनीहरूको हँलमूलमा अरू पनि अनुहार देखा परेका छन्, जस्तो विजय महर्जन । विजयले लामो समय ब्वाइज युनियनका लागि खेले । ब्रिटिस गोर्खाकप खेल्न उत्रँदा उनको नाम टिमको प्रशिक्षकका रूपमा थियो ।

पुलिस टिमका प्रशिक्षक विराटकृष्ण श्रेष्ठ भए पनि उनलाई हरि खड्काले पनि सहयोग गरिरहेका छन् । प्रशिक्षकको जिम्मेवारी जावलाखेलका किशोर केसी, फ्रेन्ड्सका मृगेन्द्र मिश्र, पीएलए मेघराज केसी तथा एनआरटी डिकेन सुवालको काँधमा छ । जसमध्ये मेघराजलाई छोडेर सबै तिनै क्लबका पूर्वखेलाडी हुन् । मेघराज जावलाखेलका हुन् ।

लगातार तीन वर्ष प्रतियोगिता हुन नसकेपछि धेरै खेलाडीले फुटबल छाडेका छन् । नेपाली फुटबलमा औपचारिक रूपमा संन्यास लिने चलन पनि छैन् । यस्तोमा खेलाडीबाट प्रशिक्षकसम्मको यात्रा निकै चाँडै तय हुन्छ । खेलाडीहरू एकाध वर्षमै प्रशिक्षक बन्छन्, खेलाडी छँदाको अनुभव लिएर । 'हामीले धेरै सिक्न बाँकी रहेको तथ्य वास्तविक हो' उज्ज्वल पनि मान्छन् ।

# कलैयाले उपाधि उचाल्यो



वीरगन्ज- सुमित श्रेष्ठको अर्द्धशतकको मद्दतले कलैया क्रिकेट क्लबले इन्डो नेपाल ट्वान्टी-२० क्रिकेट प्रतियोगिताको उपाधि चुमेको छ । मंगलबार वीरगन्जस्थित आदर्शनगर रंगशालामा भएको प्रतिस्पर्धात्मक तथा रोमान्चक फाइनल खेलमा कलैयाले आयोजक वीरगन्ज क्रिकेट एकेडेमीलाई १० रनले पराजित गरी उपाधि चुमेको हो । कलैयाले यसपटक गत वर्षको प्रतियोगितामा आयोजकबाट बेहोरेको हारको बदला लिएको छ ।

टस जिती कलैयाले पहिले ब्याटिङ गर्दै पूरै ओवर खेलेर ९ विकेट पतनपछि १ सय २५ रनको योगफल तयार पाऱ्यो । सामान्य विजयी लक्ष्यलाई पछ्याएको आयोजक वीरगन्ज कलैयाका बलरहरूका चुस्त बलिङ र क्षेत्र रक्षणका सामु परास्त हुन पुगे । वीरगन्ज १९ ओवर ३ बलमा १ सय १५ रन बनाई अलआउट हुन पुग्यो ।

कलैयाका कुमार थापा म्यान अफ द म्याच घोषित भए । वीरगन्जका सन्तोष साह म्यान अफ द सिरिज भए भने भारत उत्तर प्रदेशका हरिहरप्रसाद उत्कृष्ट बलर र वीरगन्जकै आकाश परीयार उत्कृष्ट ब्याट्सम्यान घोषित भए । प्रतियोगितामा नेपाल र भारतका गरी आधा दर्जन क्रिकेट क्लब सहभागी थिए ।

–शंकर आचार्य

# लगातार चौथो पटक उपाधि



वीरगन्ज- वीरगन्जमा जारी चौथो त्रलोक सिंह स्मृति नकआउट क्रिकेट प्रतियोगिताको उपाधि लगातार चौथो पटक विद्यासदन माविले चुमेको छ । प्रतियोगिताको शनिबार सम्पन्न फाइनलमा विद्यासदनले गौतम माविलाई ४ विकेटले पराजित गरेको थियो ।

निर्धारित २० ओवरको खेलमा गौतमले टस जिती पहिले पहिले ब्याटिङ गर्दै १८ ओवर ३ बलमा १० विकेट पतनपछि ६८ रनको योगफल तयार पाऱ्यो ।

झिनो विजयी लक्ष्यलाई पछ्याएको विद्यासदनले १६ ओवर ५ बलमा ६ विकेटको क्षतिमा लक्ष्य भेट्टाएको थियो । उसका लागि तुफेर अन्सारीले सर्वाधिक २३ तथा साकिब अन्सारीले १६ रनको योगदान गरे ।

फाइनलको म्यान अफ द म्याच विद्यासदनका इकबाल अन्सारी घोषित भए । म्यान अफ द सिरिज गौतम माविका तेजनारायण महतो, बेस्ट ब्याट्सम्यान ग्रेस माविका सन्जिव पटेल, बेस्ट बलर विद्यासदन माविका अफरोज अन्सारी तथा बेस्ट फिल्डर गौतम मावि आसिफ आलम भए । क्रिकेटप्रेमी त्रलोक सिंहको स्मृतिमा सञ्चालित उक्त प्रतियोगितामा वीरगन्जका १० वटा विद्यालय सहभागी थिए ।

# मिस टिनका रूपमा सृष्टि



गत पुस २२ गते शीतलनिवासमा राष्ट्रपति डा. रामवरण यादवसितको साक्षात्कारबाट हौसिएका रिद्धिसिद्धि मिस टिन- २०६६ का प्रतिर्स्धीहरूले एक महिना लामो प्रशिक्षणबाट निखारिएको व्यक्तित्व र बौद्धिकतालाई गत शनिबार सम्पन्न अन्तिम प्रतिस्पर्धामा प्रस्तुत गरे। परिचयात्मक चरणमा प्रतिस्पर्धीहरूले आफूलाई चिनाएका त थिए नै, तर कार्यक्रमका प्रमुख निर्णायक कृषि तथा सहकारी मन्त्री मृगेन्द्रकुमार सिंह यादवको प्रश्न पनि लगभग उस्तै अर्थात् आफूलाई वर्णन गर्नुपर्ने थियो। अतः अन्तिम चरणमा पुग्न सफल ७ जना प्रतिस्पर्धीले थप मेहनत गर्नुपर्‍यो। निर्धारित तीन मिनेटको समयसीमामा आफ्नो लिखित उत्तरलाई पूर्णता दिएपछि पालैपालो सबैजनाले आ-आफ्नो उत्तर सुनाए। आफूलाई ठूलो सपना भएकी साधारण युवती, लगनशील भएर परिश्रम गरी आफ्नो सपना साकार पार्न सक्ने, त्यसमा पनि आफ्नै क्षमतामा बढी आशावादी र विश्वास भएकी युवतीका रूपमा आफ्नो चिनारी दिएर सृष्टि न्यौपानले रिद्धिसिद्धि मिस टिन- २०६६ को मुकुट सहित ३१ हजार रुपैयाँको पुरस्कार हात पारिन्। सृष्टिले मिसन फोटोजेसिक एवार्ड पनि पाइन्। मिस ट्यालेन्टको उपाधिसहित दिव्यप्रभा झा फस्ट रनरअप घोषित भइन् भने अदीति खरेलले सेकेन्ड रनर्सअपको उपाधि पाइन्।

मूभी हाउसको आयोजनामा सम्पन्न मिस टिन २०६६ को प्रतिस्पर्धा कान्तिपुर टेलिभिजनको प्रत्यक्ष प्रसारणसागै अघि बढेको थियो। सूचना तथा सञ्चारमन्त्री शंकर पोखरेलको प्रमुख अतिथ्यमा सम्पन्न उक्त कार्यक्रमको प्रारम्भमा सहभागी ३० जना प्रतिस्पर्धीले कालो रंगको नि-लेन्थ बुट, कालै रंगको स्किनी जिन्स तथा लाइट पिंक कलरफुल स्लिभ सर्टमा क्याटवाक गरेका थिए। परिचयात्मक चरणमा उनीहरू इभिनिङ गाउनमा देखापरे। त्यसपछि छनौट भएका १५ जना प्रतिस्पर्धीले जातीयता, संस्कृति र परम्परा दर्साउने मौलिक पहिरनशैलीमा उपस्थित निर्णायकहरूको प्रश्नको सामना गरेका थिए। अश्विनी झाको कोरियोग्राफी, सुवोध गुरुङको व्यवस्थापन तथा पद्मिनी झाको संयोजनमा सम्पन्न प्रतियोगिताको अन्तिम चरणमा भने प्रतिस्पर्धीहरू सुन्दर र मनमोहक डिजाइनका आकर्षक साडीमा प्रस्तुत भएका थिए।

# माघ ५ देखि खोजी प्रतिभाको

**साप्ताहिक समाचार**

काठमाडौं– दर्शकहरूले लामो समयदेखि प्रतीक्षा गरिरहेको नयाँ नेपाली रियालिटी शो 'खोजी प्रतिभाको' को प्रसारण मिति तय भएको छ। नेपाल टेलिभिजनले निर्माण गरेको यो कार्यक्रमको प्रसारण आगामी माघ ५ गतेदेखि प्रत्येक मंगलबार राति ९:३० बजेदेखि प्रसारण हुनेछ। कार्यक्रमका निर्देशक तथा सञ्चालक दिनेश डिसीका अनुसार कार्यक्रमको देशव्यापी अडिसन अघिल्लो साता सम्पन्न भएको छ।

अभिनय, नृत्य तथा गायनको विधाअन्तर्गत नयाँ-नयाँ प्रतिभाबीचको यो प्रतिस्पर्धात्मक कार्यक्रमका लागि काठमाडौं, पोखरा, बुटवल, नारायणघाट तथा धरानमा अडिसन सम्पन्न भएको थियो, जसअन्तर्गत काठमाडौंबाट अभियनतर्फ ३६, नृत्यतर्फ ५६ तथा गायनतर्फ १ सय ६५ जना प्रतिभाले 'साप्ताहिक ग्रिनकार्ड' प्राप्त गर्दै अघिल्लो चरणमा प्रवेश गरेका छन्। पोखरा अडिसनबाट अभिनयमा १४, नृत्यमा १३ तथा गायनमा ४४ जना प्रतिभाले साप्ताहिक ग्रीनकार्ड पाएका छन्। त्यस्तै बुटवल अडिसनबाट अभिनयतर्फ ६, नृत्यतर्फ ४ तथा गायनतर्फ १२ जना प्रतिभा साप्ताहिक ग्रिनकार्ड हासिल गर्न सफल भएका छन्। नारायणघाट अडिसनबाट भने अभिनयतर्फ ५, नृत्यतर्फ ५ तथा गायनतर्फ ४५ जना प्रतिभा अघिल्लो चरणमा प्रवेश गरेका छन्। धरान अडिसनबाट अभिनयतर्फ ९, नृत्यतर्फ १२ तथा गायनतर्फ ६५ जना प्रतिभाले साप्ताहिक ग्रीनकार्ड प्राप्त गर्दै अघिल्लो चरणमा प्रवेश पाएका छन्।

खोजी प्रतिभाको कार्यक्रमको शीर्षक गीत 'खोजी प्रतिभाको...' पनि तयार पारिएको छ। गायिका जुना प्रसाईंको स्वरमा रेकर्ड गरिएको उक्त गीतका रचनाकार तथा संगीतकार सुरेश अधिकारी हुन्। अधिकारी कार्यक्रममा निर्णायकका रूपमा सहभागी छन्। माघको अन्तिम साता निर्णायक अडिसन हुने यो प्रतियोगितामा सांगीतिक समूह सुर ब्यान्डले पृष्ठभूमि संगीत दिनेछ।

# बालबालिका रमे चिल्ड्रेन एक्स्पोमा

**शिव मुखिया**

'आहा स्पाइडरम्यान !', 'उ यति आउँदैछ।' आफूसमानका साथी भेष बदलेर स्पाइडर म्यान र यतीको गेटअपमा भेटेपछि बालबालिकाहरू यसरी नै आश्चर्य र खुसी प्रकट गरिरहेका थिए। अनुहारमा ट्याटु खोपाउने र बेलुन उडाउनेहरू पनि आफ्नै सुरमा मस्त थिए। कोही खेलौना खेलिरहेका त कोही चित्रले भरिएका किताब पढिरहेका। यसरी नै रमाइरहेका भेटिए बालबालिकाहरू, त्रिपुरेश्वरस्थित डिइसिसीको प्रदर्शनी कक्षमा। उनीहरूको यो रमाइलो जमघटको अवसर जुराएको थियो डाइरेक्सन नेपालले। मेला गत बिहीबारदेखि चार दिनसम्म चलेको थियो।

तस्बिर : नवराज बाग्ले





मेलामा अधिकांश स्टल बालबालिकाकै निम्ति सजाइएको थियो। कुनै स्टलमा खेलकुदका सामग्री थिए भने कुनैमा मनोरञ्जनका। शिक्षामूलक सामग्रीका स्टल पनि उत्तिकै भेटिए। विद्यालयमा अध्ययनरत बालबालिकाहरू जाडो छुट्टी मनाइरहेका बेला आयोजित मेला ज्ञान, मनोरञ्जन र भेटघाटको उपयुक्त गन्तव्य बनेको थियो।

स-साना बालबालिकाको अर्थपूर्ण गतिविधिले तेस्रो चिल्ड्रेन एक्स्पोलाई सार्थक बनाएको आयोजक डाइरेक्सन नेपालका प्रबन्ध निर्देशक त्रैलोकेश्वर मल्लले बताए। 'मनोरञ्जनपूर्ण वातावरणमा बालबालिकाहरूले धेरै कुरा सिक्ने अवसर हो यो मेला', मल्लले साप्ताहिकसँग भने।

मेलामा बालबालिका लागि आवश्यक शैक्षिक सामग्री, पहिरन, खेलौना आदि उपलब्ध थिए। बालबालिकाको स्वस्थ्यसम्बन्धी परामर्श लिन सकिने मेलामा निःशुल्क दन्तपरीक्षण सेवा पनि उपलब्ध गराइएको थियो। चिल्ड्रेन रुमको नमुना, पढ्ने सामग्री, फर्निचरले मेलाको आकर्षण थपेको थियो। त्यसैगरी चिल्ड्रेन लाइब्रेरीदेखि मन्टेश्वरी सामग्रीले मेलालाई सार्थक गन्तव्य बनायो। 'बालबालिकाको शारीरिक तथा मानसिक विकासका लागि आवश्यक सम्पूर्ण कुरा पाउनु नै मेलाको बलियो पक्ष भएको' इभेन्ट म्यानेजर रमेश थापाले बताए।

मेलामा सिविन नेपालले इन्टरनेटबाट हुने खतरा र त्यसबाट बच्ने उपायका सम्बन्धमा अभिभावकहरूलाई सचेत गराएको थियो। सूचना प्रविधिको बढ्दो प्रयोगसँगै बालबालिकाहरू इन्टरनेटको माध्यमबाट कुलतमा फस्ने गरेको तथ्यांकलाई आधार बनाएर सिविनले त्यसका लागि अपनाउनुपर्ने सावधानीका सम्बन्धमा परामर्श दिएको थियो। त्यस्तै, बालबालिकाको सिर्जनात्मक क्षमतामा सहयोग पुर्‍याउने गतिविधिले बालमेलालाई 'फिका' हुन दिएन।

मेलाकै अवसरमा बालउत्सव तथा फेन्सी ड्रेस शो पनि सम्पन्न भएका थिए। बालउत्सवमा स-साना बालबालिकालाई विभिन्न प्रतिस्पर्धामा भाग लिन लगाइएको थियो। पाँचदिने क्याम्प सञ्चलान गरेर नमुना कलेज अफ फेसन डिजाइनले बालबालिकालाई र्‍याम्पमा उतारेको थियो। मेलाको तेस्रो दिन आयोजित फेन्सी फेसन शोमा ४८ जना बालबालिकाले क्याटवाक गरेर अभिभावकहरूको मन जितेका थिए।

































कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल**।